# नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका जडीबुटीहरुको प्रोफाइल




डा. मदन कुमार खड्का
कल्पना शर्मा (ढकाल)
डम्मर सिंह साउद

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**वनस्पति विभाग**
थापाथली, काठमाडौं
असार २०८३

# नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका जडीबुटीहरूको प्रोफाइल


डा. मदन कुमार खड्का

कल्पना शर्मा (ढकाल)

डम्मर सिंह साउद



नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

**वनस्पति विभाग**

थापाथली, काठमाडौं

असार २०८३

**सल्लाहकारः**
डा. सन्जीव कुमार राई, महानिर्देशक, वनस्पति विभाग
श्री मोहन देव जोशी, उप-महानिर्देशक, वनस्पति विभाग

**संस्करणः** प्रथम (२०८३)

**उद्धरणः** खड्का, मदन कुमार; ढकाल, कल्पना शर्मा; साउद, डम्मर सिंह (२०८३)। *नेपालको आर्थिक विकासका लागि योगदान पुर्‍याउने सम्भावना रहेका जडीबुटीहरूको प्रोफाइल*। वनस्पति विभाग।

**© सर्वाधिकारः** वनस्पति विभाग, थापाथली, काठमाडौं।

**प्रकाशित संख्याः** ५०० प्रति।

**ISBN:** 978-9937-9593-1-5

**आवरण पृष्ठः**

**अगाडिः** सतुवाको फल, सतुवाको काण्ड, जटामसीको काण्ड, धसिंगरेको सुगन्धित तेल, यार्सागुम्बा, टिमुरको फल, चुत्रोको जरा/काण्डबाट प्रशोधित पाउडर, सुगन्धकोकिलाको फल

**पछाडिः** बिक्रीका लागि बजारमा राखिएका जडीबुटीहरू

**मुद्रणः** एम.एस.अफसेट प्रेस, त्यौड-२७, काठमाडौं, फोन नं.: ५९०४३८८

**सम्पर्कः**
Email: info@dpr.gov.np
Tel.: 01-5351159, 01-5351161, 01-5361966, 01-5361967
Website: www.dpr.gov.np

# प्राक्कथन



विश्व मानचित्रमा सानो भए तापनि नेपाल जैविक विविधतामा निकै समृद्ध छ। वानस्पतिक विविधताको दृष्टिकोणले नेपाल प्राकृतिक जडीबुटीमा पनि धनी राष्ट्र हो। परम्पराकालदेखि नै समुदायस्तरबाट जडीबुटीको संरक्षण र उपयोग हुँदै आएको पाइन्छ। पछिल्लो समयमा विज्ञान तथा प्रविधिमा भएका नवीन खोज र अनुसन्धानको परिणामस्वरूप 'बायोप्रोस्पेक्टिङ' (Bioprospecting) र 'मेक इन नेपाल' जस्ता अवधारणाहरू मार्फत जडीबुटी क्षेत्रलाई देशको आर्थिक विकाससँग जोड्न सकिने प्रचुर सम्भावना छ। नेपालको हावापानीमा उत्पादित यस्ता जडीबुटीहरूको विश्वबजारमा छुट्टै पहिचान समेत भएकाले नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका जडीबुटीहरूको संरक्षण, खेती प्रविधि विकासको माध्यमबाट गुणस्तरीय र दिगो उत्पादन हुनु आवश्यक छ।

वि.सं. २०६१ सालमा तत्कालिन जडीबुटी एवं गैरकाष्ठ वन पैदावार समन्वय समितिद्वारा गठित वनस्पति विभाग संयोजक रहेको प्राविधिक उपसमितिले तय गरिएको आधारहरूलाई केही परिमार्जन गरी सोही अनुरुप छनौट गरिएका २५ प्रजातिका जडीबुटीहरूको विवरण संकलन गरी यो पुस्तक तयार गरिएको हो। यस पुस्तकमा नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका २५ वटा जडीबुटीहरूको परिचय, फैलावट, उपयोगिता, संकलन समय, उत्पादन तथा बजार अवस्था र संरक्षणको अवस्थाबारे संक्षिप्त रुपमा जानकारी समावेश गरिएको छ। यस पुस्तकको प्रकाशनबाट वानस्पतिक स्रोतको समयानुकूल विकास गरी सामाजिक-आर्थिक रुपान्तरणको संवाहक बन्न सक्ने अपेक्षा राखिएको छ। यस पुस्तकलाई पूर्णता दिन सान्दर्भिक सल्लाह र निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने यस विभागका उप-महानिर्देशक श्री मोहन देव जोशीलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै पुस्तक तयार गर्न आवश्यक सन्दर्भ सामग्रीहरूको अध्ययन, स्थलगत भ्रमण गरी राय सुझावहरू, तथ्याङ्क संकलन र विश्लेषण गरी लेखन कार्य गर्नु हुने यस विभाग जडीबुटी प्रवर्द्धन तथा विकास शाखाका वरिष्ठ वैज्ञानिक अधिकृत डा. मदन कुमार खड्का, वैज्ञानिक अधिकृत कल्पना शर्मा (ढकाल) र वनस्पति सहायक डम्मर सिंह साउदलाई धन्यवाद प्रकट गर्दछु। पुस्तक तयार गर्नका लागि आवश्यक तथ्याङ्क एवम् जानकारी उपलब्ध गराउनु हुने भन्सार विभाग, प्राकृतिक सम्पदा अनुसन्धानशाला, सिंहदरबार वैद्यखाना विकास समिति, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, डाबर नेपाल प्रा.लि., जडीबुटी व्यवसायी संघ नेपाल (HEAN), आयुर्वेदिक औषधी उत्पादक संघ (AMPAN), एन्साब नेपाल, आयुर्वेदिक औषधी कम्पनीहरू तथा विभिन्न संघसंस्थाहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु। जडीबुटी नमूनाको वैज्ञानिक पहिचानका लागि अनुसन्धान अधिकृत डा. तिर्थ राज पाण्डे र वैज्ञानिक अधिकृत रसिका काफ्लेलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस पुस्तकको सम्पादन कार्यमा संलग्न वरिष्ठ वैज्ञानिक अधिकृत शुक्र राज अधिकारी, वैज्ञानिक अधिकृतद्वय मोनिका दाहाल र निशान्त श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु। यस पुस्तकले जडीबुटी कृषक, संकलनकर्ता, जडीबुटी व्यापारी, प्रशोधनकर्ता, विद्यार्थीवर्ग, अनुसन्धानकर्ताहरू एवम् जडीबुटीसँग सरोकार व्यक्ति, निकाय, संघ, संस्था सबैलाई सहयोग पुऱ्याउनेछ भन्ने आशा लिएको छु। यस पुस्तक छपाई गरी सहयोग गर्ने एम.एस. अफसेट प्रेसलाई धन्यवाद दिन चाहन्छु र प्रस्तुत पुस्तकमा समसामयिक राय एवं सुझावको अपेक्षा गर्दछु।

**डा. सन्जीव कुमार राई**
महानिर्देशक
वनस्पति विभाग

# संक्षेपीकरण

| | | |
|---|---|---|
| AMPAN | : | Ayurved Medicine Producer Association of Nepal |
| ANSAB | : | Asia Network for Sustainable Agriculture and Bioresources |
| CBD | : | Convention on Biological Diversity |
| CIF | : | Cost, Insurance, and Freight |
| CITES | : | Convention on International Trade in Endangered Species of Wild Fauna and Flora |
| CNI | : | Confederation of Nepalese Industries |
| FMCGs | : | Fast moving consumer goods |
| F.Y. | : | Fiscal year |
| GACP | : | Good Agricultural and Collection Practices |
| GI | : | Geographical Indication |
| GoN | : | Government of Nepal |
| GMP | : | Good Manufacturing Practices |
| G to G | : | Government to Government |
| HEAN | : | Herbal Entrepreneurs Association of Nepal |
| HS code | : | Harmonized System Code |
| ITC | : | International Trade Centre |
| JABAN | : | Jadibuti Association of Nepal |
| Kg | : | Kilogram |
| MAPs | : | Medicinal and Aromatic Plants |
| MoU | : | Memorandum of Understanding |
| NEHHPA | : | Nepal Herbs and Herbal Products Association |
| NHPL | : | National Herbarium and Plant Laboratories |
| NPRL | : | Natural Products Research Laboratory |
| NTFPs | : | Non-Timber Forest Products |
| pH | : | potential of Hydrogen |
| spp. | : | species |
| TEPC | : | Trade and Export Promotion Centre |
| VAT | : | Value Added Tax |
| WTO | : | World Trade Organization |
| © | : | Copyright |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.ग्रा. | : | किलोग्राम |
| पृ. | : | पृष्ठ |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| मी. | : | मिटर |
| मी.मी. | : | मिलिमिटर |
| मे.टन | : | मेट्रिक टन |
| रु. | : | रुपैयाँ |
| से.मि. | : | सेन्टिमिटर |

# विषयसूची

**भाग एकः नेपालमा जडीबुटीको परिदृष्य**


१.१ जडीबुटीको परिचय र महत्व ........ १
१.२ जडीबुटीको व्यापारिक आयामः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्थाको समीक्षा ........ २
१.३ नेपालको आर्थिक विकासका लागि जडीबुटी क्षेत्रमा गरिएका प्रयासहरु ........ ६
१.४ नेपालको आर्थिक विकासको लागि जडीबुटीको सम्भावना र अवसरहरु ........ १०
१.५ जडीबुटी संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था ........ १२
१.५.१ नेपालको संविधान, २०७२ ........ १२
१.५.२ जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१ ........ १२
१.५.३ राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२ ........ १६
१.५.४ राष्ट्रिय वन नीति, २०७५ ........ १६
१.५.५ राष्ट्रिय कृषि वन नीति, २०७६ ........ १७
१.५.६ औद्योगिक नीति, २०६७ ........ १७
१.५.७ वाणिज्य नीति, २०८१ ........ १७
१.५.८ सोह्रौ योजना (२०८१/०८२-२०८५/०८६) ........ १८
१.५.९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ १८
१.५.१० वन ऐन, २०७६ ........ १९
१.५.११ वन नियमावली, २०७९ ........ १९
१.५.१२ वन सम्बन्धी प्रदेशगत कानूनी व्यवस्था ........ २०
१.५.१३ वातावरण संरक्षण नियमावली, २०७७ ........ २३
१.५.१४ नेपाल व्यापार एकीकृत रणनीति, २०८० ........ २५
१.५.१५ कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ ........ २७
१.५.१६ जडीबुटी प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७६ ........ २७
१.५.१७ जडीबुटीको व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७ ........ २७
१.६ जडीबुटी संरक्षण, संवर्धन तथा बजारीकरणमा रहेका समस्याहरु तथा भावी कार्यदिशा ........ २७
२.१ आर्थिक विकास तथा व्यापारिक महत्व भएका जडीबुटी प्राथमिकीकरणका आधारहरु ........ ३०
२.२ प्रजातिको सम्भावित फैलावट नक्सा तयारका आधार ........ ३१


**भाग दुईः नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका जडीबुटीहरुको संक्षिप्त जानकारी**


१. अतिस ........ ३४
२. अमला ........ ३६
३. काउलो ........ ३८
४. काकोली/वनलसुन ........ ४०

५. कालीकाठ/वायुविडङ्ग ......................................................................... ४२
६. कुट्की ......................................................................... ४५
७. कुरिलो/सतावरी ......................................................................... ४७
८. चिराइतो ......................................................................... ४९
९. चुत्रो ......................................................................... ५१
१०. जटामसी ......................................................................... ५३
११. टिमुर ......................................................................... ५५
१२. तेजपात ......................................................................... ५७
१३. धसिंगरे ......................................................................... ५९
१४. पदमचाल ......................................................................... ६१
१५. पाषणभेद ......................................................................... ६३
१६. बर्रो ......................................................................... ६५
१७. मजिठो ......................................................................... ६७
१८. यार्सागुम्बा ......................................................................... ६९
१९. रिट्ठा ......................................................................... ७१
२०. सतुवा ......................................................................... ७३
२१. सातगाँठे/जिन्सेंग ......................................................................... ७५
२२. सुगन्धकोकिला ......................................................................... ७७
२३. सुगन्धवाल ......................................................................... ७९
२४. सेतकचिनी ......................................................................... ८१
२५. हर्रो ......................................................................... ८३
सन्दर्भ सामग्रीहरु ......................................................................... ८५
अनुसूची १ : नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटीहरु ......................... ८९
अनुसूची २ : खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त जडीबुटीहरु ......................... ९०
अनुसूची ३ : कृषि उपज सरह संकलन, बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति ......................... ९१
अनुसूची ४ : आयुर्वेदिक उद्योग तथा जडीबुटी प्रशोधन कम्पनी सम्बन्धी विवरण ......................... ९२
अनुसूची ५ : नेपालमा आयात भइरहेका खेती गर्न सकिने जडीबुटीहरु ......................... ९६
अनुसूची ६ : वन नियमावली, २०७९ (अनुसूची-७ जडीबुटीको नाम र मूल्य दर) ......................... ९८
अनुसूची ७ : जडीबुटी खेतीको लागि छनौट गरिएका प्रजातिहरु ......................... १०९
अनुसूची ८ : विभिन्न भौगोलिक क्षेत्रमा खेती गर्न सकिने जडीबुटीहरु ......................... ११०
अनुसूची ९ : प्रतिबन्धित वन पैदावार ......................... १११

# भाग एक:

# नेपालमा जडीबुटीको परिदृष्य

## १.१ जडीबुटीको परिचय र महत्व

विश्वको उच्चतम हिमशिखर सगरमाथालाई अँगाल्दै, पूर्व-पश्चिम सरदर ८८५ कि.मी. लम्बाई र उत्तर-दक्षिण १९३ कि.मी. चौडाईमा फैलिएर रहेको नेपालले विश्वको कुल भू-भागको करिब ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भाग ओगटेको भए तापनि यहाँको हावापानी र भौगोलिक विविधताले गर्दा जैविक विविधतामा नेपाल विश्वको ४९ औं स्थानमा रहेको छ। विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत वनस्पति प्रजाति नेपालमा पाइन्छ।

नेपालमा तराईको समथर भू-भागदेखि करिब ५,००० मिटर उचाइसम्म विभिन्न प्रकारका जडीबुटी तथा सुगन्धित वनस्पतिहरू पाइन्छन्। विशेष गरी पहाडी तथा हिमाली क्षेत्र बहुमूल्य जडीबुटीहरूको प्रमुख भण्डारका रूपमा परिचित छन्। नेपालका जडीबुटी तथा सुगन्धित वनस्पति (Medicinal and Aromatic Plants–MAPs) सम्बन्धी विभिन्न अध्ययन तथा प्रकाशनहरूमा फरक-फरक संख्यामा प्रजातिहरू उल्लेख गरिएको पाइन्छ। सन् २००२ मा प्रकाशित Plants and People of Nepal पुस्तकमा १,५०० वनस्पति प्रजातिहरूको उपयोगबारे वर्णन गरिएको छ भने सन् २००६ मा प्रकाशित A Compendium of Medicinal Plants in Nepal पुस्तकमा १,७९२ जडीबुटी प्रजातिहरू सूचीकृत गरिएको छ। त्यसैगरी सन् २०१६ मा वनस्पति विभागद्वारा प्रकाशित Medicinal Plants of Nepal पुस्तकमा ८१९ जडीबुटी प्रजातिहरू सूचीकृत गरेको छ भने सन् २०२२ मा प्रकाशित Plants of Nepal (Gymnosperms and Angiosperms) पुस्तकमा २,०६९ जडीबुटी तथा सुगन्धित वनस्पति (MAPs) रहेको उल्लेख गरिएको छ। यी वनस्पति मध्ये प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट करिब ३५० प्रजातिको रसायनिक परीक्षण समेत भइसकेको छ।

जडीबुटी संस्कृतको '**जड**' र '**बटी**' शब्दबाट बनेको पाइन्छ। '**जड**' भन्नाले जरा र '**बटी**' भन्नाले गोली तथा मात्राको बोध गराउँदछ भने '**बुटी**' शब्दले नेपालीमा झारपात तथा बोटबिरुवा बुझाउँदछ। तसर्थ बोटबिरुवा र झारपातका जरा जसबाट औषधीको मात्रा बन्दछन् र रोगलाई जरैदेखि निर्मूल गर्छ त्यसलाई जडीबुटी भनिन्छ। विभिन्न आयुर्वेदका ग्रन्थ अनुसार स्वास्थ्य रक्षा र रोग निदानको लागि प्रयोग गरिने विशिष्ट तत्व भएका वनस्पतिको कुनै भाग (जरा, काण्ड, बोक्रा, हाँगा, पात, फूल, फल, बीउ, रस, गम वा यस्तै अन्य पदार्थ), सारतत्व वा अवयव तथा वन्यजन्तुको आखेटोपहार लगायत अन्य सबै जैविक उत्पत्तिका वस्तुलाई जडीबुटीको रुपमा लिइएको पाइन्छ। नेपाल सरकारले आर्थिक विकासका लागि प्राथमिकता प्राप्त ३३ जडीबुटी प्रजाति र खेती प्रविधि अनुसन्धान कार्यका लागि प्राथमिकता प्राप्त १३ जडीबुटी प्रजातिलाई सूचीकृत गरेको छ। त्यसै गरी वन नियमावली, २०७९ को अनुसूची ७ मा वनस्पतिको प्रयोग हुने भाग अनुसार सात वर्गमा ३१८ वटा जडीबुटीहरूको सूची र राजश्व दस्तुर तोकिएको छ भने अनुसूची ४८ मा निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह संकलन, बिक्री र ओसारपसार गर्न सकिने २३ वटा जडीबुटी प्रजाति सूचीकृत गरिएको छ।

नेपालमा अधिकांश जडीबुटीहरू राष्ट्रिय वन क्षेत्रबाट संकलन गरिन्छ। केही जडीबुटीहरू जस्तैः तेजपात, कुरिलो, टिमुर, सुगन्धकोकिला, चिराईतो, रिठ्ठा आदि खेतीबाट संकलन हुने गरेको

पाइन्छ । जडीबुटीको निरन्तर उत्पादन लिनका लागि चक्रिय प्रणाली बमोजिम प्रजातिको जीवन चक्र र संकलन गर्ने भागको आधारमा १०-७५ प्रतिशत मात्र संकलन गरी दिगो संकलन पद्धतिको अवलम्बन गर्नु पर्दछ । खेती गरिएका जडीबुटीहरूको हकमा पनि गुणस्तरीय कच्चा पदार्थको आपूर्ति, भौतिक तथा रसायनिक दुवै हिसाबले अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको गुणस्तर सुनिश्चितका लागि पनि यी कुराहरूले सहयोग पुऱ्याउँछन् ।

## १.२ जडीबुटीको व्यापारिक आयामः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्थाको समीक्षा

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जडीबुटी तथा सुगन्धित वनस्पतिको महत्व निरन्तर रुपमा बढ्दै गएको देखिन्छ । विश्वव्यापी रुपमा प्राकृतिक चिकित्सा, हर्बल उत्पादन, सौन्दर्य सामग्री तथा सुगन्धित तेलको प्रयोग बढ्दै जाँदा जडीबुटी तथा सुगन्धित वनस्पतिको व्यापारमा उल्लेखनीय विस्तार भएको छ । International Trade Centre (ITC, 2025) का अनुसार सन् २०१० देखि २०२५ सम्मको अवधिमा जडीबुटी (HS 121190) को विश्वव्यापी आयात मूल्य करिब दोब्बर भन्दा बढी वृद्धि भएको छ । उक्त अवधिमा विश्व आयात मूल्य करिब २,०६६ मिलियन अमेरिकी डलरबाट १३१ प्रतिशतले वृद्धि भई ४,७७० मिलियन अमेरिकी डलर पुगेको देखिन्छ (चित्र १) ।




**चित्र १ : विश्व बजारमा जडीबुटीजन्य उत्पादनको आयात अर्थतन्त्र** [Products: Other plants or parts, of a kind used in perfumery, pharmacy etc. (excluding ginseng roots, coca leaf, poppy straw, ephedra and bark of African cherry) (HS Code: 121190)] (स्रोतः ITC)

यस अवधिमा MAPs को विश्व आयात बजारमा केही प्रमुख देशहरूको प्रभुत्व रहेको देखिन्छ, जसमा सन् २०२५ मा जर्मनी सबैभन्दा ठूलो आयातकर्ता देशको रूपमा उभिएको छ भने त्यसपछि संयुक्त राज्य अमेरिका, जापान, चीन, भारत प्रमुख पाँच आयातकर्ता देशहरूमा परेका छन् (चित्र २) ।




चित्र २ : विश्व बजारमा जडीबुटीजन्य उत्पादन आयातकर्ता प्रमुख देश [Products: Other plants or parts, of a kind used in perfumery, pharmacy etc. (excluding ginseng roots, coca leaf, poppy straw, ephedra and bark of African cherry) (HS Code: 121190)] (स्रोत: ITC)

विश्व बैंकको एक अध्ययन अनुसार सन् २०५० सम्म जडीबुटी तथा सुगन्धित वनस्पतिको विश्वव्यापी कारोबार ५० खर्ब अमेरिकी डलरसम्म पुग्ने प्रक्षेपण गरिएको छ। यसले भविष्यमा जडीबुटी क्षेत्रको व्यापारिक सम्भावना अझ व्यापक रहेको संकेत गर्दछ।

नेपालको सन्दर्भमा पनि जडीबुटी व्यापारले महत्वपूर्ण आर्थिक सम्भावना बोकेको देखिन्छ। International Trade Centre (ITC, २०२५) का अनुसार सन् २०१० देखि २०२५ सम्मको अवधिमा नेपालबाट जडीबुटीजन्य उत्पादनको निर्यात मूल्य करिब तेब्बर भन्दा बढी वृद्धि भएको छ। उक्त अवधिमा करिब ६ मिलियन अमेरिकी डलरबाट २०६ प्रतिशतले वृद्धि भई १९ मिलियन अमेरिकी डलर बराबरको जडीबुटीहरू निर्यात भएको देखिन्छ। सन् २०२५ मा नेपालबाट १५ हजार मेट्रिक टन (विश्व निर्यातको ०.४%) जडीबुटीजन्य उत्पादन (HS 1211) को निर्यात गर्दै नेपाल ४५ औं स्थानमा रहेको छ। नेपालले निर्यात गर्ने देशमा सबैभन्दा बढी भारतमा ६९% निर्यात गरेको देखिन्छ भने त्यसपछि पाकिस्तान १४%, सिङ्गापुर १०%, चाइना ३.५% र अन्य देशहरूमा ३.५% निर्यात गरेको देखिन्छ (चित्र ३)।




चित्र ३ : सन् २०२५ मा नेपालबाट जडीबुटीजन्य उत्पादन निर्यात भएका प्रमुख देश [Products: Other plants or parts, of a kind used in perfumery, pharmacy etc.) HS Code: 1211)] ] (स्रोत: ITC)

विगत पाँच वर्षको निर्यात र आयात तथ्याङ्क विश्लेषण गर्दा नेपालमा

जडीबुटीको निर्यात क्रमश: बढ्दै गएको र आयात घट्दो क्रममा रहेको पाइन्छ । नेपालबाट प्रतिवर्ष ६ हजारदेखि ११ हजार टनसम्मको जडीबुटी मात्र (सुगन्धित तेल बाहेक) विदेश निकासी भएको र रु. १.५ अरब भन्दा बढीको आर्थिक कारोबार हुने देखिएको छ (चित्र:४) ।




चित्र ४ : नेपालबाट जडीबुटीजन्य उत्पादन निर्यात विवरण [Products: Other plants or parts, of a kind used in perfumery, pharmacy etc. (HS Code: 12119090) लगायत Yarchhagumba (HS Code: 12119010), Ginseng roots, of a kind used in perfumery pharmacy etc. (HS Code: 12112000) र Ephedra (HS Code: 12115000) (स्रोत: भन्सार विभाग)

त्यसैगरी रु. २० करोड भन्दा बढी मूल्य बराबरको १ हजार देखि २ हजार टनसम्मको जडीबुटीमात्र (सुगन्धित तेलबाहेक) विदेशबाट आयात गरिएको देखिन्छ (चित्र:५) ।




चित्र ५: नेपालमा जडीबुटीजन्य उत्पादन आयात विवरण (स्रोत: भन्सार विभाग) ।

अन्तर्राष्ट्रिय क्षेत्रमा हुने मूल्यको हेरफेर, उपयोगको क्षेत्र परिवर्तन, सामाजिक व्यवहार आदिका कारणले जडीबुटीहरूको व्यापारिक महत्वमा घटबढ हुने भए पनि नेपालबाट निकासी भई उपयोग र व्यापारमा आएका मुख्य जडीबुटीहरूमा अतिस, यार्सागुम्बा, सतावरी, पाषाणभेद, तेजपात, जटामसी, सतुवा, कुट्की, मजिठो, रिट्ठा, चिराइतो, सुगन्धवाल र टिमुर पर्दछन् । मेन्था, लेमनग्रास, पामारोजा, सिट्रोनेला, क्यामोमाइल जस्ता आयातित जडीबुटी तथा सुगन्धित तेलयुक्त बिरुवाहरू खेतीबाट उत्पादन भइरहेका छन् ।

भन्सार विभागको तथ्याङ्क अनुसार विगत ९ वर्ष (२०७३/०७४-०८१/०८२) मा नेपालबाट १२४ भन्दा बढी प्रजातिका जडीबुटीहरूको व्यापार (निकासी र पैठारी) भएको देखिन्छ । माग र आपूर्तिका हिसाबले टिमुर, यार्सागुम्बा, रिट्ठा, जटामसी, तेजपात र दालचिनी बोक्रा, काउलोको बोक्रा, कुट्की, चिराइतो, चुत्रो, पदमचाल, पाषाणभेद र सेतकचिनी उच्च व्यापारिक महत्व भएका जडीबुटी अन्तर्गत पर्दछन् । सबैभन्दा बढी निर्यात हुनेमा तेजपात, रिट्ठा, सेतकचिनी, टिमुर रहेका छन् । परिमाणको आधारमा तेजपात (औसतमा १,६०० मेट्रिक टन प्रति वर्ष) र मूल्यको आधारमा टिमुर (औसतमा

४० करोड रुपैयाँ प्रति वर्ष) सबैभन्दा बढी निर्यात भएको देखिन्छ। त्यसैगरी परिमाणको आधारमा हर्रो, बर्रो र निसोथ सबैभन्दा बढी आयात भएको देखिन्छ। अति उच्च मूल्य र स्थिर बजार भएका जडीबुटीहरूको संख्या भने निकै कम रहेको पाइन्छ। विदेश निकासीका लागि प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट सिलबन्दी गरिएका वनस्पतिजन्य सुगन्धित तेलहरू (Essential Oils) को ५ वर्ष (२०७७/०७८-०८१/०८२) को तथ्याङ्क हेर्दा अन्य सुगन्धित तेलहरुको तुलनामा धसिंगरेको तेल सबै भन्दा बढी निर्यात भएको देखिन्छ (तालिका १)।

**तालिका** १: विदेश निकासीका लागि प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट सिलबन्दी गरिएका वनस्पतिजन्य सुगन्धित तेलहरु (Essential Oils) को परिमाण।

| २०७७/०७८ | | २०७८/०७९ | | २०७९/०८० | | २०८०/८१ | | २०८१/०८२ | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुगन्धित तेल | परिमाण (Kg) | सुगन्धित तेल | परिमाण (Kg) | सुगन्धित तेल | परिमाण (Kg) | सुगन्धित तेल | परिमाण (Kg) | सुगन्धित तेल | परिमाण (Kg) |
| Wintregreen | 19456.55 | Wintregreen | 16064.98 | Wintergreen | 10581.8 | Wintergreen | 6453 | Jatamansi Oil | 4193 |
| Palmarosa | 1656 | Lemongrass | 1410 | Palmarosa | 774 | Lemongrass | 832 | Wintergreen | 2023 |
| Lemongrass | 1572 | Palmarosa | 1215 | Lemongrass | 460 | Cedarwood | 632 | Cedarwood | 695 |
| Cedarwood | 1136.5 | Citronella | 791 | Eucalyptus | 436 | Turmeric | 500 | Mentha | 447 |
| Citronella | 807.6 | Cedarwood | 588 | Cedarwood | 300 | Juniper | 388 | Citronella | 359 |
| Juniper | 575.25 | Juniper | 345 | Citronella | 262 | Palmarosa | 188 | Juniper | 261 |
| Chamomile | 211.75 | Turmeric | 337.9 | Juniper | 105 | Mentha | 186 | Lemongrass | 222 |
| Anthopogon | 167.2 | Mentha | 207 | Abies | 50 | Citronella | 129 | Turmeric | 204 |
| Bhojho | 93 | Abies | 166.5 | Artemisia | 46 | Juniper | 115 | Palmarosa | 104 |
| Cinnamon tamala | 82.35 | Eucalyptus | 110 | | | Xanthoxylum | 115 | Sugandhkokila | 100 |
| Turmeric | 70.95 | Chamomile | 81.5 | | | Cinnamomum | 109 | Eucalyptus | 88 |
| Xanthoxylum | 54 | Cinnamon tamala | 79 | | | Artemisia | 65 | Chamomile | 48 |
| Mentha | 46.25 | Artemisia | 77.5 | | | Chamomile | 50.5 | Artemisia | 40 |
| Basil | 42 | Anthopogon | 73 | | | Anthopogon | 48 | Tea tree | 30 |
| Valerian | 32.15 | Himlayan fir | 50 | | | Eucalyptus | 18 | | |
| Zeodary | 17 | Xanthoxylum | 15 | | | Patchouli | 6.5 | | |
| Artemisia | 16 | Basil | 14 | | | Himalayan Cypress | 5 | | |
| Abies | 16 | Bhojho | 13 | | | Bhojo | 2 | | |
| Curcuma | 10 | Sugandhakokila | 10 | | | Himalayan Silver Fir oil | 2 | | |
| Eucalyptus | 7 | Valerian | 7 | | | Abies | 2 | | |
| Pachauli | 5 | Zeodary | 5 | | | Basil | 1 | | |
| Blue Pine | 2 | Rosemary | 5 | | | | | | |
| Curry leaf | 2 | Pachauli | 1 | | | | | | |
| **Total** | **26078.55** | | **21666.38** | | **13014.8** | | **9847** | | **8814** |

Note: तालिकामा उल्लिखित परिमाणले नेपालबाट विदेश निकासी हुने सुगन्धित तेलको सम्पूर्ण परिमाणलाई भने जनाउँदैन।

स्रोतः वार्षिक प्रतिवेदन, वनस्पति विभाग।

आरोग्य जीवनशैली अपनाउनका लागि जडीबुटीमा आधारित वस्तुहरूको परिपूर्ति गर्न सरकारी तथा गैर सरकारी स्तरमा विभिन्न आयुर्वेदिक कम्पनीहरू सञ्चालनमा रहेका छन् (अनुसूची ४)। विगतमा जडीबुटीको व्यापार मुख्यतया राष्ट्रिय वनबाट संकलित उपजमा मात्र सीमित रहेकोमा पछिल्ला नीति तथा नियमहरूले जडीबुटीको व्यावसायिक खेतीतर्फ जनसमुदायलाई आकर्षित गर्न महत्वपूर्ण भूमिका

निर्वाह गरेका छन् । जसको फलस्वरुप हाल चिराइतो, सतावरी, सतुवा, सुगन्धवाल, सुगन्धकोकिला, टिमुर, तेजपात जस्ता जडीबुटीहरूको व्यवसायिक खेतीतर्फ किसानहरूको आकर्षण बढ्दै गएको पाइन्छ । अत्याधिक मागका कारण प्राकृतिक स्रोतबाट जडीबुटीहरूको अवैज्ञानिक तरिकाले संकलन हुँदा केही उच्च मूल्यका जडीबुटीहरूको प्राकृतिक भण्डारमा ह्रास हुँदै गइरहेको समस्या देखापरे पश्चात् यस्ता जडीबुटीहरूको संकलनमा प्रतिबन्ध लगाउनुपर्ने बाध्यता रहन गएको छ । त्यसैगरी स्वदेशमै जडीबुटीहरूको मूल्य अभिवृद्धि गर्न सकेमा उचित मूल्य प्राप्त हुनुका साथै रोजगारीको समेत वृद्धि हुने सोचले सरकारले केही जडीबुटीहरू प्रशोधन गरेर मात्रै निकासी गर्न पाउने गरी नियम बनाएको छ ।

## १.३ नेपालको आर्थिक विकासका लागि जडीबुटी क्षेत्रमा गरिएका प्रयासहरू

जडीबुटी नेपालको आर्थिक विकासका लागि प्रचुर सम्भावना भएको प्राकृतिक सम्पदा हो । नेपाल सरकारले विभिन्न आर्थिक वर्षका बजेट मार्फत् जडीबुटी खेती, प्रशोधन र निर्यातलाई प्राथमिकता दिएको छ। वन तथा वातावरण सम्बन्धी नीतिहरूमा जडीबुटी खेतीमा निजी क्षेत्रको लगानी प्रोत्साहन, अनुसन्धान, प्रविधि विकास र हस्तान्तरण, मूल्य अभिवृद्धि गर्ने उद्योगका लागि अनुदान र पूर्वाधार निर्माण जस्ता प्रावधानहरू समावेश भएका छन् । यसले जडीबुटीलाई उद्योगसँग जोडेर राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ । नेपालमा जडीबुटी खेती (औषधीजन्य तथा सुगन्धित वनस्पति) विस्तार र प्रवर्द्धनका लागि विभिन्न तहमा सार्वजनिक, निजी क्षेत्र, सहकारी तथा स्थानीय समुदायबाट विभिन्न प्रयासहरू भइरहेका छन् । हालसम्मका प्रयासहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः

| निकाय/संघ/संस्था | प्रयासहरू |
|---|---|
| वनस्पति विभाग | • नेपालमा पाइने वानस्पतिक स्रोतको विविधताको अन्वेषण, संकलन, पहिचान, नमुनाहरूको संरक्षण, अध्ययन, अनुसन्धान<br>• जडीबुटीमा विद्यमान रासायनिक तत्वहरूको अध्ययन अनुसन्धान विश्लेषण तथा प्रमाणीकरण<br>• जडीबुटी नर्सरी स्थापना, बिरुवा वितरण, खेती विस्तार, तालिम/प्रशिक्षण/अभिमुखिकरण<br>• स्व-स्थानीय र पर-स्थानीय वंशाणु स्रोत संरक्षण तथा व्यवस्थापन<br>• दिगो उपयोग, आयमूलक रोजगार सृजना गर्ने तथा औद्योगिकीकरणका लागि परामर्श सेवा प्रदान<br>• सहकारी, सामुदायिक वन समूह, जडीबुटी कृषकहरु आदिलाई जडीबुटी खेती र प्रशोधन केन्द्र स्थापना गर्न अनुदान<br>• साइटिस व्यवस्थापन निकायले अध्ययन, अनुसन्धान, संरक्षण आदिका लागि परामर्श माग गरेको अवस्थामा परामर्श उपलब्ध गराउने |

| निकाय/संघ/संस्था | प्रयासहरू |
|---|---|
| | • दिगो संकलन तथा व्यापार प्रवर्द्धनका लागि नन डेट्रीमेन्टल फाइण्डिङ (Non–Detrimental Finding) प्रतिवेदन बनाउने र अनुगमन गर्ने<br>• सरोकार निकाय वा संघसंस्थालाई अध्ययन, अनुसन्धान तथा संरक्षणका लागि प्रोत्साहन गराउने |
| वन तथा भू-संरक्षण विभाग | • दिगो रुपले उन्नत तथा गुणस्तरीय बीउ उत्पादन गरी वृक्षारोपणको लागि उपलब्ध गराउन वन बीउ बगैंचा स्थापना र व्यवस्थापन<br>• सङ्कटपूर्ण अवस्थामा रहेका प्रजातिहरुको संरक्षण, अनसुन्धान तथा व्यवस्थापन<br>• संकलन र बिक्री गर्नुपूर्व कृषकबाट प्राप्त भएका अनुमति मागका आधारमा अनुमति प्रदान गर्ने र आवश्यकता अनुसार कोटा, संकलन मात्रा पहिचान आदि कार्यमा सहजीकरण<br>• व्यापार सहजीकरणका लागि कृषक, संकलक, व्यापारी र प्रशोधन केन्द्रसँग समन्वय |
| सिंहदरबार वैद्यखाना विकास समिति | • १४१ भन्दा बढी प्रकारका जडीबुटीहरुको प्रयोग गरी १०५ प्याकेजिङ आकारमा च्यवनप्राश, अविपत्तिकर चूर्ण, सितोपलादी चूर्ण, त्रिफलासहित ८४ प्रकारका आयुर्वेदिक औषधी उत्पादन<br>• आ.व. २०८२/०८३ जेठसम्ममा रु.१२ करोड ३० लाख रुपैयाँ बराबरको कारोवार भएसँगै अघिल्ला आ.व.को तुलनामा बढ्दो क्रममा रहेको<br>• आयुर्वेदिक सूत्रहरुको वैज्ञानिक परीक्षण<br>• सरकारदेखि सरकार (G to G) मोडलमा आयुर्वेदिक औषधी आपूर्ति<br>• बिक्री कक्ष मार्फत् उत्पादित औषधीको बिक्री वितरण र आयुर्वेदिक चिकित्सा सम्बन्धी सामान्य परामर्श सेवा प्रदान |
| जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड | • औषधीयुक्त एवं सुगन्धित जडीबुटीहरु वैज्ञानिक पद्धतिबाट खेती र संकलन गरी/गराई ती जडीबुटीहरु प्रशोधन गरी जडीबुटीमा आधारित उपभोग्य सामग्री (Fast moving consumer goods–FMCGs) उत्पादन<br>• जडीबुटीको संरक्षण, प्रवर्द्धन, संवर्धन र विकास<br>• निजी स्तरका कृषक, उद्यमी र व्यवसायीहरुलाई साधारण प्राविधिक सहयोग गरी, जडीबुटीको खेती र प्रशोधनका कार्यहरु स्थानीय रुपमा गराई, उनीहरुद्वारा उत्पादित तेल तथा सारजन्य तत्वहरु खरिद गरिने सुनिश्चितता (Buy back guarantee) प्रदान<br>• सुगन्धित तेलजन्य जडीबुटीहरू (मेन्था, क्यामोमाईल, लेमनग्रास, सिट्रोनेला, पामारोजा, फ्रेन्च बेसिल) को खेती विस्तार<br>• आर्थिक विकासका लागि प्राथमिकता प्राप्त उच्च महत्व भएका |

| निकाय/संघ/संस्था | प्रयासहरू |
|---|---|
| | जडीबुटीहरू जस्तैः अश्वगन्धा, अमला, नीम जस्ता जडीबुटीहरूको खेतीको सुरुवात<br>• बजारको मागलाई मध्यनजर गरी कुरिलो, सर्पगन्धा, पिपला, रोजमेरी, तितेपातीको अनुसन्धानात्मक खेतीको सुरुवात |
| भन्सार विभाग | • जडीबुटीजन्य वस्तुहरुको छुट्टै HS code निर्धारण गरी Nepal National Single Window मार्फत् निकासी पैठारीमा सहजीकरण |
| व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र/Trade and Export Promotion Centre (TEPC) | • नेपाल सरकारलाई व्यापार तथा निर्यातको विकास र विस्तारका लागि नीतिहरू तर्जुमा गर्न सुझाव प्रदान<br>• कृषिमा आधारित तथा अन्य उत्पादनहरूको आन्तरिक र बाह्य बजार विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकासमार्फत् गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग<br>• खरिदकर्ता/बिक्रेताबीच सम्पर्क र समन्वय कायम गर्ने र तालिम सेमिनार तथा कार्यशालाहरू सञ्चालन |
| प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र | • कृषि तथा वनजन्य वस्तुहरुको ओसारपोसार गर्दा नेपालको सिमा क्षेत्रभित्र रहेका वानस्पतिक/जैविक विविधताको स्वास्थ्यमा पर्न सक्ने जोखिमलाई कम गरी सुरक्षित व्यापार सहजीकरण गर्ने र बिरुवाका शत्रुजीवहरुको अध्ययन गरी विभिन्न प्रकाशन |
| आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | • आयुर्वेद लगायत औषधीहरूको गुणस्तर मापदण्ड निर्धारण<br>• आयुर्वेद औषधी उद्योग सञ्चालन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण<br>• जडीबुटी खनिज तथा जान्तव सम्बन्धी औषधीय अनुसन्धानमा सहयोग<br>• जडीबुटी एवं कच्चापदार्थको गुणस्तर निर्धारण एवं नियमन तथा विदेशबाट आयात हुने वा स्वदेशमा निर्माण गरिने आयुर्वेदिय औषधीहरूको गुणस्तर निर्धारण |
| नेपाल बीमा प्राधिकरण | • जडीबुटी खेतीमा हुने क्षति विरुद्ध बीमा गर्नका लागि हालसम्म टिमुर (लागत र उत्पादनमा आधारित) र मेन्था (उत्पादनमा आधारित) को बीमालेख जारी |
| प्रदेश सरकार | • जडीबुटी सम्बन्धी अध्ययन, अनुदान र तालिम मार्फत् जडीबुटी खेती, नर्सरी स्थापना तथा दिगो संकलन र संरक्षण कार्यलाई प्रवर्द्धन<br>• प्रशोधन केन्द्र स्थापना तथा बजार विस्तार |
| स्थानीय तह | • जडीबुटीको प्राकृतिक वासस्थानको संरक्षण गर्दै युवा तथा महिलालाई जडीबुटी खेतीमा प्रोत्साहन<br>• किसानलाई अनुदान, प्रविधि र तालिम दिई पकेट क्षेत्र विकास तथा सहकारी र उद्योगसँग जोडेर प्रशोधन एवं बजार विस्तार |
| डिभिजन वन कार्यालय | • जडीबुटी स्रोत पहिचान, प्राकृतिक वासस्थान संरक्षण र खेती प्रवर्द्धन |

| निकाय / संघ / संस्था | प्रयासहरू |
|---|---|
| | • दिगो संकलन, तालिम, अनुगमन, अनुमति प्रणाली र अभिलेखीकरण द्वारा जडीबुटीको ओसारपसार र व्यापारमा सहजीकरण |
| नेपाल उद्योग परिसंघ / Confederation of Nepalese Industries (CNI) | • समृद्ध अर्थतन्त्रको आधारका लागि कानूनमा सुधार गरिनुपर्ने विषयहरुको उठान<br>• नेपालको अर्थतन्त्र सुदृढ बनाउन गरिनु पर्ने प्रारम्भिक सुधारका विषयहरुमा व्यवसायिक सम्भाव्यता रहेका जंगली जडीबुटीहरुलाई समेत खेती गर्ने नीति सहित यस्ता जडीबुटी खेतीहरुलाई प्रोत्साहन गर्न नेपाल सरकारलाई सुझाव |
| नेपाल जडीबुटी व्यवसायी संघ/ Jadibuti Association of Nepal (JABAN) | • नेपालमा जडीबुटी तथा औषधीय र सुगन्धित वनस्पति (MAPs) व्यापार प्रवर्द्धन<br>• जडीबुटी संरक्षण, संकलन र दिगो उपयोगलाई प्रवर्द्धन |
| जडीबुटी व्यवसायी संघ नेपाल/ Herbal Enterpreneurs Association of Nepal (HEAN) | • जडीबुटी उद्यमीहरुलाई एकताबद्ध गर्दै जडीबुटी व्यवसायको प्रवर्द्धनका लागि कार्य गर्नुका साथै नेपालमा हर्बल उत्पादनहरुको सुनिश्चत भविष्य संरक्षण तथा विकास |
| नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ/ Nepal Herbs and Herbal Products Association (NEHHPA) | • जडीबुटी तथा जडीबुटीजन्य उत्पादनहरूको दिगो, लाभदायक व्यवसायिकरण मार्फत् आर्थिक विकासमा योगदान<br>• Medicinal and Aromatic Plants सम्बद्ध उद्यमी/व्यवसायीहरूको प्रवर्द्धनका लागि सहकार्य |
| आयुर्वेदिक औषधी उत्पादक संघ नेपाल/ Ayurved Medicine Producer Association of Nepal (AMPAN) | • आयुर्वेदिक औषधीको प्रयोगलाई प्रोत्साहन र उत्पादित आयुर्वेदिक औषधीहरूको गुणस्तर विकास<br>• आयुर्वेदिक औषधी उत्पादकहरूको हकहितको संरक्षणका लागि वकालत |
| Asia Network for Sustainable Agriculture and Bioresources (ANSAB) | • जडीबुटी सम्बन्धी अध्ययन अनुसन्धानमूलक कार्य<br>• जडीबुटी खेती, संकलन सम्बन्धी प्रचार प्रसार सामग्री प्रकाशन तथा क्षमता विकस<br>• नेपालको पश्चिम तराई क्षेत्र (कञ्चनपुर, कैलाली, बाँके, दाङ, प्युठान, सुर्खेत, नवलपुर) मा मेन्था, क्यामोमाइल, लेमनग्रास, सिट्रोनेला, पाल्मारोजा, टिमूर, कुरिलो, मोरिङ्गा, चिउरी जस्ता जडीबुटी प्रजातिहरुको ५०० हेक्टर भन्दा बढी क्षेत्रफलमा व्यावसायिक खेती विस्तार<br>• सन् २००२ देखि MAPs को मूल्य सूची प्रकाशन गर्दै बजारीकरणमा सहजीकरण |

| निकाय/संघ/संस्था | प्रयासहरू |
|---|---|
| विश्वविद्यालय/ अनुसन्धान संघ-संस्था | • विश्वविद्यालय र अनुसन्धान संस्थाहरुसँग जडीबुटी सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सहकार्य |
| निजी क्षेत्रबाट सञ्चालित जडीबुटी प्रशोधन र आयुर्वेदिक कम्पनीहरु | • जडीबुटी कम्पनीहरू मार्फत् सुगन्धित तेल, आयुर्वेदिक औषधी लगायत अन्य हर्बल सामग्रीहरुको उत्पादन गरी मूल्य अभिवृद्धि<br>• प्रविधि, ब्रान्डिङ्ग र प्याकेजिङ्ग मार्फत् जडीबुटीको अन्तर्राष्ट्रिय बजार विस्तार<br>• जडीबुटीको खरिद सुनिश्चितता (Buy–back Guarantee)<br>• हरितगृह, सेड-हाउस, प्रदर्शन प्लट, नर्सरी स्थापना, बिरुवा उत्पादन, बिक्री वितरण गरी जडीबुटी खेती विस्तार |
| सहकारी संघ/संस्था | • जडीबुटी खेती विस्तार सम्बन्धी तालिम<br>• स्थानीय जडीबुटीमा आधारित वस्तुहरुको उत्पादनमुखी उद्यमशीलता प्रवर्द्धनमा जोड |
| सामुदायिक वन उपभोक्ता समूह | • सामुदायिक वनक्षेत्रमा जडीबुटी प्रजातिहरुको प्राकृतिक वासस्थान पहिचान र परिमाण यकिन, संरक्षण, पुनःस्थापना, दिगो संकलन सम्बन्धी कार्यक्रम सञ्चालन<br>• जडीबुटी लगायत अन्य गैर-काष्ठ एवं काठजन्य वनस्पतिको कटानी, चोरी, अवैज्ञानिक संकलन नियन्त्रण गरी संरक्षण सचेतना अभिवृद्धि<br>• सामुदायिक वन क्षेत्रमा जडीबुटी खेती विस्तार, आय-आर्जनका कार्यक्रम सञ्चालन |

## १.४ नेपालको आर्थिक विकासको लागि जडीबुटीको सम्भावना र अवसरहरू

नेपालको सबै भू-भागमा हावापानी अनुकूलका विभिन्न जडीबुटीहरू पाइनुका साथै उच्च हिमाली क्षेत्र बहुमूल्य जडीबुटीका लागि विश्वमा नै परिचित रहेको छ। नेपालको आर्थिक रुपान्तरणका लागि जैविक र पर्यावरणीय सन्तुलन कायम गर्दै मुलुकभित्र उपलब्ध जडीबुटीहरूको प्रचुर उपयोग मार्फत् रोजगारी र आय बढाउने अवसर छ। जडीबुटी संघ संस्थाहरूले जडीबुटीको बजारीकरणमा गर्दै आएको सहजीकरण र किसानहरूका लागि गरिएका प्रोत्साहनमूलक प्रयासहरू प्रशंसनीय रहेका छन्। उच्च मूल्य भएका जडीबुटीहरूको राष्ट्रिय वनक्षेत्रबाट दिगो संकलन गरी वा खेती विस्तारको माध्यमबाट उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाउन सकेमा उत्पादन कर्ता र यस व्यवसायमा संलग्न व्यक्ति, समूह वा उद्यमीहरूले लाभ हासिल गर्न सक्ने प्रचुर सम्भावना रहेको छ। विश्व व्यापार सँगठनको सदस्यतासँगै नेपालको विश्व बजारमा राम्रो पहुँच स्थापित गर्न सफल भएको मानिन्छ। विकासशील र विकसित राष्ट्रकाबीच करिब ८०% जनसंख्या प्राथमिक स्वास्थ्योपचार, स्वास्थ्यप्रवर्द्धक खाद्यन्न (healthyfood) र आय आर्जनका लागि जडीबुटीमा आधारित भएकाले यसको भविष्य उज्वल रहेको छ। अझै पनि करिब २०० भन्दा बढी प्रकारका वनस्पतिबाट आधुनिक औषधीको निर्माण हुने भएकोले थप अन्वेषणका सम्भावना प्रशस्त रहेका छन्। असल खेती

तथा संकलन अभ्यास निर्देशिका अनुसार गुणस्तरीय जडीबुटी उत्पादन तथा संकलन गर्न सके विश्व बजारमा अझ राम्रो मूल्य पाउन सकिने सम्भावना कायमै रहेको छ ।

नेपालको हिमाल तथा उच्च पहाडी भू-भागमा चिराइतो, सतुवा, अतिस, जटामसी, लौंठसल्ला लगायतका जडीबुटी तथा मध्य पहाडी तथा तराईको भू-भागमा तेजपात, कुरिलो, अमला, पिपला आदि जडीबुटीहरूको व्यावसायिक खेती गर्दै रोजगारीको सृजना भई आर्थिक जीवनस्तरमा सुधार हुने देखिन्छ भने विदेशबाट बर्सेनि भित्रिने जडीबुटीको आयातलाई विस्थापन गर्न सकिन्छ । नेपालमा खपत भइरहेका विभिन्न प्रजातिका जडीबुटीहरूको व्यावसायिक खेती गराएर आर्थिक विकासमा टेवा दिन सकिन्छ (अनुसूची-५) । पछिल्ला वर्षहरूमा आयुर्वेदिक उद्योगहरूको कच्चापदार्थ खपतमा निरन्तर वृद्धि भएको देखिन्छ जसले आयुर्वेदिक उद्योगको विस्तार र सम्भावना स्पष्ट रूपमा देखाउँछ । उचित नीतिगत व्यवस्था र आपूर्ति व्यवस्थापनले यस क्षेत्रलाई नेपालको प्रमुख निर्यातमुखी उद्योगका रूपमा विकास गर्न सकिने सम्भावना छ । नेपालको आर्थिक विकास एवं समृद्धिका लागि जडीबुटी क्षेत्रले निम्न अवसर सहित ठूलो योगदान पुऱ्याउने सम्भावना बोकेको छः

- उच्च मूल्य भएका दुर्लभ र बहुउपयोगी जडीबुटीहरूको दिगो उत्पादन, संकलन र व्यापारमार्फत् विदेशी मुद्रा आर्जन वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- औषधी, हर्बल तथा प्राकृतिक स्वास्थ्य सम्बन्धी उद्योगहरूको विकासमार्फत् रोजगारी सिर्जना भई आर्थिक गतिविधि विस्तार हुन सक्ने देखिन्छ ।
- जडीबुटी तथा सुगन्धित वनस्पतिमा आधारित Eco-tourism तथा Aroma-tourism को प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप आकर्षक बनाउन सकिने सम्भावना रहेको छ ।
- व्यावसायिक जडीबुटी खेतीको विस्तार मार्फत् आयात विस्थापन गरी निर्यात मार्फत् आर्थिक विकासमा टेवा पुग्छ भने नेपालका हिमालदेखि तराईसम्मका बाँझो तथा कम उपयोग भएका जमिनको उपयोग समेत हुन सक्नेछ ।
- जडीबुटी खेती तथा प्रशोधन गतिविधिबाट स्थानीय स्तरमा रोजगारी वृद्धि भई ग्रामीण समुदायको आयआर्जन तथा जीवनस्तरमा सुधार आउन सक्नेछ ।
- स्वदेशमै उत्पादन हुने कच्चापदार्थको उपयोगबाट औषधी तथा हर्बल उत्पादन निर्माण गर्दा सुपथ मूल्यमा औषधी उपलब्ध गराउन सहयोग पुग्नेछ ।
- नेपालमा जैविक (Organic) उत्पादनको उच्च सम्भावना रहेको तथा अन्तर्राष्ट्रिय बजारमा जैविक उत्पादनप्रतिको माग बढ्दो क्रममा रहेकाले जडीबुटी क्षेत्रबाट थप लाभ लिन सकिने देखिन्छ ।
- नेपाल सरकारले जडीबुटी खेती तथा प्रशोधनलाई प्राथमिकता प्राप्त क्षेत्रका रूपमा अघि बढाइरहेको हुँदा यस क्षेत्रमा लगानी तथा विकासका अवसरहरू विस्तार हुँदै गइरहेको छ ।
- नेपाललाई हिमाली तथा जैविक जडीबुटी उत्पादनको अन्तर्राष्ट्रिय ब्राण्डका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

## १.५ जडीबुटी संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

प्रचलित नियम कानूनको परिधि भित्र रही प्राकृतिक स्रोतको संकलन, प्रशोधन तथा निकासी प्रवर्द्धन गर्न सके देशमा विदेशी मुद्रा भित्रिनुका साथै गरीब, महिला तथा पिछडिएका वर्गका लागि आय आर्जन तथा रोजगारका अवसरहरूको सिर्जना गर्न सकिन्छ र देशको प्राकृतिक स्रोतको उचित संरक्षणसँगै उपयोग पनि हुन्छ। तसर्थ यस्ता प्राकृतिक स्रोतहरूको समुचित व्यवस्थापन गर्न आवश्यक पर्ने नीति तथा नियमहरूको व्यवस्था गरिएको हुन्छ। नेपालमा पनि जडीबुटीहरूको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी विभिन्न नीति तथा नियमहरू तर्जुमा भई प्रचलनमा रहेका छन्। सरोकारवालाहरू सबैले यी नीति तथा नियमहरूको जानकारी राख्नु अति आवश्यक हुन्छ। जडीबुटीहरूको संरक्षणका लागि नेपाल सरकारले वन ऐन, २०७६ तथा नियमावली, २०७९; वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ मार्फत् कानूनी व्यवस्था गरेको छ। यसका साथै साइटिस (Convention on International Trade in Endangered species of wild Fauna and Flora-CITES) को पक्ष राष्ट्रका हैसियतले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा नियमावली, २०७६ मार्फत् साइटिसमा सूचिकृत जडीबुटी प्रजाति जस्तैः जटामसी, सर्पगन्धा, लौठसल्ला, लघुपत्र जस्ता प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार नियमन गरी संरक्षणको प्रयास गरिएको छ। यसैगरी नेपाल जैविक विविधता महासन्धि (Convention on Biological Diversity–CBD) र यसका प्रोटोकलहरुको पक्ष राष्ट्र समेत भएकोले वंशाणु स्रोतको स्व-स्थानीय र पर-स्थानीय संरक्षण, परम्परागत ज्ञानको अभिलेखिकरण तथा जैविक स्रोतको उपयोगमा जोड दिएको पाइन्छ। जडीबुटी संकलन, प्रशोधन तथा व्यापारमा सहजीकरण गर्नका लागि विभिन्न समयमा नीतिगत तथा कानूनी प्रावधानहरू तर्जुमा गर्ने गरेको पाइन्छ। नेपालमा जडीबुटी संरक्षण, संवर्धन र उपयोगका लागि देहाय बमोजिमका नीतिगत तथा कानूनी व्यवस्थाहरू प्रचलनमा रहेका छन्:

### १.५.१ नेपालको संविधान, २०७२

- वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने (विकास सम्बन्धी नीति धारा ५१ च)।
- नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने (नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति धारा ५१ज)।
- संघको अधिकारः राष्ट्रिय वन नीति (अनुसूची ५) र संघ र प्रदेशको साझा अधिकारः वैज्ञानिक अनुसन्धान सम्बन्धी कार्यक्षेत्र (अनुसूची ७)।

### १.५.२ जडीबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१

उच्च मूल्यका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको संरक्षण र संवर्धनबाट अर्थव्यवस्थामा ठोस योगदान पुर्‍याई अन्तर्राष्ट्रिय जगतमा नेपाललाई जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको बृहत भण्डारको रुपमा परिचित तुल्याउनु दीर्घकालीन सोच रहेको छ।

**उद्देश्यः**

- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको प्राकृतिक स्रोतको संरक्षण र संवर्धन गरी दिगो विकासको अवधारणा अनुरुप उपलब्ध जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको पुनरुत्थान (regeneration) एवं पुनरुत्पादन (reproduction) प्रक्रियामा प्रतिकूल असर नपुऱ्याइकनै तिनीहरूको दिगो संकलन तथा व्यवस्थापन हुने गरी प्रशोधन, उत्पादन र बिक्री वितरण प्रक्रिया मार्फत् आर्थिक एवं पर्यावरणीय फाइदालाई अधिकतम तुल्याउने ।
- महत्वपूर्ण जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको व्यावसायिक खेतीलाई प्रोत्साहन गरी वानस्पतिक प्रजातिहरूको पर-स्थानीय संरक्षण (*ex-situ* conservation) मार्फत् राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउने ।
- संकलित जडीबुटीहरू एवं गैरकाष्ठ वन पैदावारहरूको प्रारम्भिक प्रशोधनको काम स्थानीय स्तरमै गरी दुर्गम तथा अति दुर्गम र ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू बढाउने र संकलन केन्द्र तथा व्यापारिक केन्द्रहरूमा प्रशोधन लगायतका मूल्य अभिवृद्धिका कार्यहरू गरी स्थानीय आर्थिक गतिविधिहरूको अभिवृद्धि हुने गरी निजी क्षेत्र, स्थानीय निकाय लगायत अन्य क्षेत्रको सहभागितालाई बढावा दिने ।
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको उत्पादनलाई व्यावसायिक रुपमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक पर्ने पुँजी, पूर्वाधार, प्राविधिक ज्ञान र सीपको विकास तथा बजार व्यवस्थापनमा सहयोग पुऱ्याई स्थानीय जनताको जीवनस्तरमा वाञ्छित सुधार गरी गरिबी निवारणमा योगदान पुऱ्याउने ।
- जडीबुटी एवं अन्य गैरकाष्ठ वन पैदावारहरूको संकलन, प्रशोधन, उत्पादन र बिक्री वितरण लगायतका कार्यहरूमा समाजका पिछडिएका, विपन्न र महिला वर्गहरूको सहभागितालाई सुनिश्चित तुल्याई प्राकृतिक स्रोत व्यवस्थापन मार्फत् लैङ्गिक एवं सामाजिक मूलप्रवाहीकरणको प्रक्रियालाई बढावा दिने ।
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको उत्पादनलाई प्रतिस्पर्धात्मक रुपमा अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण प्रक्रिया मार्फत् विदेशी मुद्रा आर्जन गर्ने ।

**नीतिहरू**

**दिगो विकासको अवधारणाको आधारमा संरक्षण र सदुपयोग गर्ने**

- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको प्राकृतिक स्रोतको सर्वेक्षण गरी संकलन गर्ने उपयुक्त मापदण्डका प्रणालीहरू (Good harvesting practices) को आधारमा व्यवस्थापन प्रक्रिया अपनाइनेछ । व्यवस्थापन गर्दा वर्तमान स्रोतको संरक्षण र स्रोतको वृद्धिलाई ध्यानमा राखी यसको उपयोग र उपभोग गर्ने प्रक्रिया अपनाइनेछ ।

- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको क्षेत्रमा भएका नीति तथा गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कनको कार्यमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावार समन्वय समितिको प्रमुख भूमिका रहने छ।
- स्व-स्थानीय (*In-situ*) र पर-स्थानीय (*Ex-situ*) दुवै पद्धतिद्वारा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरी लोप हुन लागेका वनस्पतिको संरक्षण गरिनेछ।
- राष्ट्रिय वा अन्तर्राष्ट्रिय वा दुवै बजारको मागको स्थिति पहिल्याएर माग भएका जडीबुटीहरूको निरन्तर आपूर्तिको लागि खेतीबाट वा वन जङ्गलबाट वा दुबैबाट आपूर्तिको व्यवस्था मिलाइनेछ।
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको उपलब्धताको अध्ययन गरी कुनै खास क्षेत्रलाई "जडीबुटी क्षेत्र" तोक्ने र त्यस्ता जडीबुटीको विकास, व्यवस्थापन र संरक्षण सम्बन्धी कार्यक्रमहरूमा स्थानीय निकायको सहभागिता समेत जुटाई गहन रुपमा लागू गरिनेछन्।
- जिल्लामा उपलब्ध जडीबुटी तथा गैरकाष्ठ वन पैदावार स्रोतको संकलनमा प्रतिस्पर्द्धात्मक वातावरण कायम गरी त्यसबाट स्थानीय बासिन्दा र उद्यमीहरूलाई अधिकतम लाभ प्राप्त हुने स्थिति सिर्जना गर्न जोड दिइनेछ।
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको समग्र विकासको लागि छुट्टै अल्पकालीन तथा दीर्घकालीन गुरुयोजना तयार गरी लागू गरिनेछ।

**जनसहभागितालाई प्रोत्साहन गरिने**

- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको व्यवसायीकरणको लागि प्राकृतिक स्रोतमात्र पर्याप्त नहुने भएकोले कबुलियती वन, सामुदायिक वन तथा अन्य निजी एवं समूहगत रुपमा जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको खेतीका लागि प्रोत्साहित गरिनेछ। यस्तो कार्यमा गरिबीको रेखामुनी रहेका महिलाहरूलाई विशेष प्राथमिकताका साथ अधिकतम लाभ हुने गरी जनसहभागिता जुटाइनेछ। यसमा संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्रको समूह समितिका साथै कृषि समूहलाई समेत सहभागी गराइनेछ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको बजार व्यवस्थापनको लागि उत्पादक, संकलनकर्ता तथा बिक्रीकर्ताहरूको सञ्जाल स्थापना गरिनेछ। बिक्री वितरण र निकासीको व्यवस्था गर्दा वा उद्योग स्थापना गर्दा निजी तथा सहकारीको अवधारणा समेतलाई जोड दिइनेछ।
- स्वदेशभित्र प्रशोधन गर्न सकिने जडीबुटी एवं गैरकाष्ठ वन पैदावारका हकमा स्थानीय स्तरमा नै मूल्य अभिवृद्धि गर्न सरकारी, निजी तथा सम्बद्ध स्थानीय निकाय एवं अन्य संघ/संस्थाहरूलाई समेत प्रोत्साहन गरिनेछ। उल्लेखित स्रोतहरूको प्रशोधनका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्दै लगिनेछ।

**प्रमाणीकरण र कर प्रणाली सरलीकृत गरिने**

- निजी स्तरमा खेती गरी उत्पादन भएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको प्रमाणीकरण र कर प्रक्रियालाई सरलीकृत गरिनेछ।

- निजीस्तरबाट उत्पादन भएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूलाई प्रशोधनकर्ताले प्रशोधन वा प्रशोधन नगरिकनै खुला रुपमा बिक्री वितरण गर्न सक्ने व्यवस्था मिलाइनेछ ।
- दिगो व्यवस्थापन गरी संकलन गरिएका जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको हकमा वन प्रमाणीकरण (Forest Certification) को व्यवस्था मिलाइनेछ । यस्ता वनबाट उत्पादित वस्तुहरूको प्रमाणीकरणको साथै जैविक खेती (Organic Farming) को प्रमाणीकरणको कार्य पनि प्रारम्भ गरिनेछ ।
- वानस्पतिको विशेषता (Characterization), उपलब्धता (Mapping) र आनुवांशिक भिन्नताको पहिचान, अभिलेखिकरण गर्न मौजुदा प्रयोगशालाको सुदृढीकरण गरिनेछ र जैविक प्रविधि (Biotechnology) सम्बन्धी साधन सम्पन्न आधुनिक प्रयोगशालाको स्थापना गरी उपयुक्त प्रविधिको विकास गरिनेछ ।
- वनबाट संकलन हुने जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको राजस्व निर्धारण गर्दा प्राथमिक संकलनकर्ताले स्थानीय स्तरमा बिक्री गर्ने मूल्यलाई आधार मानी राजस्व तोक्ने व्यवस्था गरिनेछ । बढीमा ५/५ वर्षमा राजस्व दरको समीक्षा गर्ने व्यवस्था समेत मिलाइनेछ ।

**उपयुक्त प्रविधि र विकासको प्रतिफल जनसमुदाय समक्ष पुऱ्याउने**

- व्यवसायीकरण हुनसक्ने सम्भाव्य जडीबुटी र गैरकाष्ठ वन पैदावारको सर्वेक्षण तथा पहिचान गरी अनुसन्धानद्वारा तिनीहरूको खेती प्रविधि विकास गरी उपयुक्त प्रविधि जनसमुदायमा हस्तान्तरण गरिनेछ । यस्ता कार्यहरू वन क्षेत्रसँग सम्बद्ध समूहको अलावा कृषि एवं भू-संरक्षण कार्यसँग सम्बन्धित समुदायमा समेत लगिनेछ ।
- वनस्पतिमा पाइने औषधीजन्य सुगन्धित तेल र अन्य उपयोगी गुणहरूका सक्रिय तत्वको पहिचान गर्न अनुसन्धान गरिनेछ । अनुसन्धान भैसकेका त्यस्ता तत्वहरूको प्रशोधन तथा पृथकीकरण (Isolation) गरी व्यवसायीकरणमा सहयोग गरिनेछ ।
- देशमा विद्यमान वनस्पतिबाट लाभ लिन विदेशी संघसंस्थाहरू समेतसँग सम्बन्धन कायम गर्न सक्ने गरी अन्वेषणात्मक सर्वेक्षण (Bio-prospecting) गरिनेछ । यस्तो सर्वेक्षणबाट नेपालका जैविक स्रोत वा वनस्पतिको अन्तर्राष्ट्रिय बजारमा व्यवसायीकरण हुन सक्ने भएमा नेपाललाई अधिकतम लाभ हुने गरी व्यवस्था मिलाइनेछ ।
- नेपालमा पाइने विशेष बहुमूल्य जडीबुटीहरूको गुण र उपयोगिताबारे अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन प्रयत्न गरिनेछ । जडीबुटी एवं गैरकाष्ठ वन पैदावारसँग सम्बन्धित प्रविधि विकास र परीक्षणमा विद्यमान संघ संस्थाहरूलाई सक्रिय तुल्याई कार्यगत दोहोरोपना हटाइनेछ ।

**जनचेतना अभिवृद्धि गरी सीप विकास र व्यवसायीकरण सरलीकृत गर्न सहुलियत प्रदान गर्ने**

- जडीबुटी र गैरकाष्ठ वन पैदावारको संकलन, व्यवस्थापन र खेती प्रविधिको बारेमा उत्पादक

उपभोक्ता लगायत सर्वसाधारणमा चेतना अभिवृद्धि गराइनेछ र उपयुक्त सीपको विकास गर्न अवसरहरू उपलब्ध गराइनेछ ।

- कुनै व्यक्ति वा समूहले जडीबुटी खेती गरी उत्पादन, प्रशोधन र बिक्री वितरण गर्न चाहेमा त्यस्ता व्यक्ति वा समूहलाई राज्यबाट सहुलियत प्रदान गरिनेछ ।

### १.५.३ **राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति,** २०५२

- हिमाल, पहाड र तराईमा नमूना जडीबुटी उद्यानहरूको विकास गरी जडीबुटीहरूको घरेलु उपचारमा प्रयोग, उत्पादन, संवर्धन, संरक्षण, प्रवर्द्धनबारे जनस्तरमा ज्ञान दिई जडीबुटीहरूको गुणस्तरयुक्त व्यापारमा प्रोत्साहन गरिने ।
- जडीबुटीहरूको स्वदेशी व्यापार एवं विदेश पैठारीमा स्तरीयता कायम गर्न जडीबुटीहरूसँग सम्बद्ध सरकारी एवं गैरसरकारी संस्थासँग समन्वय कायम गरिने ।
- देशमा स्थापित वा स्थापना हुने सरकारी एवं गैह्र सरकारी क्षेत्रका आयुर्वेद औषधी निर्माण कम्पनीहरूलाई असल औषधी निर्माण संहिताको आधारमा गुणस्तरयुक्त औषधी निर्माणमा प्रोत्साहित गरी आयातमा कमी गर्दै निर्यात प्रवर्द्धन गरिने र सो कार्यका लागि औषधी व्यवस्था विभाग एवं सम्बद्ध सरकारी निकायहरूसँग समन्वय कायम गरिने ।
- विदेशबाट आयात हुने वा स्वदेशमा निर्माण गरिने आयुर्वेदीय औषधीहरूको गुणस्तर एवं अन्य प्राविधिक कार्यका लागि एक आयुर्वेदीय औषधी परीक्षण समिति र प्रयोगशालाको विकास गरिने
- स्वास्थ्य केन्द्रको परिसरमा नमूना जडीबुटी उद्यान बनाउने तथा जडीबुटीसँग सम्बद्ध वन, कृषि, सामुदायिक वन आदि सरकारी, गैर सरकारी निकायहरूसँग अन्तरसंस्थागत समन्वय कायम गरी जडीबुटीहरूको उत्पादन, संकलन, संरक्षण, संवर्धन तथा त्यसको अधिकाधिक औषधीको रूपमा प्रयोग सम्बन्धमा कार्यकर्ताहरूलाई तालिम, गोष्ठी आदि गरी ज्ञान दिलाउने ।

### १.५.४ **राष्ट्रिय वन नीति,** २०७५

- वन क्षेत्रको विकास, विस्तार तथा जडीबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिने ।
- जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण, खेती विस्तार, संकलन, प्रशोधन, प्रमाणीकरण, व्यवसायीकरण र निर्यात प्रवर्द्धन गरिने ।
- काठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादनका लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाव्यता समेतको आधारमा उपयुक्त क्षेत्र छनौट (Zoning) र प्रजाति छनौट गरिने ।
- स्थानीय समुदायमा रहेको वनजन्य, जडीबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गरिने ।

- जैविक विविधता र त्यससँग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक-सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको अभिलेखीकरण, पञ्जीकरण र सुरक्षण गर्दै लगिने ।

### १.५.५ **राष्ट्रिय कृषि वन नीति**, २०७६

प्राकृतिक वनहरूको कुल उत्पादकत्व वृद्धि गर्न औषधीयजन्य वनस्पति र अन्य गैर-काष्ठ वन पैदावार प्रजातिहरूको रोपण गरी बहु-छत्रयुक्त वन (Multi-tier forests) विकास गरिने ।

### १.५.६ **औद्योगिक नीति**, २०६७

- हरित उद्योगको प्रवर्द्धन गर्ने ।
- जडीबुटीमा आधारित उद्योगलाई प्रविधि, बजार, सीप र अनुसन्धानमा सहयोग पुऱ्याउने कार्यक्रम संचालन गर्ने ।
- दुर्गम तथा पहाडी क्षेत्रमा सहकारी मार्फत् जडीबुटी प्रशोधन उद्योगहरू संचालन गर्न विशेष कार्ययोजना ल्याइने ।

### १.५.७ **वाणिज्य नीति**, २०८१

**रणनीतिहरू**

- कृषिजन्य, वनजन्य र औद्योगिक वस्तुको निकासी प्रवर्द्धन गर्न संग्रह (Collection), ग्रेडिंग, गुणस्तर नियमन, आधुनिक प्रयोगशाला, क्वारेन्टाइन, प्रमाणीकरण, प्रत्यायन (Accreditation) लगायतका पूर्वाधार सुदृढीकरण गर्ने ।
- व्यापार सहजीकरण तथा भन्सार प्रक्रिया सरलीकरण गरी व्यापार लागतलाई प्रतिस्पर्धी बनाउने ।

**कार्यनीतिहरू**

- तुलनात्मक रूपमा बढी मूल्य र न्यून आयतन भएका सम्भाव्य वस्तुको विकास तथा निर्यात प्रवर्द्धन गरिने ।
- निर्यातयोग्य नेपाली वस्तुको बजार प्रवर्द्धन गर्न मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई प्रोत्साहन गरिने ।
- कृषि, वन तथा अन्य प्रकृतिजन्य वस्तु तथा पकेट क्षेत्र पहिचान गरी त्यस्ता वस्तुको संकलन केन्द्र र प्रशोधन केन्द्रबीच आपूर्ति श्रृंखला विकास गरिने ।
- निर्यातजन्य वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उत्पादक र उक्त उत्पादनसँग सम्बन्धित कच्चापदार्थ संकलन गर्ने संकलकलाई एकै थलोमा संलग्न गराई निजी सरकारी लागत साझेदारीमा देशका विभिन्न भागमा सामूहिक सुविधा केन्द्र (Common Facility Center) निर्माण गरिने ।

- निर्यात सम्भावना भएका वस्तुको गुणस्तर निर्धारण, व्यवस्थापन प्रणाली, अर्गानिक प्रमाणीकरणको व्यवस्था गरिने ।
- नेपालमा पाइने बहुमूल्य जडीबुटीलाई कम्तिमा एक तहको प्रशोधन गरी निकासी गर्ने प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिने ।
- स्थानीय तहमार्फत् बहुमूल्य जडीबुटीको अत्याधिक दोहन नियन्त्रण गरी दिगो उत्पादनलाई जोड दिनुको साथै जडीबुटीको व्यवसायिक खेतीलाई प्रोत्साहन गरिने ।
- निजी एवं गैरसरकारी क्षेत्रको समन्वय तथा संघ, प्रदेश र स्थानीय तहको सहभागिता तथा साझेदारीमा उद्योग तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले सडक निर्माण तथा स्तरोन्नति, भण्डारण गृह, फ्युमिगेसन च्याम्बर (Fumigation Chamber), चिस्यान गृह, आधुनिक प्रयोगशाला, निर्यात प्रवर्धन गृह, साझा सुविधा केन्द्र जस्ता पूर्वाधार निर्माण र सञ्चालन गरिने ।
- स्थानीय तहमा कृषि तथा वन पैदावरजन्य उद्योग स्थापनाको लागि व्यवसाय इन्कुबेसन, सहुलियतपूर्ण कर्जा, प्रविधि हस्तान्तरण, बजार सूचना लगायतका क्षेत्रमा प्रोत्साहन गर्न संघ, प्रदेश तथा स्थानीय तह, निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिने ।
- नेपालको कृषिजन्य, वनजन्य एवं औषधीय तथा सुगन्धित वस्तुको अधिकार स्थापित गर्न भौगोलिक सांकेतिकरण (Geographical Indication) गरिने ।
- नेपालको आनुवांशिक स्रोत, परम्परागत ज्ञान, कलाकौशल, वस्तु उत्पादन प्रक्रिया र उत्पादित वस्तुको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन गरिने ।
- Plant and Biodiversity को संरक्षण र अधिकारमा जोड दिइने ।

### १.५.८ **सोह्रौ योजना** (२०८१/०८२–२०८५/०८६)

सङ्कटापन्न जीवजन्तु तथा वनस्पतिको पहिचान, अभिलेखन तथा संरक्षण गर्ने, जडीबुटीको दिगो र व्यवसायिक व्यवस्थापनको आधार तयार गर्ने, जडीबुटीको व्यवसायीकरण र मूल्यअभिवृद्धि गर्ने, नेपालमा पाइने जडीबुटीहरूको अभिलेखन तथा संरक्षण गरी सम्भाव्य जडीबुटीहरूको व्यवसायिक उत्पादन तथा मूल्य अभिवृद्धिको लागि बजारीकरण, क्षमता विकास, प्राविधिक सहयोग र वित्तीय पहुँचमा सहजीकरण गर्ने, सीमान्तकृत समुदाय लक्षित जडीबुटी, नदी किनारामा खेती जस्ता हरित उद्यममैत्री कार्यक्रम सञ्चालन गर्ने ।

### १.५.९ **स्थानीय सरकार सञ्चालन ऐन,** २०७४

गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीयस्तरमा औषधीजन्य वनस्पति, जडीबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण, स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन सम्बन्धी उल्लेख छ ।

### १.५.१० **वन ऐन**, २०७६

**<u>दफा ३६. निजी वनको व्यवस्थापन</u>**

निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ। व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको संकलन तथा ओसारपसार गर्नुपरेमा सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिनु पर्नेछ र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको संकलन तथा ओसारपसार गर्नुपरेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ। घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार संकलन तथा ओसारपसार गर्नुपरेमा जुन स्थानीय तहबाट संकलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार संकलन तथा ओसारपसार गर्नुपरेमा जुन जिल्लाबाट संकलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्नेछ।

**<u>दफा ७७. प्रतिबन्ध लगाउन सक्ने</u>**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता, कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएका वन पैदावारको संकलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ।

### १.५.११ **वन नियमावली**, २०७९

**<u>नियम १६: जडीबुटीको संरक्षण तथा व्यवस्थापन</u>**

वनक्षेत्रमा पाइने महत्वपूर्ण तथा उच्च मूल्यका जडीबुटीको संरक्षण तथा व्यवस्थापनका लागि प्रजाति विशेष वा एकीकृत रुपमा जडीबुटी पकेट क्षेत्र निर्धारण।

**<u>नियम २९. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण</u>**

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधिनमा रही संकलन गर्न प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण र प्रजाति अनुसार अनुसूची-७ वा अनुसूची-८ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई संकलन इजाजत र छोडपुर्जी प्रदान।

**<u>नियम ३२. वन पैदावारको विदेश निकासी र आयात</u>**

नेपालबाट विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासीका लागि डिभिजनल वन अधिकृतले सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ।

तर प्रशोधन नगरी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका जडीबुटीलाई प्रशोधन गरी विदेश निकासी गर्न वनस्पति विभागको सिफारिसको आधारमा वन तथा भू-संरक्षण विभागको सहमति लिनु पर्नेछ। नेपालमा आयात गर्न प्रतिबन्ध लगाइएका बाहेकका वन पैदावार आयात गरी बिक्री वितरण गर्नका लागि सम्बन्धित डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी कुनै पनि रोग, किरा वा शत्रु जीव नभएको यकिन गरी नेपालभित्र आयात गर्न इजाजत दिन सक्ने।

**नियम ८२. निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था**

निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडीबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ। निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन। निजी जग्गामा खेती गरिएका अनुसूची-४८ मा उल्लिखित काष्ठ, जडीबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह संकलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ।

१.५.१२ **वन सम्बन्धी प्रदेशगत कानूनी व्यवस्था**

| प्रदेश | कानूनी व्यवस्था |
|---|---|
| कोशी प्रदेश | **कोशी प्रदेश वन ऐन, २०७७**<br>दफा १४. जडीबुटी अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिने<br>दफा १५. साझेदारीमा जडीबुटी खेती गर्न सकिने<br>दफा ४५. निजी वनको वनपैदावार ओसारपसार र व्यवस्थापन<br>दफा ५८. वनस्पति अनुसन्धान केन्द्र स्थापना गर्न सकिने<br>**कोशी प्रदेश वन नियमावली, २०८०**<br>**नियम ३०. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण**<br>डिभिजनल वन अधिकृतले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी प्रचलित कानुन बमोजिमका सङ्कटापन्न प्रजाति बाहेक आफ्नो कार्यक्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत आवधिक योजना सहितको रणनीतिक योजनाको अधीनमा रही संकलन गर्न प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण र प्रजाति अनुसार संकलन गर्ने समय समेत तोकी तोकिएको मूल्यदर बमोजिम हुन आउने रकम धरौटी र इजाजत दस्तुर लिई अनुसूची-९ बमोजिमको ढाँचामा संकलन इजाजत पत्र दिनु पर्नेछ। संकलन इजाजत अनुसार संकलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजन वन कार्यालयले अनुसूची-१० बमोजिमको छोडपुर्जी दिनु पर्नेछ। यसरी छोडपुर्जी दिँदा तोकिएको मूल्य दर वा कवोल रकम बमोजिम हुन आउने मूल्य लिनु पर्नेछ। छोडपूर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा वन तथा भू-संरक्षण विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ। |

| | |
|---|---|
| मधेश प्रदेश | **<u>प्रदेश वन ऐन, २०७७</u>**<br>दफा २५. जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिने<br>दफा २६. सहकार्यमा जडीबुटी खेती गर्न सकिने<br>**प्रदेश वन नियमावली, २०८१**<br>नियम १५. वृक्षारोपण र कृषि वन प्रणालीको प्रोत्साहन गर्ने<br>**<u>नियम २७. जडीबुटी तथा अन्य वनपैदावारको संकलन तथा बिक्री वितरण</u>**<br>डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वनपैदावारको संकलनको स्वीकृत कार्ययोजनाको अधीनमा रही प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण, प्रजाति अनुसार संकलन गर्ने समय समेत तोकी अनुसूची-२ मा उल्लेख भए बमोजिमको मूल्यदर अनुसारको रकम धरौटी लिई अनुसूची-८ बमोजिमको संकलन ईजाजत दिनु पर्नेछ । धरौटीबाट संकलन गरिएको परिमाण बराबरको देखिएमा अनुसूची-२ मा उल्लेख भएको मूल्यदर अनुसारको रकम लिई अनुसूची-९ मा तोके बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ । छोडपुर्जी प्राप्त गरेको जडीबुटी तथा अन्य वनपैदावारको ओसारपसार गर्दा जडीबुटी राखेको भाँडो, ट्रली वा कन्टेनरमा डिभिजन वन कार्यालयलबाट सिल लगाई दरपिठ गरी ओसारपसार गर्नु पर्नेछ । |
| वागमती प्रदेश | **<u>प्रदेश राष्ट्रिय वन ऐन, २०७६</u>**<br>दफा २१. जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिने<br>दफा २२. साझेदारीमा जडीबुटी खेती गर्न सकिने<br>दफा ६६. प्रदेशमा एक जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड रहनेछ । |
| गण्डकी प्रदेश | **<u>गण्डकी प्रदेश वन ऐन, २०८०</u>**<br>दफा १६. जडीबुटी संकलन, खेती र प्रशोधन एवम् बजारीकरण<br>दफा १७. जडीबुटी अनुसन्धान केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने<br>दफा १८. जडीबुटी पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने<br>दफा ७९. वन पैदावारको निकासी पैठारी सम्बन्धी व्यवस्था<br>**<u>गण्डकी प्रदेश वन नियमावली, २०८१</u>**<br>नियम १०. जडीबुटी खेती, प्रविधि विकास, विस्तार तथा उत्पादन<br>नियम ११. जडीबुटी पकेट क्षेत्रको घोषणा<br>**<u>नियम ७७. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण</u>**<br>डिभिजनल वन अधिकृतले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही संकलन गर्न प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण र प्रजाति अनुसार संकलन गर्ने समय समेत तोकी अनुसूची-१६ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटीलिई अनुसूची-१७ बमोजिमको ढाँचामा संकलन इजाजत दिनु पर्नेछ । संकलन इजाजत अनुसारको परिमाणमा नबढ्ने गरी संकलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजनल वन |

| | |
|---|---|
| | अधिकृतले अनुसूची-१८ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ । छोडपुर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा डिभिजन वन कार्यालयको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ । |
| लुम्बिनी प्रदेश | **प्रदेश वन ऐन, २०७८**<br>दफा ८५. जडीबुटी अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिने<br>दफा ८६. हर्वेरियम स्थापना सम्बन्धी व्यवस्था<br>दफा ८७. प्रयोगशाला स्थापना सम्बन्धी व्यवस्था<br>**प्रदेश वन नियमावली, २०७९**<br>**नियम ६९. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण**<br>सम्बन्धित अधिकारीले स्वीकृत कार्ययोजनाको अधीनमा रही संकलन हुने जडीबुटीको प्रजाति, संकलन गर्न सकिने परिमाण, समय र निश्चित अवधि तोकी अनुसूची-३६ र अनुसूची-३७ मा उल्लेख भए बमोजिमको दर अनुसार हुने रकम धरौटी लिई अनुसूची-३८ बमोजिम नियमानुसार संकलन ईजाजत दिनु पर्नेछ । अनुसूची-३३ बमोजिमको ढाँचामा चलानी पूर्जी दिनु पर्नेछ । छोडपुर्जी हुने जडीबुटी तथा अन्य वन पैदावारको ओसारपसार गर्दा जडीबुटी राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा सिल लगाई ईजाजतपत्रको पिठमा सो व्यहोरा उल्लेख गरी ओसारपसार गर्नु पर्नेछ । |
| कर्णाली प्रदेश | **कर्णाली प्रदेश ऐन, २०७८**<br>दफा ४३. जडीबुटी विकास तथा अनुसन्धान केन्द्र स्थापना गर्न सकिने<br>दफा ४५. जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन<br>दफा ४७. परम्परागत ज्ञानको संरक्षण र विकास<br>**कर्णाली प्रदेश वन नियमावली, २०८०**<br>**नियम १३. मूल्य अभिवृद्धि नगरी प्रदेश बाहिर निकासी गर्न नपाउने**<br>प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका काष्ठ तथा गैरकाष्ठ वन पैदावारलाई एक तहको मूल्य अभिवृद्धि नगरी प्रदेश बाहिर निकासी गर्न नपाउने व्यवस्था गर्न सक्नेछ ।<br>**नियम १४. वन पैदावारको मूल्य**<br>राष्ट्रिय वन क्षेत्रबाट उत्पादित जडीबुटीको मूल्यदर अनुसूची-६ बमोजिम हुनेछ ।<br>**नियम २४. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण**<br>डिभिजनल वन अधिकृतले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही संकलन गर्न प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण र प्रजाति अनुसार संकलन गर्ने समय समेत तोकी अनुसूची-६ वा अनुसूची-७ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई अनुसूची-८ बमोजिमको ढाँचामा संकलन इजाजत दिनु पर्नेछ । संकलन इजाजत अनुसारको परिमाणमा |

| | |
|---|---|
| | नबढ्ने गरी संकलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजनल वन अधिकृतले अनुसूची-१२ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ र यसरी छोडपुर्जी दिँदा अनुसूची-६ वा अनुसूची-७ बमोजिम मूल्य लिनु पर्नेछ । छोडपुर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा विभाग वा निर्देशनालयले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ ।<br>नियम २७. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार संकलकलाई तालिम दिनु पर्ने<br>नियम २८. वन पैदावारको निकासी सम्बन्धी व्यवस्था |
| सुदूरपश्चिम प्रदेश | **<u>सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७</u>**<br>दफा ७०. जडीबुटी अनुसन्धान तथा प्रशोधन केन्द्र स्थापना गर्न सकिने<br>दफा ७१. साझेदारीमा जडीबुटी खेती र प्रशोधन एवं बजारीकरण गर्न सकिने<br>**<u>सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८</u>**<br>**नियम १५. जडीबुटीको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन**<br>**<u>नियम १६. जडीबुटी र अन्य वन पैदावारको संकलन तथा बिक्री वितरण</u>**<br>डिभिजनल वन अधिकृतले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि अन्तर्गतको अनुसूची-१ र अनुसूची-२ मा सूचीकृत भएका वन पैदावार र प्रचलित कानुनले प्रतिबन्ध लगाएका बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही प्रजाति, किसिम, संकलन गर्न सकिने परिमाण र प्रजाति अनुसार संकलन गर्ने समय समेत तोकी कुनै वनक्षेत्रबाट अनुसूची-४ तथा अनुसूची-५ को खण्ड (क) बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई डिभिजनल वन अधिकृतले अनुसूची-१० बमोजिमको संकलन इजाजत दिनु पर्नेछ । जडीबुटी तथा अन्य वन पैदावार संकलन इजाजत अनुसार देखिएमा अनुसूची-४ वा अनुसूची-५ को खण्ड (क) बमोजिमको मूल्य लिई डिभिजनल वन अधिकृतले अनुसूची-११ बमोजिम छोडपुर्जी दिनु पर्नेछ । छोडपुर्जी प्राप्त गर्ने व्यक्ति वा संस्थाले जडीबुटी तथा अन्य वन पैदावार ओसारपसार गर्नुअघि वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा कम्तीमा रेन्जर पदको कर्मचारीबाट सिल लगाई दरपिठ गराउनु पर्नेछ । |

### १.५.१३ **वातावरण संरक्षण नियमावली, २०७७**

**संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरू**

**वन क्षेत्र :**

- एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म खोटो संकलन गर्ने ।
- आनुवांशिक स्रोत माथि पहुँच, उपयोग र लाभको बाँडफाँड गर्ने ।

**प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावहरू**

**वन क्षेत्र :**

- सार्वजनिक बुट्यान क्षेत्रमा जडीबुटी वा सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडीबुटी केन्द्र स्थापना गर्ने ।
- प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावार संकलन गर्ने ।
- देहायको परिमाणमा वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :-

  (क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने ।
  (ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा संकलन गर्ने ।
  (ग) वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ संकलन गर्ने (सालसिड, रिट्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक) ।
  (घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भुवा संकलन गर्ने ।
  (ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल वा बीज संकलन गर्ने ।
  (च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने ।
  (छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान संकलन गर्ने ।
  (ज) वार्षिक २ लाख घन फिट भन्दा बढी काठ उत्पादन तथा संकलन गर्ने ।

- एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टन भन्दा बढी खोटो संकलन गर्ने ।

**उद्योग क्षेत्र:**

- दैनिक १ मेट्रिक टन भन्दा बढी जडीबुटी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।
- दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।
- Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरू**

**वन क्षेत्र :**

- प्रचलित कानून बमोजिम प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार संकलन गर्ने ।
- देहायको परिमाणमा वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :-

(क) वार्षिक ५० मेट्रिक टन भन्दा बढी जरा तथा गानो संकलन गर्ने ।

(ख) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बोक्रा संकलन गर्ने ।

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात वा डाँठ संकलन गर्ने (सालसिड, रिट्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक) ।

(घ) वार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल वा भुवा संकलन गर्ने ।

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल वा बीज संकलन गर्ने ।

(च) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बिरुवा संकलन गर्ने ।

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान संकलन गर्ने ।

### १.५.१४ नेपाल व्यापार एकीकृत रणनीति, २०८०

विद्यमान तथा उदीयमान वनस्रोतमा आधारित वस्तुको क्षमता विश्लेषण

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| जडीबुटी तथा सुगन्धित वनस्पति | • जंगलबाट संकलन गरिने भएकाले पूर्णतः जैविक हुने<br>• धेरै प्रजाति हिमाली क्षेत्रका बहुमूल्य र विशिष्ट रहेका<br>• जडीबुटीको विविधता<br>• दुर्गम क्षेत्रमा रोजगारीको राम्रो अवसर | • फाइदा र मूल्य श्रृंखलाबारे पर्याप्त अध्ययन नभएको<br>• मुलुकको जैविक सम्पदा संरक्षणका लागि अपर्याप्त कानुनी तथा संस्थागत संरचना<br>• असल खेती अभ्यास सम्बन्धी नीति तथा मार्गदर्शनको कमी<br>• सम्भावनाको तुलनामा धेरै कम बालीको मात्र खेती<br>• भण्डारण र प्रशोधन सुविधाको अभाव<br>• निर्यातका लागि छिमेकी राष्ट्रमा मात्र निर्भर<br>• भन्सार बिन्दुमा मान्यता प्राप्त | • जडीबुटीको बढ्दो अन्तर्राष्ट्रिय बजार<br>• क्षमता विस्तार गर्न सकिने पर्याप्त सम्भावना<br>• संकलन, भण्डारण र प्रशोधनमा सुधार गरी विश्वको मूल्य श्रृंखलाको ठूलो हिस्सा लिन सकिने सम्भावना | • दिगो संकलन विधिबारे ज्ञानको कमी<br>• जथाभावी संकलनबाट कतिपय प्रजाति लोप हुने अवस्थामा रहेका<br>• बौद्धिक सम्पत्तिको पर्याप्त रक्षा हुन नसक्दा स्थानीय ज्ञानमाथिको अधिकार गुम्न सक्ने खतरा |

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | क्वारेन्टाइनको अभाव<br>• शत्रुजीव जोखिम विश्लेषण र फ्युमिगेसन सुविधाको अपर्याप्तता | | |
| सुगन्धित तेल | • नेपालमा विविध जडीबुटी र औषधीय वनस्पतिको उपलब्धता<br>• उच्च हिमाली क्षेत्रका जडीबुटीमा शत प्रतिशत शुद्धतासहितको औषधीय गुण<br>• सुगन्धित तेलको उत्पादन परम्परागत विधिबाट गरिने हुँदा ग्राहकको आकर्षण<br>• अन्य मुलुकको तुलनामा कम मूल्यमा अन्तर्राष्ट्रिय बजारमा पठाउन सकिने | • कतिपय खेतीयोग्य जडीबुटीका लागि असल गुणस्तरको बीउ प्राप्त गर्न कठिन<br>• दक्ष जनशक्तिको अभाव<br>• समुद्रपार बजार सम्पर्क विकासको अभाव<br>• गुणस्तरको सुनिश्चितता र अन्य कारणले निर्यात प्रारम्भिक चरणमा मात्र रहेको<br>• आपूर्ति श्रृंखलामा अत्यधिक बिचौलिया | • नेपाली परम्परा र संस्कृतिमा सुगन्धित तेलको प्रयोग र यसको महत्वबारे विदेशमा समेत बढ्दो चासो<br>• चीनमा तीव्र गतिले बढेको मध्यम वर्गीय परिवारमा प्रसाधन सामग्रीको बढ्दो प्रयोग र नयाँ सम्भावना<br>• महिला र फरक क्षमता भएका व्यक्तिका लागि समेत ग्रामीण क्षेत्रमा दिगो रोजगारीको स्रोत<br>• पश्चिमी मुलुक र चीनमा नेपाली जडीबुटी र | • विकसित बजारमा बजार पहुँचका लागि स्वच्छता र मापदण्ड पूरा गर्नुपर्ने<br>• भारतीय कम्पनीले "हिमालयन सुगन्धित तेल" भनेर बजारीकरण गरेकाले नेपाली कम्पनीलाई कठिनाइ<br>• विकसित बजारमा चीन, भारत, इन्डोनेसिया, श्रीलङ्का, भियतनाम जस्ता मुलुकसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था<br>• प्राकृतिक स्रोतको कमी हुँदै गएको तथा रसायन प्रयोग |

| वस्तु | सबल पक्ष | कमजोरी | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | | सुगन्धित तेलबारे बढ्दो जानकारी<br>• नेपाली सौन्दर्य प्रसाधन सामग्रीमा स्वदेशी सुगन्धित तेलको प्रयोग | गरी सस्तोमा सिन्थेटिक सुगन्ध निकाल्न सकिने भएकाले सोसँग प्रतिस्पर्धा |

### १.५.१५ कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९

कृषि, पशुपन्छी तथा जडीबुटी क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्यूनीकरण गरी बीमा प्रवर्द्धन गर्ने ।

### १.५.१६ जडीबुटी प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७६

महत्वपूर्ण जडीबुटीहरूको प्रशोधन देशभित्र नै गर्दै जडीबुटीको मूल्य अभिवृद्धि गर्ने र दीर्घकालीन रुपमा देशभित्र नै नेपाली जडीबुटीमा आधारित वस्तु उत्पादन गर्दै सामाजिक गरिबी न्यूनीकरण र समतामूलक विकासमा सघाउ पुऱ्याउने उद्देश्य रहेको छ । पकेट (कम्तिमा १० हेक्टर), ब्लक, जोन र सुपरजोनको व्यवस्था अन्तर्गत पकेट क्षेत्रमा उत्पादन गर्ने, ब्लकमा संकलन केन्द्र, जोनमा प्रशोधन केन्द्र र सुपर जोनमा उद्योग स्थापना गर्ने उल्लेख गरिएको छ ।

### १.५.१७ जडीबुटीको व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७

प्रदेश अनुसार जडीबुटी खेतीका लागि प्रजातिहरू छनौट गरिएको (अनुसूची ७)।

## १.६ जडीबुटी संरक्षण, संवर्धन तथा बजारीकरणमा रहेका समस्याहरू तथा भावी कार्यदिशा

**समस्याहरू**

- नेपालका विभिन्न भौगोलिक क्षेत्रमा उपलब्ध जडीबुटीहरूको यकिन तथ्याङ्क र एकीकृत अभिलेखको अभाव रहनु ।
- नेपालमा प्रदेशगत तथा भौगोलिक क्षेत्र अनुरूप जडीबुटीको उपलब्धता एवं व्यावसायिक खेती विस्तारको सम्भाव्यता (पकेट क्षेत्र विकास) सम्बन्धी विस्तृत अध्ययन-अनुसन्धान कार्यले यथेष्ट प्राथमिकता नपाएको ।
- उच्च व्यापारिक महत्व भएका जडीबुटीहरूको अधिक संकलनका कारण प्राकृतिक स्रोतको परिमाण घट्दै जानु तथा केही प्रजातिहरू जस्तैः जटामसी, अतिस, वन लसुन, पदमचाल,

पाषणभेद, सुगन्धवाल, चुत्रो आदिको खेती विस्तार हुन नसक्दा यी प्रजाति लगायत उच्च मूल्यका जडीबुटीहरूको अस्तित्व जोखिममा रहेको ।

- दिगो संकलन सम्बन्धी प्राविधिक ज्ञान र सीपको कमीले गर्दा जडीबुटीको अव्यवस्थित दोहन भई कच्चापदार्थको गुणस्तर र प्राकृतिक स्रोतमा ह्रास आएको । उदाहरणका लागि फल परिपक्व नहुँदै जरा संकलन गर्ने जस्ता अवैज्ञानिक अभ्यासहरू विद्यमान रहनु ।
- जडीबुटी संकलन गरे पश्चात् संकलन अनुमति लिने परिपाटीले गर्दा वन व्यवस्थापन योजनाभन्दा बढी परिमाणमा संकलन हुनु र छोडपुर्जी कम परिमाणको पाउँदा बाँकी जडीबुटी खेर गइरहेको ।
- जडीबुटी खेती, संकलन, स्थानान्तरण र आयात तथा निर्यातमा प्रक्रियागत कठिनाई रहेको ।
- जडीबुटीको गुणस्तर प्रमाणीकरणका लागि प्रमाणिक प्रयोगशालाहरूको पर्याप्त विस्तार हुन नसक्नु र उपलब्ध सेवाहरूमा सरोकारवालाहरूको सहज पहुँच स्थापित हुन नसकेको ।
- Traceability प्रणालीको अभाव, प्रयोगशालाहरूको सीमित क्षमता, न्यून परिमाणमा उत्पादन र कमजोर प्याकेजिङका कारण नेपाली निर्यातकर्ताहरूले अन्तर्राष्ट्रिय स्तरको गुणस्तर र कडा मापदण्डहरू पूरा गर्न नसकेको ।
- अन्तर्राष्ट्रिय मान्यता प्राप्त परीक्षण प्रयोगशालाको कमी तथा अर्गानिक एवं असल उत्पादन अभ्यास (GMP) प्रमाणीकरण गर्ने जिम्मेवार निकायहरूको स्पष्टता नहुँदा स्वदेशी उत्पादनहरूलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन कठिनाइ उत्पन्न भएको ।
- नेपालमा खपत भइरहेका आयातित जडीबुटीहरूको हालसम्म व्यवसायिक खेती हुन नसक्दा औषधी उत्पादनमा कठिनाइ देखिएको । उदाहरणका लागि निसोध, केशर, अश्वगन्धा आदि ।
- जडीबुटी खेतीका लागि सहुलियत ऋण, बीमामा सहज पहुँच नहुँदा साना जडीबुटी कृषकहरूको व्यवसायिकता प्रवर्द्धन हुन नसकेको ।
- जडीबुटीको न्यूनतम समर्थन मूल्य निर्धारण नहुँदा बजार मूल्यमा निरन्तर उतारचढाव आइरहने विद्यमान समस्याका कारण उत्पादक तथा संकलकहरूले आफ्नो उत्पादनको उचित र न्यायोचित मूल्य प्राप्त गर्न नसकेको ।
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा व्यवस्थित एवं आधुनिक जडीबुटी भण्डारण गृह र उपयुक्त सुकाउने संयन्त्रको (घाम वा छायाँमा) अभावले गर्दा चिसो र ढुसीका कारण जडीबुटीको गुणस्तरमा ह्रास आउनुका साथै बहुमूल्य स्रोत खेर गइरहेको ।
- मिचाहा प्रजातिहरूको अनियन्त्रित फैलावटका कारणले गर्दा जडीबुटीको प्राकृतिक उपलब्धतामा ह्रास हुँदै गएको ।
- जलवायु परिवर्तनको कारणले गर्दा जडीबुटीको जीवनचक्र एवं फैलावटमा नकारात्मक प्रभावहरू बढ्दै गएको ।
- नेपाली जडीबुटीको प्रचुरता र गुणस्तरीयताबारे विश्वबजारमा यथेष्ट प्रचारप्रसार तथा ब्रान्डिङ हुन नसक्दा स्वदेशी उत्पादनले अन्तर्राष्ट्रिय स्तरमा उचित मूल्याङ्कन र पहिचान पाउन नसकेको ।
- विश्व व्यापार संगठन (WTO) को प्रावधान अनुरूप जडीबुटीको उत्पादन र बजारीकरण गर्न

आवश्यक पर्ने "असल खेती तथा संकलन अभ्यास" (GACP) सम्बन्धी पर्याप्त ज्ञान र सीपको कमी तथा यस दिशामा यथेष्ट क्षमता विकास हुन नसकेको ।

**भावी कार्यदिशा**

- नेपालका विभिन्न भौगोलिक क्षेत्रमा पाइने जडीबुटीहरूको उपलब्धताबारे एकीकृत विवरण निरन्तर रुपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने ।
- नेपालमा सञ्चालित जडीबुटीसँग सम्बन्धित उद्योगहरूमा खपत हुने जडीबुटीको प्रकार र परिमाण, प्रशोधनको अवस्था तथा उत्पादित वस्तुहरूको विस्तृत विवरणसहितको अद्यावधिक एवं एकीकृत तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढ गरिनुपर्ने ।
- लोपोन्मुख जडीबुटी प्रजातिहरूको संरक्षण कार्ययोजना बनाई लागु गर्नुपर्ने ।
- जडीबुटी सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वनका लागि आवश्यक पूर्वाधारको निर्माण गर्न र अध्ययन अनुसन्धान कार्यमा लगानी अभिवृद्धि गर्नुपर्ने ।
- जडीबुटीको उच्च सम्भाव्यता भएका वन क्षेत्रलाई हर्बल जोन (herbal zone) को रुपमा विकास गरी जडीबुटी खेती विस्तार, प्रशोधन केन्द्र स्थापना, भण्डारण केन्द्र निर्माण र जडीबुटीमा आधारित उद्योगहरूको स्थापना एवं सञ्चालन कार्यमा जोड दिनुपर्ने ।
- आयुर्वेदिक औषधी उद्योगहरूको मागको आधारमा आवश्यक भएका जडीबुटीहरूको व्यवसायिक खेतीको लागि ग्यारेन्टेट बाइ-ब्याक (Guaranteed Buy-back) सम्झौताको व्यवस्था गरिनुपर्ने ।
- जडीबुटी किसान र उद्यमीलाई गुणस्तरीय बीउ, बिरुवा वितरण र उन्नत खेती, प्रविधि, बजार व्यवस्थापन, र व्यवसाय सञ्चालनबारे अभिमुखिकरण गराउनुपर्ने ।
- जडीबुटी खेती प्रवर्द्धनका लागि Crop Rotational Farming जस्ता पद्धतिहरूको अवलम्बनमा जोड दिनुपर्ने ।
- नेपालमा उत्पादन नहुने र नेपालमा खपत हुने जडीबुटीहरूको व्यावसायिक खेतीमा प्रोत्साहन दिनुपर्ने ।
- जडीबुटी खेती, संकलन, स्थानान्तरण र आयात, निर्यातमा रहेका प्रक्रियागत कठिनाईलाई सरलीकृत गर्दै जाने ।
- स्थानीय स्तरमा आवश्यकता अनुसार जडीबुटी भण्डारण एवं प्रशोधन केन्द्र विस्तार गरी साना कृषकहरूमा व्यवसायिकता प्रवर्द्धनमा जोड दिनुपर्ने ।
- प्रविधिमैत्री नर्सरीको विकास, गुणस्तरीय उत्पादन र मूल्य अभिवृद्धि श्रृंखला मार्फत् बजार मूल्य सुनिश्चित गर्नुपर्ने ।
- जडीबुटीजन्य उत्पादनका लागि राष्ट्रिय ब्रान्डिङ, ट्रेसबिलिटी, भौगोलिक संकेत (GI) र अन्तर्राष्ट्रिय प्रमाणिकरण प्रणालीको विकास गर्नमा प्राथमिकता दिनुपर्ने ।
- जडीबुटीजन्य उत्पादनको अन्तर्राष्ट्रिय बजारका लागि "नेपाल जडीबुटी गुणस्तर चिन्ह" को विकास गरी उत्पत्ति र गुणस्तरको जानकारी दिने प्रणाली अवलम्बन गर्नमा विशेष जोड दिनुपर्ने ।

- निर्यातयोग्य जडीबुटी तथा आयुर्वेदिक उत्पादनका लागि अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार, व्यापार प्रवर्द्धन र 'ग्रीन च्यानल' सहितको सहजीकरण कार्यक्रम सञ्चालनमा जोड दिनुपर्ने ।
- जडीबुटीजन्य उत्पादनहरूको बजार सूचना प्रवाह गर्न डिजिटल बजार सूचना प्रणाली (Market Information System) को विकास गर्नुपर्ने ।
- व्यापारमा जाने जडीबुटीहरूको राजस्व निर्धारण र वैज्ञानिक नाममा एकरुपता कायम गर्न वन सम्बन्धी कानूनमा समयोचित संशोधन गर्दै व्यापारमा सहजता प्रदान गर्नुपर्ने ।
- उत्पादनमा आधारित जडीबुटी बीमा विस्तार कार्यक्रम, अनुदान र सहुलियत ऋणमा जोड दिनुपर्ने ।
- जडीबुटी सम्बन्धी विषयवस्तुलाई विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्नुपर्ने ।
- स्थानीय जनसमुदायमा जडीबुटीको गुणस्तर खेती तथा संकलन अभ्यास (GACP) सम्बन्धी क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रममा विशेष जोड दिनुपर्ने ।
- सार्वजनिक, निजी, सहकारी क्षेत्र तथा विश्व-विद्यालय र अनुसन्धान संघ-संस्थाहरूसँगको समझदारी-पत्र (MoU) बमोजिम जडीबुटी खेती विस्तार, जडीबुटीको प्राकृतिक फैलावट एवं जीवनचक्रमा जलवायु परिवर्तनको प्रभाव लगायतका विषयमा अध्ययन-अनुसन्धानका लागि सहकार्य गर्न जोड दिनुपर्ने ।
- बाँझो जमिन एवं हैसियत बिग्रिएको वन क्षेत्र, नदी उकास जग्गा तथा मिचाहा प्रजाति फैलिएको क्षेत्रमा जडीबुटी खेती विस्तार गर्न स्थानीय जनसमुदायको परिचालनमा जोड दिनुपर्ने ।

## २.१ आर्थिक विकास तथा व्यापारिक महत्व भएका जडीबुटी प्राथमिकीकरणका आधारहरू

यस पुस्तकमा समावेश गरिएका जडीबुटीहरूको छनौटका लागि निम्न आठवटा आधारवर्गहरू तय गरिएका छन् । प्रत्येक वर्गलाई थप तीन उप-वर्गमा विभाजन गरी आयात-निर्यात परिमाण, मूल्य, फैलावट, उपयोग, जमिनको उर्वर क्षमता, बाली संकलन अवधि र संरक्षणको अवस्थाका आधारमा पच्चीसवटा जडीबुटीहरू छनौट गरिएका छन् । वार्षिक ५० टनभन्दा कम परिमाण वा रु. ५० लाखभन्दा कम मूल्य बराबर आयात-निर्यात भएका जडीबुटी प्रजातिहरूलाई छनौटको परिधि भन्दा बाहिर राखिएको छ ।

### क. व्यापारिक माग

(i) ५० मे. टनदेखि १०० मे. टनसम्म निकासी भएका प्रजाति

(ii) १०० मे. टनभन्दा बढीदेखि १५० मे. टनसम्म निकासी भएका प्रजाति

(iii) १५० मे. टनभन्दा बढी निकासी भएका प्रजाति

### ख. बजार मूल्य

(i) वार्षिक रु. ५० लाखदेखि रु.१ करोडसम्मको मूल्य बराबर आयात-निर्यात

(ii) वार्षिक रु. १ करोडभन्दा बढीदेखि रु.२ करोडसम्मको मूल्य बराबर आयात-निर्यात

(iii) वार्षिक रु. २ करोडभन्दा बढी मूल्य बराबर आयात-निर्यात

**ग. स्वदेश भित्रै मूल्य अभिवृद्धिको सम्भावना**

(i) साधारण सरसफाई गरिने प्रजाति

(ii) आंशिक प्रशोधन (छटाइ, पिसाइ, कुटाइ, थिचाइ आदि) गरिने प्रजाति

(iii) यान्त्रिक प्रशोधन गरिने प्रजाति

**घ. फैलावट**

(i) सानो क्षेत्रफलमा सीमित भएको प्रजाति

(ii) एक वा दुई जलवायु भएको क्षेत्रमा पाइने प्रजाति

(iii) दुईभन्दा बढी जलवायु भएको क्षेत्रमा पाइने प्रजाति

**ङ. बाली संकलन अवधि**

(i) पाँच वर्षभन्दा बढी अवधिमा बाली लिन सकिने प्रजाति

(ii) तीन देखि पाँच वर्ष भित्रको अवधिमा बाली लिन सकिने प्रजाति

(iii) तीन वर्षको अवधि भित्रमा बाली लिन सकिने प्रजाति

**च. जमिनको उर्वर क्षमता**

(i) उर्वर जमिनमा हुने प्रजाति

(ii) मध्यम उर्वर जमिनमा हुने प्रजाति

(iii) न्यून उर्वर जमिनमा हुने प्रजाति

**छ. उपयोगिता**

(i) घरेलु उपयोग भएका प्रजाति

(ii) घरेलु तथा बजार भएका प्रजाति

(iii) बहु उपयोग (व्यापार, औषधी, खाद्य, घरेलु आदि) भएका प्रजाति

**ज. संरक्षणको स्थिति**

(i) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनले प्रतिबन्ध/नियमन गरिएका संवेदनशील प्रजाति

(ii) कानूनले प्रतिबन्ध/नियमन गरिएका तर खेती प्रविधि विकास भइसकेका प्रजाति

(iii) कानूनले प्रतिबन्ध/नियमन नगरिएका साथै खेती प्रविधि विकास भइसकेका प्रजाति

## २.२ प्रजातिको सम्भावित फैलावट नक्सा तयारका आधार

यस पुस्तकमा समाविष्ट जडीबुटी प्रजातिहरूको सम्भावित भौगोलिक फैलावट नक्सा (Potential Distribution Map) सम्बन्धित प्रजातिको उचाइगत दायरा (Altitudinal range) तथा प्राकृतिक वितरणलाई आधार मानेर तयार गरिएको हो । उक्त नक्साहरुमा प्रजातिका लागि सर्वाधिक अनुकूल तथा सम्भावित भौगोलिक क्षेत्रलाई गाढा हरियो रङ्गद्वारा दर्शाइएको छ ।

# भाग दुई:
# नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने सम्भावना रहेका जडीबुटीहरूको संक्षिप्त जानकारी

## १. अतिस

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Delphinium himalayae* Munz |
| स्थानीय नाम | : | अतिसरस, अतिस जरा |
| नेपाली नाम | : | अतिस |
| अंग्रेजी नाम | : | Aconite, Delphinium |
| व्यापारिक नाम | : | अतिस |
| वानस्पतिक परिवार | : | Ranunculaceae |



अतिसको विरुवा



जरा सहित अतिसको विरुवा



अतिसको सुकेको जरा

**परिचयः** अतिस एक शाकीय (herb) वर्गको ३०-१०० से.मी.सम्म अग्लो हुने बहुवर्षीय वनस्पति हो। यसका जराहरू आपसमा जोल्टिएका र हल्का सेतो-खैरो रङका हुन्छन्। यसका पातहरू लामा भेट्नो भएका हत्केला जस्ता पाँच खण्डमा विभाजित भएका हुन्छन् र दुवै भागमा मसिना रौँहरूले ढाकिएका हुन्छन्। बिरुवाको टुप्पोमा नीला वास्नादार फूलहरू झुप्पामा फुलेका हुन्छन्। फूलहरू असारदेखि भदौसम्म फुल्दछन् भने फल असोजदेखि कार्तिकसम्म पाक्छ।

**फैलावटः** अतिस नेपाल र चीनको तिब्बती पठारमा मात्र प्राकृतिक रुपमा पाइने वनस्पति हो। यो पश्चिम र मध्य नेपालको २,००० मी.देखि ४,६०० मी.सम्मको उचाई भएका खुला भिरालो घाँसे मैदानमा प्राकृतिक रुपमा पाइन्छ। नेपालका दार्चुला, डोटी, हुम्ला, जुम्ला, लम्जुङ्ग, गोरखा, रसुवा लगायतका जिल्लाहरूबाट यो वनस्पति रिपोर्ट भएको छ।



**उपयोगिताः** अतिस महत्वपूर्ण औषधीय वनस्पति हो। यसको जरा विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको जरा रगत शुद्धिकरण गर्न, शक्तिवर्धक, स्नायु सम्बन्धी समस्यामा, टाउको, आँखा र दाँत दुखेकोमा, अपच र आउँको उपचारमा प्रयोग गरिन्छ। स्थानीय स्तरमा यसको जरा खोकीमा, ज्वरोमा, पखाला लागेमा, रगतमासी, हैजा, पेट दुखेमा, सर्प र बिच्छिले टोक्दा प्रयोग गरेको पाइन्छ। यसैगरी गाईवस्तुको खुरमा भएको घाउमा पनि यस बिरुवाको धुलो अथवा रस प्रयोग गरेको पाइन्छ।

**संकलन समयः** व्यापारिक र औषधीय प्रयोजनका लागि अतिसको जरा संकलन गरिन्छ। कार्तिक-मंसिर महिनामा जब फेदका पातहरू सुक्दछन् र बीउ पनि परिपक्व भई झर्दछन् यस्तो समयमा जरा संकलन गर्नका लागि उपयुक्त हुन्छ। बीउबाट उम्रिएको बिरुवा संकलनयोग्य हुन ३ वर्ष लाग्दछ ।

**उत्पादन र बजारः** अतिसको उत्पादन जंगलबाट मात्रै भएको पाइन्छ। केही जिल्लाहरू (जुम्ला, रसुवा) मा यसको खेतीको सुरुवात गरिए तापनि व्यवसायिक रुपमा खेती नभएको देखिन्छ। अतिसको जराको आन्तरिक एवं अन्तर्राष्ट्रिय बजारमा माग रहेको पाइन्छ। भन्सार विभागबाट प्राप्त ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को तथ्याङ्क हेर्दा बर्सेनि औसतमा ७५ लाख रुपैयाँ बराबरको ११ टन अतिसको जरा निर्यात भएको देखिन्छ। हाल अतिसको बजार मूल्य प्रति किलो रु. ३,००० रहेको देखिन्छ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** हालसम्म यो वनस्पति कुनै संरक्षण सूचीमा रहेको छैन। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम अतिसको जराको राजश्व दस्तुर प्रतिकिलो रु. १५ तोकिएको छ।

## २. अमला

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Phyllanthus emblica* L. |
| स्थानीय नाम | : | अमला, आवँला |
| नेपाली नाम | : | अमला |
| अंग्रेजी नाम | : | Emblic myrobalan, Gooseberry |
| व्यापारिक नाम | : | अमला, आवँला |
| वानस्पतिक परिवार | : | Phyllanthaceae |




अमलाको रुख




अमलाको ताजा फल




सुकाएको अमलाको फल

**परिचयः** अमला मझौला खालको रुख वर्गको पतझर वनस्पति हो । यसका पातहरू एउटै डाँठमा दुवैतिर लहरै मिलेका र मसिना हुन्छन् । फूलहरू पातको मुनि टम्म मिलेर चैत्र-वैशाखमा फुल्दछन् । फूलहरू वासनादार हरिया तथा पहेँलो रङ्गका हुन्छन् । यसका फलहरू गुदीदार करिब २ से.मी.सम्म व्यास भएका गोलो आकारका हुन्छन् । फल काँचोमा हरियो देखिन्छ भने पाकेपछि हल्का पहेँलो हुन्छ । अमलाको वासस्थान अनुसार आश्विन महिनादेखि फागुन महिनासम्म यसको फल संकलन योग्य हुन्छ । उन्नत जातका अमलाहरू देशका विभिन्न स्थानमा खेती गरिएको पाइन्छ । यी फलहरू जंगली अमलाको फल भन्दा ३/४ गुणा ठूला हुन्छन् ।

**फैलावटः** अमला भारत, पाकिस्तान, श्रीलङ्का, भुटान, उत्तरी बर्मा, दक्षिण चीन, इण्डो चीन, मलेशिया लगायतका उष्ण तथा उपोष्ण एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म र तराईदेखि २,००० मी.सम्मको पहाडी क्षेत्रमा पाइन्छ ।



**उपयोगिता:** अमलाको जरा, बोक्रा, पात, फल, बीउ र फूलहरू विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गरेको पाइन्छ भने फल व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। अमलाको फल प्रसिद्ध आयुर्वेदिक औषधी त्रिफलाको एउटा अवयव हो। त्यस्तै च्यवनप्राश, अचार, तितौरा र सौन्दर्य प्रदायक सामग्री जस्तै कपालमा लगाउने तेल, क्रिम, सेम्फुका साथै कपाल रंगाउने मेहेन्दी, दन्तमञ्जन बनाउन फल प्रयोग गरेको पाइन्छ।

**संकलन समय:** व्यापारिक र औषधीय प्रयोजनका लागि फल संकलन गरिन्छ। यसको वासस्थान अनुसार आश्विन महिनादेखि फागुन महिनासम्म यसको फल संकलन गरिन्छ ।

**उत्पादन र बजार:** अमलाको उत्पादन जंगलमा मात्र भएको पाइन्छ। नेपालका केही स्थानमा अमलाको खेती गर्ने प्रयास गरिए तापनि व्यवसायिक रुपमा भने यसको खेती भएको पाइँदैन। अमलाको फल आन्तरिक बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत माग रहेको पाइन्छ। अचार र तितौरा बनाउन, आयुर्वेदिक औषधी, सौन्दर्य प्रदायक सामग्री बनाउन स्वदेशी उद्योगहरूले खपत गरेको पाइन्छ। सिंहदरबार वैद्यखाना लगायत अन्य आयुर्वेदिक औषधी बनाउने उद्योगहरू प्रत्येकले बर्सेनि १ टन देखि ६ टन सम्म अमला खपत गर्दछन्। भन्सार विभागबाट प्राप्त ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को तथ्याङ्क हेर्दा बर्सेनि औसतमा १.३४ करोड रुपैयाँ बराबरको ९० टन अमलाको फल नेपालबाट निर्यात गरेको पाइन्छ भने २.५ टन बर्सेनि औसतमा आयात भएको देखिन्छ। त्यसै गरी कुनै वर्षमा अमलाको extract पनि निर्यात भएको देखिन्छ। हाल अमलाको बजार मूल्य प्रति केजी १५० रुपैयाँ रहेको छ।




स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले अमलालाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। त्यसै गरी वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका अमलालाई कृषि उपज सरह संकलन, बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम अमलाको सुकेको फलको राजश्व दस्तुर प्रतिकिलो रु. २ तोकिएको छ।

## ३. काउलो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Machilus odoratissimus* Nees |
| स्थानीय नाम | : | भाते काउलो, सेतो काउलो, पावन |
| नेपाली नाम | : | काउलो |
| अंग्रेजी नाम | : | Fragrant Bay tree |
| व्यापारिक नाम | : | काउलो |
| वानस्पतिक परिवार | : | Lauraceae |



काउलोको रुख



काउलोको काठको बोक्रा

**परिचयः** काउलो रुख वर्गको मझौला खालको सदाबहार वनस्पति हो। यसको रुख धेरै हाँगाहरू भएको झ्याम्म परेको हुन्छ। यसका काण्डका बोक्रा कलिलोमा खैरो-खैरो हुन्छ भने परिपक्व हुँदा खस्रो र चिरा पर्दै जान्छ। काठ कडा र बलियो हुन्छ। यसका पातहरू भेट्नो भएका चौडा हुन्छन्। फूलहरू हल्का हरिया तथा पहेँलो रङ्गका हुन्छन्। फाल्गुन चैत्रमा फूलहरू फुल्दछन् भने यसका फलहरू साउनदेखि असोजसम्ममा पाक्दछन्।




**फैलावटः** काउलो पश्चिमी हिमालय, पूर्व हिमालय, असम-म्यानमार, दक्षिण एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म ३०० मी. देखि २,२०० मी. सम्मको उचाईमा पाइन्छ। यो प्रजाति

ओसिलो ठाउँ र जैविक तत्व भएको बलौटे माटोमा हुर्कन्छ। यसको खेती पानी नजम्ने, बलौटे, गाढा कालो, प्रशस्त प्राङ्गारिक तत्व भएको माटो भएको स्थानमा गर्न सकिन्छ।

**उपयोगिता:** काउलोको काठको बोक्रा विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गरेको पाइन्छ भने व्यापारिक प्रयोजनका लागि यसको बोक्रा उपयोग गरिन्छ। काउलोको बोक्राको धुलो स्थानीय स्तरमा सेलरोटी नरम बनाउन चामलको पिठोमा मिसाउने गरिन्छ भने पखाला लाग्दा र पिनास हुँदा घरेलु औषधीको रुपमा प्रयोग गरिन्छ। आयुर्वेदिक प्रणाली अनुसार हातखुट्टा भाँचिएमा वा मर्किएमा यसको बोक्राको लेदोलाई अन्य वनस्पतिसँग मिलाएर बनाइएको मिश्रणलाई औषधीको रुपमा प्रयोग गरी उपचार गरिन्छ। यसको बोक्राको धुलो अगरबत्ती बनाउँदा मसलाहरू टाँस्न बाइन्डिङ एजेन्टको रुपमा समेत प्रयोग गरिन्छ।

**संकलन समय:** व्यापारिक र औषधीय प्रयोजनका लागि बोक्रा संकलन गरिन्छ। यसको बोक्रा पुस महिनामा वयस्क बोटको काण्डबाट संकलन गरिन्छ। यसको बिरुवा रोपेको ८-१० वर्षपछि यसको बोक्रा संकलनयोग्य हुन्छ।

**उत्पादन र बजार:** काउलोको उत्पादन जंगलका साथै खेतीबाट पनि गरेको पाइन्छ। पश्चिम नेपालका विभिन्न जिल्लामा काउलोको खेती गरी बर्सेनि उत्पादन गरिन्छ। स्वदेशी उद्योगहरूले आयुर्वेदिक औषधी, अगरबत्ती, सौन्दर्य प्रदायक सामग्री बनाउन खपत गरेको पाइन्छ। भन्सार विभागबाट प्राप्त ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को तथ्याङ्क हेर्दा बर्सेनि औसतमा १.६७ करोड रुपैयाँ बराबरको १९५ टन काउलोको बोक्रा नेपालबाट निर्यात गरेको पाइन्छ। यसको बजार मूल्य रु. ८० देखि १०० प्रति किलो रहेको देखिन्छ।




स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** हालसम्म यो वनस्पति कुनै पनि संरक्षण सूचीमा समावेश भएको छैन। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम काउलोको सुकेको बोक्राको राजश्व दस्तुर प्रतिकिलो रु. ३० तोकिएको छ।

## ४. काकोली/वनलसुन

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Fritillaria cirrhosa* D.Don. |
| स्थानीय नाम | : | वनलसुन |
| नेपाली नाम | : | काकोली, वनलसुन |
| अंग्रेजी नाम | : | Yellow Himalayan fritillary |
| व्यापारिक नाम | : | वनलसुन/काकोली |
| वानस्पतिक परिवार | : | Liliaceae |




काकोलीको बिरुवा




काकोलीको गाना

**परिचयः** काकोली/वनलसुन (*Fritillaria cirrhosa*) एक गानोयुक्त परम्परादेखि जडीबुटीको रुपमा प्रयोग गरिने बहुबर्षीय शाकीय प्रकृतिको वनस्पति हो। यो करिब १३ देखि ७५ से.मी.सम्म अग्लो हुने वनस्पति हो। यसको गानो सेतो लसुन जस्तै देखिने उपगोलाकार वा अण्डाकार र दुईवटा पोटी भएका हुन्छन्। यसको गानो १.५ से.मी.देखि ३ से.मी.सम्म व्यास भएको हुन्छ। डाँठ हाँगा विहीन हुन्छ। ७ देखि ११ वटा भेट्नो नभएका लामो साघुरा पात हुन्छन्। फूल पहेँलो-हरियोमा बैजनी रङ्गको थोप्ला भएको घण्टी आकारको हुन्छ। हावापानी अनुसार फूल वैशाख-असारसम्म फुल्छ भने फल साउन-कार्तिकसम्म लाग्दछ।

**फैलावटः** वनलसुन हिमालय, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ। नेपालको पूर्वदेखि पश्चिम भेगमा ३,००० मी.देखि ४,८०० मी.सम्मको उचाईमा उत्तरतिर फर्केको सेपिलो र ओसिलो क्षेत्रका जंगहरूलमा पाइन्छ। वनलसुन नेपालका बझाङ, बाजुरा, दार्चुला,

डोटी, डोल्पा, हुम्ला, जाजरकोट, मुगु, जुम्ला, बाग्लुङ, गोरखा, कास्की, लम्जुङ, मनाङ, मुस्ताङ, म्याग्दी, धादिङ, दोलखा, रामेछाप, रसुवा, पाँचथर, संखुवासभा, सोलुखुम्बु र ताप्लेजुङ जिल्लाहरूका हिमाली/पहाडी क्षेत्रमा पाइन्छ।




**उपयोगिता:** वनलसुनको पात, फल र गानो उपयोगी भागहरू हुन् । आयुर्वेदिय चिकित्सा पद्धतिमा यसको गानो र फल शक्तिवर्धक, भाँचिएको, रक्त विकार, ज्वरो, खोकी, दम, ब्रोन्काइटिस, मधुमेह निको पार्ने औषधीको रुपमा प्रयोग गरिन्छ। यसको गानो विदेश निर्यात हुँदै आएको छ।

**संकलन समय:** कार्तिक-मंसिर महिनामा जब फेदका पातहरू सुक्दछन् र बीउ पनि परिपक्व भई झर्दछन् यस्तो समयमा गानो संकलन गर्नका लागि उपयुक्त हुन्छ। बीउबाट उम्रिएको बिरुवा संकलन योग्य हुन ४-५ वर्ष लाग्दछ।

**उत्पादन र बजार:** वनलसुनको उत्पादन प्राकृतिक वासस्थानबाट मात्र भएको पाइन्छ। वन लसुन अन्तर्राष्ट्रिय बजारमा माग रहेको महत्वपूर्ण जडीबुटी हो ।भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार नेपालबाट औसतमा लगभग १.५ करोड रुपैयाँ बराबरको ३२ टन प्रति वर्ष काकोली र वनलसुनको नामबाट निर्यात भएको देखिन्छ। हाल काकोली/वनलसुनको बजार मूल्य प्रति किलो रु. १६,००० रहेको देखिन्छ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले काकोलीलाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम काकोली/वनलसुन (*Fritillaria cirrhosa*) को गानोको राजश्व दस्तुर प्रतिकिलो रु. ५ तोकिएको छ भने वनलसुन (*Allium wallichii/Lilium nepalense*) को गानोको राजश्व दस्तुर प्रतिकिलो रु. ३० तोकिएको छ।

## ५. कालीकाठ/वायुविडङ्ग

**परिचयः** कालीकाठ, वैज्ञानिक नामः *Myrsine semiserrata* र वायुविडङ्ग, वैज्ञानिक नामः *Embelia tsjeriam-cottam*, Primulaceae परिवार अन्तर्गत पर्ने दुई फरक किसिमका प्रजाति हुन् । यी दुवै प्रजाति फरक भए तापनि दुवैका फल झट्ट हेर्दा उस्तै देखिने हुनाले बजारमा यिनीहरूका फल मिसाएर कालीकाठको दाना वा वायुविडङ्ग नामबाट बिक्री भइरहेको देखिन्छ । वायुविडङ्ग/कालीकाठको दाना, भारतमा पाइने वायुविडङ्ग वा विडङ्ग (*Embelia ribes*) को विकल्पको रुपमा प्रयोग गरेको देखिन्छ ।



वायुविडङ्गको फल



वायुविडङ्गको बिरुवा



कालीकाठको बिरुवा



वायुविडङ्गको हर्वेरियम नमुना



कालीकाठको हर्वेरियम नमुना

| नेपाली नाम | काली काठ, फलामे | वायुविडङ्ग, विडङ्ग |
|---|---|---|
| वैज्ञानिक नाम | *Myrsine semiserrata* Wall. | *Embelia tsjeriam-cottam* (Roem. & Schult.) A.DC. |
| अंग्रेजी नाम | Blueberry myrtle | Robost Embelia |
| व्यापारिक नाम | कालीकाठको दाना, वायुविडङ्ग, विडङ्ग | वायुविडङ्ग, विडङ्ग, कालीकाठको दाना |
| वैज्ञानिक परिवार | Primulaceae | Primulaceae |
| वनस्पतिको स्वरुप | यो वनस्पति ३-७ मिटरसम्म अग्लो हुने हाँगाविँगा भएको झाडी वा सानो रुख हो । यसका पातहरू अन्डवृत्ताकार वा भालाकारका करिब ५-१२ से.मी.सम्म लम्बाइ र २-४ से.मी.सम्म चौडाई भएका हुन्छन् । | यो ३-५ मिटरसम्म अग्लो हुने हाँगाबिँगा भएको झाडी वर्गको वनस्पति हो । यसका पातहरू अन्डवृत्ताकार वा भालाकारका करिब ५-१५ से.मी.सम्म लम्बाइ र ३-६ से.मी.सम्म चौडाई भएका, राता नशा स्पष्ट देखिने र तल्लो सतहका नशामा |

| | | |
|---|---|---|
| | पातको मध्य भागसम्म सूक्ष्म दन्तुर किनारा भएका, चिप्लो र भेट्नो भएका हुन्छन् । हाँगामा पातसँगै डाँठ नभएका सेता फूलका झुप्पाहरू हुन्छन् । फल करिब ५-७ मी.मी. व्यासका, गोलाकार (globose) हुन्छन् । फल काँचोमा हरियो हुन्छ भने पाँकेपछि सुन्तला रङ्गका हुँदै बैजनी-काला रङ्गका देखिन्छन् । | रौँ भएका, सूक्ष्म दन्तुर किनारा र भेट्नो भएका हुन्छन् । हाँगामा पातको काखबाट २.५-४ से.मी. लामो डाँठमा साना हरियो-पहेंलो रङका फूलहरू फुल्छन् । फल करिब ३-४ मी.मी. व्यासका, गोलाकार हुन्छन् । पाकेपछि रातो रङका हुन्छन् । |
| फूल फुल्ने/फल लाग्ने समय | चैत्र-वैशाखमा फुल्छन् र कार्तिक मङ्सिरमा फल पाक्दछन् । | फाल्गुन-चैत्रमा फुल्छन् र असोज-कार्तिकमा फल पाक्दछन् । |
| फैलावट | कालीकाठ पश्चिम हिमालय, पूर्व हिमालय, चीनको तिब्बती पठार, असम-म्यानमार, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म १,००० मी.देखि २,७०० मी.सम्मको उचाईमा रिपोर्ट भएको छ । | पश्चिम हिमालय, पूर्व हिमालय, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म ४०० मी.देखि १,६०० मी.सम्मको उचाईमा रिपोर्ट भएको छ । |



कालीकाठ (*Myrsine semiserrata*)



वायुविडङ्ग (*Embelia tsjeriam-cottam*)

**उपयोगिताः** वायुविडङ्ग/कालीकाठको फल मुख्य उपयोगी भाग हो । आयुर्वेदिय चिकित्सा पद्धतिमा पनि यसको फल पेट सम्बन्धी औषधिको रुपमा प्रयोग गरिन्छ । यसको फल विभिन्न स्वदेशी आयुर्वेदिक उद्योगहरूले प्रयोग गर्नुका साथै विदेश निर्यात हुँदै आएको छ ।

**संकलन समय:** वायुविडङ्ग/कालीकाठको फल कार्तिकदेखि मंसिरसम्म पाक्दछ। फल रातो-कालो रङ्गको भए पछि संकलन गर्न उपयुक्त हुन्छ। बिरुवा लगाएको ३ देखि ५ वर्षमा उत्पादन लिन सकिन्छ।

**उत्पादन र बजार:** वायुविडङ्ग/कालीकाठको दानाको उत्पादन हालसम्म जंगलबाट मात्र भएको पाइन्छ। नेपालको भावरदेखि मध्य-पहाडी वन क्षेत्रबाट कालीकाठको दाना संकलन गरी बर्सेनि सयौं टन निर्यात भएको देखिन्छ। केही स्वदेशी आयुर्वेदिक उद्योगहरूले बर्सेनि १०० किलोसम्म खपत गरेको पाइन्छ भने डाबर नेपालले मात्र बर्सेनि २० टन कालीकाठको दाना खपत गर्दछ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार वायुविडङ्ग/कालीकाठको दाना नेपालबाट औसतमा ६.७ करोड रुपैयाँ बराबरको १४१ टन प्रति वर्ष निर्यात गरेको देखिन्छ। वायुविडङ्ग/कालीकाठको सुकेको फलको बजार मूल्य रु. ५०० देखि रु. ६०० सम्म रहेको देखिन्छ।




स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** यस वनस्पतिलाई हालसम्म कुनै पनि संरक्षण सूचीमा राखिएको छैन। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम कालीकाठको दाना (*Myrsine semiserrata*) को राजश्व दस्तुर प्रतिकिलो रु. ५ तोकिएको छ भने *Embelia tsjeriam-cottam* को राजश्व दस्तुर समावेश भएको छैन।

## ६. कुट्की

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Neopicrorhiza scrophulariiflora* (Pennell) D.Y.Hong |
| स्थानीय नाम | : | कटुकी, कटुको, तित्ता |
| नेपाली नाम | : | कुट्की |
| अंग्रेजी नाम | : | Picrorhiza |
| व्यापारिक नाम | : | कुट्की |
| वानस्पतिक परिवार | : | Plantaginaceae |



कुट्कीको बिरुवा



कुट्कीको सुकेको काण्ड

**परिचयः** कुट्की एक शाकीय प्रकृतिको जमिनको सतहमा फैलिएर बढ्ने बहुवर्षीय वनस्पति हो। यसका जमिनमा फैलिएका काण्डहरू बलियो, लामो, गाढा खैरो रङ्गको हुन्छ। यसका काण्डहरू पुराना पातका शेष भागले छोपिएको हुन्छ। यसका पातहरू अण्डाकारका ४ से.मी.सम्म लामा र १.५ से.मी.सम्म चौडा हुन्छन्। पातका किनाराहरू दाँतेदार हुन्छन्। यसका जरा, काण्ड र पात तितो हुन्छ। पातहरूको कापबाट माथि निस्किएको डाँठमा नीला वा बैजनी रङ्गका फूलहरू वैशाखदेखि भदौसम्म फुल्दछन्।

**फैलावटः** कुट्की भारतको गढवालदेखि भुटान, दक्षिण पूर्वी तिब्बत, उत्तरी बर्मा र पश्चिमी चीनमा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म ३,५०० मी.देखि ४,९०० मी.सम्मको उचाई भएको भिरालो चट्टानी भागमा वा चट्टान फुटेर बनेको बलौटे माटोमा पाइन्छ।



**उपयोगिताः** कुट्की महत्वपूर्ण औषधीय वनस्पति हो। जडीबुटीको व्यापारमा कुट्कीले मुख्य स्थान ओगटेको छ। कुट्कीको जरा तथा काण्ड विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको जरा तथा काण्ड रक्तविकार, पित्त, ज्वरो, रुघा खोकी, अजीर्ण, मधुमेह आदि रोगको उपचारमा प्रयोग गरिन्छ।

**संकलन समयः** व्यापारिक र औषधीय प्रयोजनका लागि कुट्कीको जरा तथा काण्ड संकलन गरिन्छ। असोज-कार्तिकसम्ममा यसका फल पाकेर झरिसक्छ। त्यसपछि यसको जरा तथा काण्ड संकलन गर्न सकिन्छ। कुट्कीको बिरुवा लगाएको ३ वर्षमा यसको काण्ड संकलनयोग्य हुन्छ।

**उत्पादन र बजारः** कुट्कीको उत्पादन जंगलबाट मात्रै भएको पाइन्छ। स्वदेशी उद्योगहरूले आयुर्वेद औषधी, सौन्दर्य प्रदायक सामग्री बनाउन खपत गरेको पाइन्छ। केही स्वदेशी आयुर्वेदिक उद्योगहरूले बर्सेनि २०० किलोदेखि ४०० किलोसम्म कुट्की खपत गर्दछन् भने डाबर नेपालले मात्र वार्षिक ३ टन खपत गर्दछ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार बर्सेनि औसतमा १४ करोड रुपैयाँ बराबरको १०५ टन कुट्की निर्यात भएको देखिन्छ। हाल यसको बजार मूल्य रु. २,००० प्रति किलो रहेको छ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले कुट्कीलाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। त्यसैगरी वन ऐन, २०७६ को दफा ७७ बमोजिम वनस्पति विभागले कुट्की (*Picrorhiza scrophulariflora*) हो भनी यकिन गरी सिफारिस गरेको आधारमा सो जडीबुटीको उपलब्धता समेतलाई दृष्टिगत गरी वन तथा भू-संरक्षण विभागले निकासी गर्न स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम कुट्कीको जराको राजश्व दस्तुर प्रतिकिलो रु. ४० तोकिएको छ।

## ७. कुरिलो/सतावरी

वैज्ञानिक नाम : *Asparagus racemosus* Willd.
स्थानीय नाम : कुरिलो, सतावरी, सतावर, झिझिरकाँडो, झिझिराइन
नेपाली नाम : कुरिलो, सतावरी
अंग्रेजी नाम : Wild Asparagus
व्यापारिक नाम : कुरिलो, सतावरी
वानस्पतिक परिवार : Asparagaceae




कुरिलो बोट




कुरिलोको जरा




प्रशोधित कुरिलोको जरा

**परिचयः** कुरिलो झाडी वर्गको काँडेदार, सदावहार प्रजाति हो । यसको जरा लामा, दुवै छेउमा सुकेका र बीचमा फुकेका औंला जस्ता मोटा १०-१०० वटा झुप्पासम्म हुन्छन् । जराको बाहिरी भाग फुस्रो पहेँलो हुन्छ भने भित्री भाग सेतो हुन्छ । डाँठ धेरै हाँगा भएको हुन्छ । पातहरू मसिना, घुम्रेका सियो जस्ता हुन्छन् । फूल धेरै साना वास्नादार र सेता रङ्गका झुप्पामा फुल्छन् । फल गोलो ४-७ मी.मी.सम्म व्यास भएका हुन्छन् । पाकेका फल रातो चिप्लो गुदी भएका हुन्छन् भने बीउहरू काला हुन्छन् । हावापानी अनुसार फूल चैत्र-असारसम्म फुल्छ भने फल भदौ-कार्तिकसम्म पाक्दछ ।




**फैलावटः** कुरिलो पश्चिम हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, दक्षिण-पूर्वी एसिया, दक्षिण-पश्चिम एसिया, अफ्रिका र अष्ट्रेलियामा प्राकृतिक रुपमा पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमको तराईदेखि ३,००० मिटरको उचाइसम्म फैलिएको छ ।

**उपयोगिता:** कुरिलोको उपयोगी भाग जरा र कलिला टुसा हुन् । यसको जरा घरायसी र आयुर्वेदिक औषधीमा प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । यसको जरा नशा सम्बन्धी, पिसाब सम्बन्धी, ज्वरो, पत्थरी, मुटु रोगको औषधी बनाउन र शक्तिवर्धकका साथै पशु तथा सुत्केरी महिलामा दुध उत्पादन बढाउन प्रयोग गरिएको पाइन्छ । यसको कलिला टुसाहरूलाई तरकारीको रुपमा उपयोग गरिन्छ ।

**संकलन समय:** कार्तिक-मंसिर महिनामा फल पाकेर बीउ झरी सक्ने हुनाले यस समयमा जराको केही भाग छोडी संकलन गर्नका लागि उपयुक्त हुन्छ । खेती गरिएको कुरिलोको हकमा प्रत्येक ३-३ वर्षमा अथवा बिरुवा रोपेको दुई वर्षपछि जरा संकलन गर्न सकिन्छ । जरा संकलन गर्दा टुसा पलाउने जराको भागलाई वा २-३ वटा टुसा सहितका जरा जमिनमा नै माटोले छोपेर छोड्नुपर्छ ।

**उत्पादन र बजार:** कुरिलोको उत्पादन प्राकृतिक वासस्थानबाट भन्दा खेतीबाट बढी भएको पाइन्छ । नेपालका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान, प्यूठान, डोटी, डडेल्धुरा, चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा, ईलाम, झापा लगायतका जिल्लाहरूका विभिन्न क्षेत्रमा उत्पादन भएको पाइन्छ । भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार कुरिलो/सतावरी आ.व. २०७३/०७४ मा १०० टनभन्दा बढी निर्यात भएको देखिन्छ भने त्यसपछिका आ.व.मा घट्दै गएको देखिन्छ । आ.व. २०८०/०८१ बाट यसको माग बढ्न लागेको देखिन्छ । नेपालबाट औसतमा लगभग ९० लाख रुपैयाँ बराबरको २९ टन प्रति वर्ष कुरिलोको जरा निर्यात भएको देखिन्छ । हाल कुरिलोको बजार मूल्य प्रति किलो रु. ४०० रहेको देखिन्छ ।




स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले कुरिलोलाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ । वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका कुरिलोलाई कृषि उपज सरह संकलन बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम कुरिलोको जराको राजश्व दस्तुर प्रतिकिलो रु. ५ तोकिएको छ ।

## ट. चिराइतो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Swertia chirayita* (Roxb.) H. Karst. |
| स्थानीय नाम | : | चरैतो, चिराईतो, चिरैता, तिते, खलु, तिक्ता |
| नेपाली नाम | : | चिराईतो, तीते |
| अंग्रेजी नाम | : | Chiretta |
| व्यापारिक नाम | : | चिराईतो, चिराईता |
| वानस्पतिक परिवार | : | Gentianaceae |



चिराइतोको बिरुवा (पहिलो वर्ष)



चिराइतो सुकेको



चिराइतोको भारी

**परिचयः** चिराईतो दुई वर्षसम्म बाँच्ने (पहिलो वर्ष पात सहितको गाँज आउँछ र दोस्रो वर्षमा काण्डको विकास भई फूल र बीउ लाग्छ) वनस्पति हो । नेपालमा चिराईतो जाति अन्तर्गत २९ प्रजातिहरू पाइन्छन् । तीमध्ये *Swertia chirayita* बाहेक अन्य प्रजातिहरूलाई भाले अर्थात् कम उपयोगी चिराईतो भनेर जडीबुटी व्यापारीले गुणस्तर छुट्याइएको पाइन्छ । यो वनस्पति १-१.५ मी.सम्म अग्लो हुन्छ । यसका जराहरू धेरै तलसम्म गाडिएको हुँदैन र माटोको सतहमा फैलिएको हुनाले यसलाई सजिलैसँग उखेल्न सकिन्छ । डाँठको फेद गोलाकार र माथितिर चारकुने परेको हुन्छ । डाँठको हरेक आँख्लाको दुबैतर्फ चिल्ला पात र हाँगा पलाएको हुन्छ । पात १-११ से.मी. लामो र ०.५-३ से.मी. चौडा भालाकृत भई टुप्पो तिखो हुन्छ । हरेक आँख्लामा पात र डाँठको कक्षबाट फूलहरू एउटै झुप्पामा निस्केका हुन्छन् । फूलको रङ्ग पहेँलो र हरियो हुन्छ । फूलहरू असारदेखि असोजसम्म फुल्दछन् । यो बिरुवा तितो हुने हुनाले यसलाई धेरै ठाउँमा तिते वा खलु पनि भनिन्छ ।

**फैलावटः** चिराईतो हिमालयको काश्मिरदेखि भुटानसम्म र मेघालयको खासिया पहाडसम्म प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,५०० मी.देखि २,५०० मी.सम्मको उचाई भएका अलि चिसो खुल्ला चौरमा पाइन्छ । नेपालको करिब ४० जिल्लाका लालीगुराँस, बाँझ पाइने स्थानहरूमा चिराईतो पाइन्छ ।



**उपयोगिता:** चिराईतोको सम्पूर्ण भाग विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको सम्पूर्ण भाग ज्वरो रोक्न, घाउ, खटिरा सञ्चो गर्न, स्वाद र रुचि बढाउन प्रयोग गरिन्छ।

**संकलन समय:** चिराईतोको बीउ कार्तिक-मंसिरमा पाकेपछि बिरुवा सुक्दै जान्छ र त्यसपछि जरा समेत आउने गरी सम्पूर्ण बिरुवा संकलन गर्न सकिन्छ। चिराइतो रोपेको २७ महिनासम्ममा संकलन गर्न योग्य हुन्छ।

**उत्पादन र बजार:** चिराईतोको उत्पादन जंगलबाट गरिनुका साथै खेतीबाट समेत भएको पाइन्छ। नेपालका सिन्धुपाल्चोक, संखुवासभा, तेह्रथुम, भोजपुर, पाँचथर, ताप्लेजुङ र इलाम लगायतका जिल्लाका उच्च पहाडी क्षेत्रमा चिराईतोको व्यावसायिक खेती गरी चिराईतो उत्पादन भइराखेको छ। चिराईतो आन्तरिक बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत माग रहेको महत्वपूर्ण जडीबुटी हो। स्वदेशी उद्योगहरूले आयुर्वेदिक औषधी बनाउन खपत गरेको पाइन्छ। केही स्वदेशी आयुर्वेदिक उद्योगहरूले बर्सेनि ५०० देखि १००० किलोसम्म चिराईतो खपत गर्दछन् भने डाबर नेपालले मात्र वार्षिक २५ टन चिराईतो खपत गर्दछ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क हेर्दा बर्सेनि औसतमा आठ करोड रुपैयाँ बराबरको २६० टन चिराईतो नेपालबाट निर्यात भएको देखिन्छ। त्यसैगरी नेपाल आयुर्वेद औषधी उत्पादन संघ (AMPAN), काठमाडौंका अनुसार यस संघका सदस्य उद्योगहरूले आ.व. २०८१/०८२ मा १८० टन चिराईतो खपत गरेको देखिन्छ। हाल यसको बजार मूल्य रु. ७०० प्रति किलो रहेको छ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले चिराईतोलाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका चिराईतोलाई कृषि उपज सरह संकलन बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम चिराईतो बिरुवाको राजश्व दस्तुर प्रतिकिलो रु. १५ तोकिएको छ।

## ९. चुत्रो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Berberis aristata* DC. |
| स्थानीय नाम | : | चुत्रो, बाह्रमासे चुत्रो, चोत्रो |
| नेपाली नाम | : | चुत्रो |
| अंग्रेजी नाम | : | Indian Barberry, Tree turmeric |
| व्यापारिक नाम | : | चुत्रो, दारुहल्दी, दारुहरिद्रा |
| वानस्पतिक परिवार | : | Berberidaceae |



चुत्रोको फल



चुत्रोको जरा



चुत्रोको जरा/डाँठबाट निकालिएको सारतत्व

**परिचय:** चुत्रो सदाबहार काँडेदार बुट्यान प्रजाति हो। यो २ मी.देखि ६ मी.सम्म अग्लो हुनुका साथै झाङ भएर फैलिने वनस्पति हो। नेपालमा चुत्रो जाति अन्तर्गत २१ प्रजातिहरू छन्। तीमध्ये ९ प्रजातिहरूमा औषधीय गुण भएको पाइएको छ। चुत्रोको जराको भित्री भाग पहेँलो हुन्छ। यसका डाँठको हरेक आँख्लाबाट फराकिलो भालाकृत, अण्डाकृत पातहरू निस्केका हुन्छन्। पात १.५ से.मि.देखि २.५ से.मि. चौडा र २ से.मि.देखि ५.५ से.मि.सम्म लामो हुन्छ भने पातको किनारा करौँती जस्तै काटिएको र स-साना मसिना झुस हुन्छन्। हरेक आँख्लामा पात र डाँठको काखबाट पहेँलो रङ्गका फूलहरू झुप्पा-झुप्पामा निस्केका हुन्छन्। फूलहरू चैत्रदेखि असारसम्म फुल्दछन् र फल वैशाखदेखि असोजसम्म लाग्दछन्।




**फैलावट:** चुत्रो पश्चिम हिमालय, पूर्व हिमालय र पूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,२०० मी.देखि ४,००० मी.सम्मको उचाई भएका खुल्ला पाखोमा पाइन्छ। नेपालको करिब ४० जिल्लाहरूका लालीगुराँस, बाँझ पाइने स्थानहरूमा चुत्रो पाइन्छ। जाजरकोट, सल्यान, रुकुम पश्चिम, दैलेख, सुर्खेत, गुल्मी, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, दोलखा, संखुवासभा, पाँचथर जिल्लाहरूमा चुत्रो प्रशस्त पाइन्छ।

**उपयोगिता:** चुत्रोको सम्पूर्ण भाग विभिन्न आयुर्वेदिक र घरायसी औषधी साथै व्यापारिक प्रयोजनका लागि यसको जरा र डाँठको बोक्रा उपयोग गरिन्छ । यसको पाकेको फल खाइन्छ भने अन्य भागहरू आयुर्वेदिक औषधी बनाउन र डाईको रुपमा प्रयोग गरेको पाइन्छ । आयुर्वेदिय पद्धति अनुसार यसको जरा र डाँठको बोक्राबाट पाकेको घाउ, खटिरा, श्वेत प्रदर, आँखाको रोग, कमलपित्त र ज्वरो सञ्चो गराउन प्रयोग गरिन्छ । पछिल्लो समयमा कुलायन नेचुरल हर्बल प्रा.लि. झापा, ईभान्स लाईभ साईन्स प्रा.लि. मकवानपुर र छिफु वायोटेक्नोलोजी प्रा.लि. पर्वत जस्ता उद्योगहरूले यसको जरा र डाँठको बोक्राबाट बरबेरिन पाउडर प्रशोधन गरी विदेश निर्यात गर्न थालेका छन् ।

**संकलन समय:** चुत्रोको ४ मी.सम्मको झाङ बन्न २० वर्ष जति लाग्दछ । तसर्थ चुत्रोको दिगो व्यवस्थापन तथा गुणस्तरीय उत्पादन सुनिश्चित गर्नका लागि चुत्रोको बोटबाट २५ देखि ३० प्रतिशत मोटा हाँगा मात्र नयाँ मुना नपलाउँदै फाल्गुन-चैत्रमा संकलन गर्न उपयुक्त हुन्छ ।

**उत्पादन र बजार:** हालसम्म चुत्रोको उत्पादन जंगलबाट मात्र भएको पाइन्छ । नेपालका सिन्धुपाल्चोक, दोलखा, संखुवासभा, तेह्रथुम, भोजपुर, पाँचथर, ताप्लेजुङ, इलाम, गुल्मी, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, कास्की, लमजुङ, जाजरकोट, सल्यान, रुकुम पश्चिम, दैलेख, सुर्खेत लगायत जिल्लाका उच्च पहाडी क्षेत्रमा चुत्रोको व्यावसायिक खेती गर्न सकिन्छ । चुत्रो अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको महत्वपूर्ण जडीबुटी हो । स्वदेशी उद्योगहरूले आयुर्वेदिक औषधी, सौन्दर्य प्रदायक सामग्री बनाउन खपत गरेको पाइन्छ । सिंहदरबार वैद्यखाना लगायत आयुर्वेदिक औषधी बनाउने उद्योगहरूले बर्सेनि करिब १०० किलोदेखि एक टनसम्म र डाबर नेपालले वार्षिक २५ टनसम्म चुत्रोको जरा र काण्ड खपत गर्दछन् । भन्सार विभागबाट प्राप्त ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को तथ्याङ्क हेर्दा बर्सेनि औसतमा ६ करोड रुपैयाँ बराबरको ८७ टन चुत्रो नेपालबाट निर्यात भएको देखिन्छ । आ.व. २०८१/०८२ मा ठूलो परिमाण लगभग ३६ करोड रुपैयाँ बराबरको ५,००० टन चुत्रो नेपालबाट निर्यात भएको देखिन्छ । हाल यसको बजार मूल्य प्रति किलो डाँठको रु. २५ र प्रति किलो जराको रु.४० रहेको देखिन्छ ।



स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारद्वारा चुत्रोलाई हालसम्म कुनै पनि संरक्षण सूचीमा समावेश गरिएको छैन । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम चुत्रोको जरा र डाँठको राजश्व दस्तुर प्रतिकिलो रु.८ तोकिएको छ भने बोक्राको रु. १० तोकिएको छ ।

## १०. जटामसी



जटामसीको सुगन्धित तेल

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Nardostachys jatamansi* (D. Don) DC. |
| स्थानीय नाम | : | जटामसी, भुत्ले, भुल्ते, भुलत्या |
| नेपाली नाम | : | जटामसी |
| अंग्रेजी नाम | : | Spikenard |
| व्यापारिक नाम | : | जटामसी |
| वानस्पतिक परिवार | : | Caprifoliaceae |



जटामसीको काण्डसहितको बिरुवा



जटामसी मार्क



जटामसीको काण्ड

**परिचयः** जटामसी एक शाकीय प्रकृतिको जमिनमुनि काण्ड हुने बहुवर्षीय वनस्पति हो। यसको काण्ड खैरो रङ्गको र बास्नादार हुन्छ। काण्डलाई रौँ जस्तो भुत्लाले ढाकेको हुन्छ र यसको लम्बाई ४-२० से.मी. हुन्छ भने चौडाई ३ से.मी.सम्म हुन्छ। यसका पातहरू भाला आकारका झुण्डमा हुन्छन्। पातको झुण्डको बीचबाट निस्किएका डाँठको टुप्पोमा साना सेता गुलाफी वा हल्का प्याजी रङ्गका वास्नादार फूलहरू फुल्दछन्। फूलहरू असारदेखि भाद्रसम्म फुल्दछन् र फल असोजदेखि मंसिरसम्म पाक्दछन्।




**फैलावटः** जटामसी पश्चिमदेखि पूर्वी हिमालय (पाकिस्तान, भारत, नेपाल, भुटान) र चीनको तिब्बती पठारदेखि हेङ्दुवान पर्वत र म्यानमारसम्म प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा ३,२०० मी.देखि ५,००० मी.सम्मको उचाईका उच्च हिमाली क्षेत्रका ठूला भीर तथा भिरालो चट्टान, भिरालो घाँसे मैदान, सेपिलो र ओसिलो क्षेत्रमा पाइन्छ भने यसको राम्रो उपलब्धता ३,५०० मिटरभन्दा माथिको उचाइमा रहेको देखिन्छ। मधेश प्रदेश बाहेक नेपालका अन्य सबै प्रदेशका करिब ३० हिमाली/पहाडी जिल्लाहरूमा यसको फैलावट रहेको पाइन्छ। हुम्ला, डोल्पा, जुम्ला, मुगु, दार्चुला, बझाङ, बाजुरा जिल्लाहरूमा जटामसी प्रशस्त पाइन्छ।

**उपयोगिताः** जटामसीको जरा तथा काण्ड विभिन्न आयुर्वेदिक र घरायसी औषधीका लागि प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको जरा तथा काण्डबाट उत्पादन गरिएको सुगन्धित तेल, अत्तर, साबुन लगायत सौन्दर्य प्रदायक सामग्रीहरू जस्तै कपालमा लगाउने तेल, क्रिम उत्पादन गर्न प्रयोग गर्नुका साथै सुगन्ध चिकित्सा (Aromatherapy) का लागि पनि प्रयोग गरिन्छ भने तेल निकाले पछिको छोक्रा (marc) सुगन्धित धुप बनाउन उपयोग हुन्छ। आयुर्वेदिक पद्धति अनुसार जटामसीको जरा र काण्डलाई शक्तिवर्धक औषधिका रूपमा प्रयोग गरिन्छ। यसका साथै अपस्मार, हृदयकम्प, अजीर्ण, वातशूल, पिसाब खुलाउने, श्वासप्रश्वास र रजस्वला सम्बन्धी विभिन्न रोगहरूको उपचारका लागि समेत यसको प्रयोग महत्वपूर्ण मानिन्छ। यसको जरा र काण्डबाट प्रशोधित तेल र छोक्रा विदेश निर्यात हुँदै आएको छ।

**संकलन समयः** जटामसीको बीउ कार्तिकदेखि मंसिरसम्म पाक्ने हुनाले बीउ पाकेर झरेपछि संकलन गर्नका लागि कार्तिक-मंसिर महिना उपयुक्त समय हुन्छ।

**उत्पादन र बजारः** हालसम्म जटामसीको उत्पादन जंगलबाट मात्र भएको पाइन्छ। नेपालका सिन्धुपाल्चोक, संखुवासभा, रामेछाप, भोजपुर, ताप्लेजुङ, रसुवा गोरखा, म्याग्दी, बाग्लुङ, लमजुङ, जाजरकोट, रुकुम पश्चिम, दैलेख, डोल्पा, बाजुरा, बझाङ, मुगु, हुम्ला, जुम्ला जिल्लाका उच्च पहाडी क्षेत्रहरू (जहाँ पहिले जटामसी पाइन्थ्यो) मा यसको पुनरुत्पादन गर्न सकिन्छ। जटामसी अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको महत्वपूर्ण जडीबुटी हो। CITES Trade Database अनुसार निर्यात तथ्याङ्क अनुसार नेपालले सन् २००८ बाट हरेक वर्ष जटामसी निर्यात गरेको देखिन्छ। विश्वव्यापीरुपमा जटामसीको निर्यात गर्ने देशहरू नेपाल, भुटान र चीन हुन् भने नेपाल पहिलो स्थानमा रहेको छ। सन् २०१२ देखि सन् २०२३ सम्मको वन तथा भू-संरक्षण विभागद्वारा जारी गरिएको साईटिस निर्यात अनुमति पत्र अनुसार १०० टनदेखि ३७५ टनसम्म जटामसीको छोक्रा भारत, पाकिस्तान, बंगलादेश र संयुक्त अरब ईमिरेट्समा निर्यात भएको देखिन्छ भने जटामसीको सुगन्धित तेल १,००० किलोदेखि ५,००० किलोसम्म भारत, पाकिस्तान, संयुक्त राज्य अमेरिका, फ्रान्स, बेल्जियम, बेलायत, स्वीट्जरल्याण्ड, जर्मनी, संयुक्त अरब ईमिरेट्स, दक्षिण कोरिया, चीन, जापान, चाइनिज ताईवान, क्यानडा, इटाली लगायतका देशहरूमा निर्यात भएको देखिन्छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क हेर्दा बर्सेनि औसतमा २.६ करोड रुपैयाँ बराबरको २०६ टन जटामसी मार्क नेपालबाट निर्यात भएको देखिन्छ। हाल जटामसीको काण्डको बजार मूल्य रु. १,२०० प्रति किलो रहेको छ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले जटामसीलाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। त्यसैगरी वन ऐन, २०७६ को दफा ७७ बमोजिम प्रशोधन नगरी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम जटामसीको जरा तथा काण्डको राजश्व दस्तुर प्रतिकिलो रु. ७५ तोकिएको छ। जटामसी संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (CITES) को अनुसूची २ मा सूचीकृत रहेको छ।

## ११. टिमुर

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Zanthoxylum armatum* DC. |
| स्थानीय नाम | : | टिमुर, आँखे टिमुर, पर्परे टिमुर |
| नेपाली नाम | : | टिमुर |
| अंग्रेजी नाम | : | Nepali pepper, Toothache tree |
| व्यापारिक नाम | : | टिमुर |
| वानस्पतिक परिवार | : | Rutaceae |



टिमुरको बोट



टिमुरको फल



टिमुरको सुगन्धित तेल

**परिचय:** टिमुर काँडै काँडा भएको ६ मिटरसम्म अग्लो हुने झाडीदार सानो रुख जातिको मसलाजन्य वनस्पति हो । पातहरू अण्डवृत आकार भएका स-साना २-६ जोडीसम्म (टुप्पोको पातबाहेक) एउटै डाँठमा दुवैतिर पल्हाएका र टुप्पा तिखा हुन्छन् । हाँगाको अन्तिम भागबाट डाँठमा पात पलाउने प्रत्येक आँख्लाबाट स-साना हरिया र केही पहेँला फूलहरू फुलेका हुन्छन् । पाकेको फल ३-४ मी.मी. गोलाकार, रातो, चाउरी परेको र सुगन्धित हुन्छ । प्रत्येक फल भित्र एउटा कालो टल्किने बीउ हुन्छ । फूलहरू बैशाखदेखि जेठसम्म फुल्दछन् र फल भदौदेखि असोजसम्म परिपक्व हुन्छ ।

**फैलावट:** टिमुर पश्चिमी हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म १,१०० मी.देखि २,९०० मी. सम्मको उचाईका उच्च पहाडी र महाभारत श्रृंखलाको खोटे सल्ला, काफल, बाँझ तथा कटुसका रुखहरू प्रशस्त भएका क्षेत्रहरूमा पाइन्छ । यसको खेती प्रशस्त घाम लाग्ने, अन्न बालीका लागि उपयुक्त नहुने भिर, पाखा तथा बलौटे एवं पत्थरिलो माटो भएको स्थानमा गर्न सकिन्छ ।



**उपयोगिता:** टिमुरको बीउ तथा फल विभिन्न आयुर्वेदिक र घरायसी औषधी तथा मसलाका लागि प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको फलको बोक्राबाट प्रशोधन गरिएको सुगन्धित तेललाई अत्तर, साबुन, दन्तमञ्जन जस्ता वस्तुहरूको उत्पादनमा प्रयोग गर्नुका साथै सुगन्ध चिकित्सा (Aromatherapy) का लागि पनि प्रयोग गरिन्छ। तेल निकालेपछिको छोक्रा (marc) मसला बनाउन उपयोग गरिन्छ। आयुर्वेदिय पद्धति अनुसार यो वायु शमन गर्न, दाँत दुखेको निको गर्न, ज्वरो घटाउन, अजिर्ण र हैजा आदि रोगहरूमा प्रयोग गरिन्छ। यसको फलको बोक्राबाट विभिन्न उद्योगहरूले तेल निकालेर तेल र छोक्रा विदेश निर्यात गर्दै आएका छन्।

**संकलन समय:** टिमुरको फल असोजदेखि मंसिरसम्म संकलनका लागि उपयुक्त हुन्छ। टिमुर रोपेको ३ वर्षमा फल दिन सुरु गर्छ।

**उत्पादन र बजार:** टिमुरको उत्पादन जंगलका साथै खेतीबाट पनि भएको पाइन्छ। मधेश प्रदेश बाहेक नेपालका अन्य सबै प्रदेशका करिब ३८ हिमाली/पहाडी जिल्लाहरूमा यसको उत्पादन हुन्छ। सल्यान, पश्चिम रुकुम, पूर्वी रुकुम, जाजरकोट, सुर्खेत, दैलेख, रोल्पा, म्याग्दी, गुल्मी, बाग्लुङ, पाल्पा, स्याङ्जा, पर्वत आदि टिमुर उत्पादन हुने मुख्य जिल्लाहरूमा पर्दछन्। टिमुर स्वदेशी बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत उच्च माग भएको महत्वपूर्ण जडीबुटी हो। स्वदेशी उद्योगहरूले आयुर्वेदिक औषधी, सौन्दर्य सामग्री र मसला बनाउन खपत गरेको पाइन्छ। केही आयुर्वेदिक उद्योगहरूले बर्सेनि २००-५०० किलोसम्म टिमुर खपत गर्दछन् भने डाबर नेपालले मात्र वार्षिक १००-१२० टन टिमुर खपत गर्दछ। त्यसैगरी जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले वार्षिक ४०० किलो टिमुरको तेल खपत गर्दछ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार नेपालले आ.व. २०७३/०७४ देखि हालसम्म हरेक वर्ष सरदरमा ४२ करोड रुपैयाँ बराबरको ७४५ टन टिमुर निर्यात गरेको देखिन्छ। हाल यसको बजार मूल्य रु. ९७५ रहेको देखिन्छ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले टिमुरलाई नेपालको आर्थिक विकासका लागि प्राथमिकता प्राप्त जडीबुटी अन्तर्गत राखेको छ। वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका टिमुरलाई कृषि उपज सरह संकलन, बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम टिमुरको फलको राजश्व दस्तुर प्रतिकिलो रु. १० तोकिएको छ।

## १२. तेजपात

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Cinnamomum tamala* (Buch.-Ham.) T. Nees & C.H. Eberm. |
| स्थानीय नाम | : | सिन्काउली, तेजपात |
| नेपाली नाम | : | तेजपात |
| अंग्रेजी नाम | : | Nepali Cinnamon, Bay leaf |
| व्यापारिक नाम | : | Bay leaf, Cinnamon, तेजपत्ता, तेजपात, तेजबोक्रा, दालचिनी |
| वानस्पतिक परिवार | : | Lauraceae |



तेजपातको रुख



तेजपात



तेजपातको बोक्रा

**परिचयः** तेजपात १५-२० मिटरसम्म अग्लो हुने सदावहार रुख हो । यसको बोक्रा बाक्लो, गाढा खैरो, चाउरी परेको र सुगन्धित हुन्छ । यसका पातहरू भेट्नो भएका, बाक्लो, चिल्लो, भालाकार वा अण्डाकारका १०-१५ से.मी. लामा र ३-६ से.मी.सम्म चौडा भएका हुन्छन् । हाँगाको टुप्पोमा र हाँगाको वरिपरिबाट झुप्पामा हल्का पहेला फूलहरू फुलेका हुन्छन् । पाकेको फल १-१.२ से.मी. लामो, अण्डाकार, कालो र सुगन्धित हुन्छ । प्रत्येक फल भित्र एउटा हल्का खैरो, गोलाकार र चिल्लो बीउ हुन्छ । फूलहरू फागुनदेखि चैत्रसम्म फुल्दछन् र फल चैत्रदेखि वैशाखसम्म लाग्दछन् । बीउ पाक्न करिब १ वर्ष लाग्छ । चैत्र-वैशाखमा एउटै रुखमा फल र फूलहरूसँगै रहेको देख्न सकिन्छ ।

**फैलावटः** तेजपात पश्चिम हिमालय, पूर्व हिमालय, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा ४०० मी.देखि २,३०० मी.सम्मको उचाईमा मुख्यतया चुरे र मध्यपहाड क्षेत्रका उत्तर-पश्चिम मोहडाका पाखाहरूमा पाइन्छ । यो प्रजाति ओसिलो ठाउँ र जैविक तत्व भएको बलौटे माटोमा हुर्कन्छ । यसको खेती पानी नजम्ने, बलौटे, गाढा कालो, प्रशस्त प्राङ्गारिक तत्व भएको र अम्लियपन ४-५.५ pH भएको माटो भएको स्थानमा गर्न सकिन्छ ।



**उपयोगिताः** तेजपातको पात तथा बोक्रा विभिन्न आयुर्वेदिक तथा घरायसी औषधी र मसलाका लागि प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। यसको पात र बोक्राबाट प्रशोधन गरिएको सुगन्धित तेललाई अत्तर, साबुन, दन्तमञ्जनमा प्रयोग गर्नुका साथै सुगन्धचिकित्सा (Aromatherapy) का लागि पनि प्रयोग गरिन्छ। तेल निकाले पछिको छोक्रा (marc) मसलाको रुपमा प्रयोग गरिन्छ। आयुर्वेदिय पद्धति अनुसार यो पक्षघात, पाइल्स, बान्ता, अरुची र पिनास रोगहरूमा प्रयोग गरिन्छ। आयुर्वेदिक उत्पादनहरू जस्तैः अविपत्तिकर चुर्ण, च्यवनप्राश, दशमूलारिष्ट, जडीबुटी चिया आदिमा यसको पात तथा बोक्रा प्रयोग गरिन्छ। यसको पात तथा बोक्राबाट विभिन्न उद्योगहरूले तेल निकालेर विदेश निर्यात गर्दै आएका छन्।

**संकलन समयः** पात सामान्यतया कार्तिकदेखि माघभित्र ४-५ वर्ष पुगेको रुखको तल्लो दुई तिहाई भागबाट पात संकलन गर्न उपयुक्त हुन्छ। तेजपातको बोक्रा ५-६ वर्ष पुगेको, ३-५ मिटर अग्लो रुखको ६-१० से.मी. मोटा मुख्य हाँगा वा खैरो रङ्ग भएको हाँगाबाट चैत्र-वैशाखमा वर्षको एकपटक संकलन गर्न उपयुक्त हुन्छ।

**उत्पादन र बजारः** तेजपातको उत्पादन जंगलबाट भन्दा खेतीबाट बढी भएको पाइन्छ। पाल्पा र उदयपुर जिल्ला तेजपात उत्पादनका लागि पकेट क्षेत्र मानिन्छन्। यी जिल्लाबाट बर्सेनि सयौं टन तेजपात निर्यात भएको देखिन्छ। सल्यान, पूर्व-पश्चिम रुकुम, सुर्खेत, रोल्पा, म्याग्दी, गुल्मी, अर्घाखाँची, बाग्लुङ, स्याङ्जा, पर्वत आदि तेजपात उत्पादन हुने मुख्य जिल्लाहरूमा पर्दछन्। तेजपात स्वदेशी बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत माग रहेको महत्वपूर्ण जडीबुटी हो। स्वदेशी उद्योगहरूले आयुर्वेदिक औषधी, हर्बल वस्तु र मसला उत्पादनमा खपत गरेको पाइन्छ। स्वदेशी आयुर्वेदिक औषधी बनाउने उद्योगहरू प्रत्येकले बर्सेनि २०० देखि ५०० किलोसम्म तेजपात खपत गर्दछन् भने डाबर नेपालले मात्र वार्षिक १८० देखि २२० टन तेजपात खपत गर्दछ। त्यसैगरी जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले वार्षिक ४५० किलो तेजपातको तेल खपत गर्दछ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार तेजपात वा तेजपातको बोक्राको नाममा निकै कम परिमाणमा निर्यात भएको देखिन्छ भने Cinnamon (*Cinnamomum zeylanicum* Blume) नाममा नेपालबाट औसतमा रु.१३ करोड बराबरको १,६०० टन प्रति वर्ष तेजपात निर्यात गरेको देखिन्छ। हाल तेजपातको पातको बजार मूल्य रु.५५ र बोक्राको रु.१४० रहेको देखिन्छ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले तेजपातलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ। त्यसैगरी वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका तेजपातलाई कृषि उपज सरह संकलन बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम तेजपातको पात/डाँठको राजश्व दस्तुर प्रतिकिलो रु. ३ र बोक्राको रु. १० तोकिएको छ।

## १३. धसिंगरे

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Gaultheria fragrantissima* Wall. |
| स्थानीय नाम | : | धसिंगरे, पटपटे, कालीगेडी, मछिनो |
| नेपाली नाम | : | धसिंगरे, मछिनो |
| अंग्रेजी नाम | : | Fragrant Wintergreen |
| व्यापारिक नाम | : | धसिंगरे, Wintergreen |
| वानस्पतिक परिवार | : | Ericaceae |


© D.S.Saud

धसिङ्गरेको बोट




धसिंगरेको तेल

**परिचयः** धसिंगरे २-३ मी.सम्म अग्लो हुने, धेरै हाँगा भएको झाडीदार, सदावहार, वास्नादार, बहुवर्षीय वनस्पति हो । यसको डाँठ खैरो सुन्तला रङ्गको हुन्छ । पातहरू चौडा अण्डाकार वा भालाकारका, चाम्रा र खस्रा हुनुका साथै किनारामा मसिना दाँतीहरू भएका हुन्छन् । साना हरियो मिश्रित सेता रङ्गका फूलहरू झुप्पामा फुलेका हुन्छन् । फलहरू साना, बाटुला, गाढा बैजनी-नीलो गुदीदार हुन्छन् । फूलहरू चैत्रदेखि असारसम्म फुल्दछन् भने फल कार्तिकदेखि पुससम्म पाक्छ ।

**फैलावटः** धसिंगरे पूर्व हिमालय, चीनको तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,२०० मी.देखि ३,६०० मी.सम्मको उचाईका भिरालो पाखा पखेरा तथा चिस्यान भएका स्थानमा रिपोर्ट भएको पाइएको छ । यो प्रजाति मध्य नेपालमा धेरै मात्रामा रहेको



पाइएको छ । बाजुरा, म्याग्दी, गोरखा, मकवानपुर, धादिङ्ग, काठमाडौं, भक्तपुर, ललितपुर, रसुवा, सिन्धुपाल्चोक, रामेछाप, नुवाकोट, दोलखा, काभ्रेपलाञ्चोक, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु लगायतका जिल्लाहरूमा यो वनस्पति पाइन्छ ।

**उपयोगिता:** धसिंगरेको पात विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गर्नुका साथै व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । यसको पातबाट प्रशोधन गरिएको सुगन्धित तेल वास्नादार तथा कीटाणुनाशक हुन्छ । तेलबाट हाडजोर्नी र नशा दुखेको रोगमा लगाउने मलहम उत्पादन गर्न प्रयोग गर्नुका साथै रूघाखोकीका लागि प्रयोग हुने औषधी सञ्चो उत्पादनमा पनि प्रयोग हुन्छ । यसको पातबाट विभिन्न उद्योगहरूले तेल निकालेर विदेश निर्यात गर्दै आएका छन् ।

**संकलन समय:** असोज-कार्तिक महिनामा बीउ परिपक्व भई झरेपछि पात संकलन गर्नका लागि उपयुक्त हुन्छ । बीउबाट उम्रिएको बिरुवा संकलन योग्य हुन ३ वर्ष लाग्दछ ।

**उत्पादन र बजार:** धसिंगरेको उत्पादन जंगलबाट मात्रै भएको पाइन्छ । केही जिल्ला (इलाममा) यसको खेतीको सुरुवात गरे तापनि व्यवसायिक रुपमा यसको खेती विस्तार भएको देखिदैन । धसिंगरेको पातबाट प्रशोधन गरिएको तेल स्वदेशी बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत उच्च माग रहेको पाइन्छ । आन्तरिक रुपमा केही आर्युर्वेदिक उद्योगहरूले खपत गरेको पाइन्छ । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले मात्र वार्षिक ६०० किलो धसिंगरेको तेल खपत गर्दै आएको छ । विदेश निकासीका लागि प्राकृतिक सम्पदा अनुसन्धानशालाबाट सिलबन्दी गरिएको धसिंगरेको सुगन्धित तेल (Essential Oil) को १० वर्ष (२०७२/०७३-०८१/०८२) को तथ्याङ्क हेर्दा बर्सेनि औसतमा रु. ७ करोड बराबरको ८.४ टन धसिंगरेको तेल विदेश निर्यात भएको देखिन्छ । हाल धसिंगरेको तेलको बजार मूल्य प्रति किलो रु. ८,००० सम्म रहेको देखिन्छ ।



स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले धसिंगरेलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम धसिंगरेको पात/डाँठको राजश्व दस्तुर प्रतिकिलो रु. २ तोकिएको छ ।

## १४. पदमचाल

वैज्ञानिक नाम : *Rheum australe* D.Don
स्थानीय नाम : पदमचाल, आकाशे चुक, खोकिम, अमलवेद, चुल्ठी अमिलो, कराजचुल्ठी
नेपाली नाम : पदमचाल, शंखत्र
अंग्रेजी नाम : Himalayan Rhubarb
व्यापारिक नाम : पदमचाल, अमलवेद Rhubarb, Revand chini
परिवार : Polygonaceae



पदमचालको बिरुवा



पदमचालको काण्ड

**परिचयः** पदमचाल शाकीय वर्गको जमिनमुनि काण्ड हुने बहुवर्षीय वनस्पति हो । यो १-२ मिटरसम्म अग्लो हुने बिरुवा हो । यसको जमिनमुनिको काण्ड कसिएको, गठिलो, बास्नादार र बाहिरी भाग चाउरी परेको हुन्छ । काण्डको स्वाद पीरो, टर्रो र केही मात्रामा अमिलो हुन्छ । जुम्ला, हुम्ला, डोल्पामा यसको जरालाई पदमचाल तथा फूल फुल्ने डाँठलाई चुल्ठी अमिलो भन्ने गरेको पाइन्छ । बिरुवाको माथिको पातको तुलनामा तल्ला पात ठूला हुन्छन । यी तल्ला पातहरू लामा डाँठ भएका करिब ३० से.मी.सम्म चौडा हुन्छन् । लामा डाँठमा साना राता फूलहरू जेठदेखि भाद्रसम्म फुल्दछन् ।




**फैलावटः** पदमचाल पश्चिमदेखि पूर्वी हिमालय (पाकिस्तान, भारत, नेपाल, म्यानमार) र चीनको तिब्बती पठार र असम-म्यानमारसम्म प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि

पश्चिम भेगमा ३,२०० मी.देखि ४,३०० मी.सम्मको उचाईमा झाडी बुट्यान मात्र भएका ढुङ्गयान, खोल्सा-खोल्सीहरूमा तथा खुला स्थानहरूमा पाइन्छ ।

**उपयोगिताः** पदमचालको पात, जरा तथा जमिन माथिको र मुनिको काण्ड विभिन्न घरायसी प्रयोजन जस्तैः अचार बनाउन र आयुर्वेदिक औषधीका लागि प्रयोग गर्नुका साथै यसको जरा र जमिनमुनिको काण्ड व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । आयुर्वेदिय पद्धति अनुसार यसको जरा र काण्ड शक्तिवर्धक, कब्जियत हटाउन, पखाला र रक्तश्राव रोक्ने औषधीहरूमा प्रयोग गरिन्छ । सुन्निएको, मर्केको, भाँचिएको ठाउँमा यसको जरा र काण्ड कुटेर गाईको गहुँतमा मिसाई लगाउनाले फाईदा गर्दछ । यसको जमिनमुनिको काण्ड उन तथा रेशम रंगाउन, रङ्ग निकाल्न प्रयोग गरिन्छ । यसको जरा तथा काण्ड विदेश निर्यात हुँदै आएको छ ।

**संकलन समयः** पदमचालको बीउ पाकेर झरेपछि यसको जमिनमुनिको काण्ड तथा जरा संकलन गर्नका लागि उपयुक्त हुन्छ । सामान्यतया ३ वर्षदेखि १० वर्षसम्मका बिरुवाहरूबाट शरद ऋतुमा (असोज-कार्तिक महिनामा) संकलन गरिन्छ ।

**उत्पादन र बजारः** हालसम्म पदमचालको उत्पादन जंगलबाट मात्र भएको पाइन्छ । नेपालका सिन्धुपाल्चोक, संखुवासभा, रामेछाप, भोजपुर, ताप्लेजुङ, रसुवा गोरखा, म्याग्दी, बागलुङ, लमजुङ, जाजरकोट, रुकुम पश्चिम, दैलेख, डोल्पा, बाजुरा, बझाङ, मुगु, हुम्ला, जुम्ला जिल्लाका उच्च पहाडी क्षेत्रहरू (जहाँ पहिले पदमचाल पाइन्थ्यो) मा यसको पुनरुत्पादन गर्न सकिन्छ । भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार पदमचाल Revand chini, Rhubarb, पदमचाल, अमलवेद, पदमचाल जरा, कराज चुल्ठो, चुल्ठे अमिलो आदि विभिन्न नाममा नेपालबाट औसतमा २.४ करोड रुपैयाँ बराबरको १९० टन प्रति वर्ष निर्यात भएको देखिन्छ । हाल पदमचालको बजार मूल्य रु. ११० रहेको देखिन्छ ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले पदमचाललाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम पदमचालको जरा तथा गानोको राजश्व दस्तुर प्रतिकिलो रु. १० र पात/डाँठको रु. ५ तोकिएको छ ।

## १५. पाषणभेद

वैज्ञानिक नाम : *Bergenia ciliata* (Haw.) Sternb.
स्थानीय नाम : पाखानवेद
नेपाली नाम : पाषणभेद
अंग्रेजी नाम : Rock Foil
व्यापारिक नाम : पाखानवेद, पाषणभेद
वानस्पतिक परिवार : Saxifragaceae



पाषणभेदको बिरुवा



पाषणभेदको काण्ड

**परिचयः** पाषणभेद शाकीय वर्गको १५ से.मी.सम्म अग्लो हुने बहुवर्षीय वनस्पति हो । यसको जरा जमिनमुनि हुन्छ भने काण्ड जमिनको सतहमा तेर्सो परेर फैलिएको हुन्छ । काण्ड ४५ से.मी.सम्म लामो र ५-६ से.मी. मोटो खैरो रङ्ग हुन्छ । यसका पात ५ से.मी. लामो र ५-१० से.मी.सम्म चौडा हुन्छन् । पातका आकार अण्डाकार/गोलाकार हुन्छन् । पातका किनारामा र तल्लो भागमा स-साना रौंहरू हुन्छन् । सेतो गुलाबी वा प्याजी रङ्गका फूलहरू चैत्र-वैशाखमा फुल्दछन् ।

**फैलावटः** पाषणभेद पश्चिम हिमालय र असम-म्यानमारमा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म ९०० मी.देखि २,५०० मी.सम्मको उचाईमा महाभारत पर्वत श्रृंखलाको चट्टानी सेपिला पाखाहरूमा पाइन्छ ।



**उपयोगिताः** पाषणभेदको जमिनमुनिको काण्ड विभिन्न घरायसी र आयुर्वेदिक औषधीका लागि प्रयोग गर्नुका साथै यसको व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। आयुर्वेदिय पद्धति अनुसार यसको काण्ड शक्तिवर्धक, पखाला, कफ, मुटु रोग, पेट दुखेको, आउँ आदिको औषधी बनाउन प्रयोग गरिन्छ।

**संकलन समयः** पाषणभेदको बीउ पाकेर झरेपछि (असोज-कार्तिक महिनामा) यसको काण्ड संकलन गर्नका लागि उपयुक्त हुन्छ। १-२ वर्षसम्मका बिरुवाहरूका काण्डको टुप्पोतिरको केही भाग जमिनमा छोडी पछाडिको परिपक्व काण्ड काटेर शरद ॠतुमा संकलन गर्दा पुनरुत्पादन गर्न सकिन्छ।

**उत्पादन र बजारः** हालसम्म पाषणभेदको उत्पादन जंगलबाट मात्र भएको पाइन्छ। नेपालका सिन्धुपाल्चोक, संखुवासभा, रामेछाप, भोजपुर, ताप्लेजुङ, रसुवा, गोरखा, म्याग्दी, बाग्लुङ, लमजुङ, जाजरकोट, रुकुम पश्चिम, दैलेख, डोल्पा, बाजुरा, बझाङ्ग, मुगु, हुम्ला, जुम्ला जिल्लाका पहाडी क्षेत्रहरूमा (पहिले पाषणभेद पाइने क्षेत्र) यसको पुनरुत्पादन गर्न सकिन्छ। पाषणभेद स्वदेशी बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत माग रहेको महत्वपूर्ण जडीबुटी हो। केही स्वदेशी आयुर्वेदिक उद्योगहरूले बर्सेनि ८०० किलोसम्म पाषणभेद खपत गर्दछन्।



स्रोतः भन्सार विभाग

भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार Bergenia ciliate, पाषणभेद, पाखनवेद आदि विभिन्न नामले नेपालबाट औसतमा ३ करोड रुपैयाँ बराबरको ३८० टन प्रति वर्ष पाषणभेद निर्यात भएको देखिन्छ। हाल पाषणभेदको बजार मूल्य रु. ८० रहेको देखिन्छ।

**संरक्षणको अवस्थाः** नेपाल सरकारले पाषणभेदलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम पाषणभेदको जरा वा गानोको राजश्व दस्तुर प्रतिकिलो रु. ७ तोकिएको छ।

## १६. बर्रो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Terminalia bellirica* (Gaertn.) Roxb. |
| स्थानीय नाम | : | बर्रो, बहेरी, बडेरो |
| नेपाली नाम | : | बर्रो |
| अंग्रेजी नाम | : | Belleric myrobolon |
| व्यापारिक नाम | : | बर्रो, बहेरा |
| वैज्ञानिक परिवार | : | Combretaceae |



बर्रोको फल



बर्रोको रुख

**परिचयः** बर्रो ४० देखि ५० मिटरसम्म अग्लो हुने, रुख वर्गको पतझड वनस्पति हो । यसको बोक्रा गाढा फुस्रो र काठ केही पहेँलो रङ्गको हुन्छ । यसका पातहरू करिब १०-२५ से.मी.सम्म लामो र ७-१५ से.मी.सम्म चौडा, अण्डाकार, किनारा सिधा र सानो भेट्नो भएका हुन्छन् । फूल झुप्पामा फुल्ने सानो सेतो वा हल्का पहेँलो रङ्गका हुन्छन् । फलहरू २.५ से.मी. लामा, अण्डाकारका बाहिरी भाग खैरो, झुसिलो र सानो भेट्नो भएका हुन्छन् । फूलहरू वैशाख-जेठमा फुल्छन् भने मंसिरसम्ममा फल परिपक्व हुन्छ । फल काँचोमा हरियो हुन्छ भने पाकेपछि खैरो रङ्गका देखिन्छन् ।




**फैलावटः** बर्रो पूर्वी हिमालय, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म १००-१,१०० मी.सम्मको उचाईमा रिपोर्ट भएको पाइएको छ ।

**उपयोगिताः** बर्रोको रुखको बोक्रा, फलको बोक्रा र बीउ विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गरेको पाइन्छ भने फल व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ। बर्रोको फल त्रिफलाको एउटा अवयव हो। फलको धुलो कब्जियत सफा गर्नमा उपयोगी मानिन्छ। फलको गुदीदार भाग दाँत बलियो बनाउन एंव गिजाबाट रगत आउने रोगमा प्रयोग गरिनुका साथै फल दम खोकीमा पनि प्रयोग गरिन्छ। यस रुखको बोक्रामा Tannin रहेको हुनाले छाला उद्योगहरूले छाला प्रशोधन गर्न, लामो समयसम्म खप्ने बनाउनुका साथै रङ्गमा चमक ल्याउन प्रयोग गरेको पाइन्छ। बीउबाट निकालिएको तेल छालाको रोगमा प्रयोग गरिन्छ।

**संकलन समयः** यसको वासस्थान अनुसार असोज महिनादेखि फागुन महिनासम्म फल संकलन गरिन्छ। बिरुवा रोपेको करिब ७ वर्षपछि फल लाग्न सुरुवात हुन्छ भने १० वर्ष पुराना रुखहरूबाट फल संकलन गर्दा राम्रो उत्पादन लिन सकिन्छ।

**उत्पादन र बजारः** बर्रोको उत्पादन जंगलमा मात्र भएको पाइन्छ। बर्रोको फल घरेलु बजारका साथै अन्तर्राष्ट्रिय बजारमा समेत माग रहेको पाइन्छ। केही स्वदेशी आयुर्वेदिक औषधी बनाउने उद्योगहरू लगायत सिंहदरबार वैद्यखानाले बर्सेनि १-५ टनसम्म खपत गरेको पाइन्छ। जडीबुटी व्यवसायी संघ नेपाल (HEAN) अनुसार बर्सेनि औसतमा २०० टन बर्रो नेपालमा खपत भइरहेको छ। भन्सार विभागबाट प्राप्त तथ्याङ्क हेर्दा बर्सेनि औसतमा ३८ लाख रुपैयाँ बराबरको ३३ टन बर्रोको फल नेपालमा आयात भएको पाइन्छ। हाल बर्रोको बजार मूल्य प्रति किलो १२५ रुपैयाँ रहेको छ ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले यस वनस्पतिलाई हालसम्म कुनै पनि संरक्षण सूचीमा राखेको छैन। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम फल र बीउको राजश्व दस्तुर प्रतिकिलो रु. २ तोकिएको छ।

## १७. मजिठो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Rubia manjith* Roxb. |
| स्थानीय नाम | : | मजिठो, तिरो लहरा |
| नेपाली नाम | : | मजिठो |
| अंग्रेजी नाम | : | Indian Madder |
| व्यापारिक नाम | : | मजिठो |
| वानस्पतिक परिवार | : | Rubiaceae |



मजिठोको लहरा



मजिठोको जरा/डाँठ

**परिचयः** मजिठो सदावहार बहुवर्षीय लहरा जातको वनस्पति हो । यसको जरा लामो गोलाकार र पातलो रातो बोक्राले ढाकेको हुन्छ । डाँठ चारपाटे, खस्रा झुसहरू भएको हुन्छ भने यसका भित्री भाग केही रातो हुन्छ । आँख्ला गाँठो भएको हुन्छ र प्रत्येक आँख्लाको गाँठोबाट भेट्नो भएका चार वटा ३-५ से.मी. लामा गोलाकार वा हृदयाकार र तिखो टुप्पा भएका पातहरू निस्केका हुन्छन् । यसका फूलहरू साना, गाढा रातो रङ्का झुप्पामा फुल्दछन् । फल गोलो र पाकेपछि गाढा कालो रङ्को हुन्छ । हावापानी अनुसार फूल जेठ-कार्तिकसम्म फुल्छ भने फल मंसिर-पुसमा लाग्दछन् ।




**फैलावटः** मजिठो पश्चिम हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा

१,१०० मी. देखि ३,२०० मी. सम्मको उचाईमा खुला पारिलो स्थानमा हुर्केको पाइन्छ। ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, ओखलढुंगा, दोलखा, सिन्धुपाल्चोक, रसुवा, गोरखा, मकवानपुर लगायतका जिल्लाहरूमा मजिठो प्रशस्त पाइन्छ।

**उपयोगिताः** मजिठोको पुरै बिरुवा उपयोग गरिन्छ । आयुर्वेदिक प्रणाली अनुसार यसको जरा र बीउ पक्षघात, अल्सर तथा चर्म रोगको लागि प्रयोग गरिन्छ। डाँठ सर्प र बिच्छीको टोकाईमा प्रयोग गरिन्छ। त्यसैगरी यसको जरा र डाँठ धागो तथा कपडाहरू रंगाउनमा प्रयोग गरिन्छ। अनुहारलाई चम्काउन साथै अनुहारमा लगाउने क्रिमलाई गुलाफी-रातो रङ्गको बनाउन पनि जरा प्रयोग गरिन्छ।

**संकलन समयः** फाल्गुन-चैत्र महिनामा फल पाकेर बीउ झरी सक्ने हुनाले यस समयमा संकलन गर्नका लागि उपयुक्त हुन्छ। मजिठो लगाएको ३ वर्षमा संकलनयोग्य हुन्छ।

**उत्पादन र बजारः** मजिठोको खेती हालसम्म सुरुवात नभएकोले यसको उत्पादन प्राकृतिक वासस्थानबाट मात्र भएको पाइन्छ। नेपालका मनाङ, संखुवासभा, रसुवा, गोरखा, कास्की, भोजपुर, दोलखा लगायतका जिल्लाका पहाडी क्षेत्रहरूमा यसको उत्पादन भएको पाइन्छ। मजिठो स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा माग रहेको महत्वपूर्ण जडीबुटी हो। डाबर नेपालले वार्षिक २५ टन मजिठो खपत गर्दै आएको छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार नेपालबाट औसतमा लगभग २.५ करोड रुपैयाँ बराबरको लगभग १५० टन प्रति वर्ष मजिठो निर्यात भएको देखिन्छ। हाल मजिठोको बजार मूल्य प्रति किलो रु. १५० रहेको देखिन्छ।



स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले मजिठोलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम मजिठोको डाँठको राजश्व दस्तुर प्रतिकिलो रु. ७ तोकिएको छ ।

## १८. यार्सागुम्बा

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Ophiocordyceps sinensis* (Berk.) G.H. Sung, J.M. Sung, Hywel-Jones & Spatafora |
| स्थानीय नाम | : | यार्सागुम्बा, जीवनबुटी, किराजडी |
| नेपाली नाम | : | यार्सागुम्बा |
| अंग्रेजी नाम | : | Chinese caterpillar fungus, Cordyceps mushroom |
| व्यापारिक नाम | : | यार्चागुम्बु, यार्चगुम्बू, यार्सागुम्बा |
| वानस्पतिक परिवार | : | Ophiocordycipitaceae |



यार्सागुम्बा

**परिचयः** यार्सागुम्बा अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको बहुमूल्य जडीबुटी हो । यार्सागुम्बा तिब्बती भाषा हो, जसको शाब्दिक अर्थ "या" ले वर्षा, "सा" ले घाँस, "गुम्" ले हिउँद र "बा" ले किरा जनाउँछ । जसको अर्थ गर्मीयाममा बिरुवा र जाडो याममा कीरा हुनु हो । नेपालमा यार्सागुम्बालाई ठाउँ अनुसार यार्चागुम्बा, यार्चागुम्बु, यार्चा, कीरा च्याउ, कीराझार, जीवनवुटी, सरम्वुटी आदि नामहरूले पनि चिनिन्छ । यार्सागुम्बा नेपालको उच्च हिमाली क्षेत्रमा पाइने *Thitarodes* जातको पुतलीको लार्भा (झुसिल्किरा) मा उम्रने ढुसी प्रजाति हो । *Thitarodes* जातिलाई पहिले *Hepialus* नामले चिनिन्थ्यो । शरद ऋतुको अन्तिमतिर *Ophiocordyceps* जातको ढुसीको बिजाणुहरू (spores) ले *Thitarodes* जातका पुतलीका लार्भालाई आक्रमण गर्दछ र लार्भा हिउँदभरी हिउँ जमेको जमिनमुनि सुषुप्त अवस्थामा रहन्छ । यस अवधिमा लार्भाको भित्री भागमा ढुसीका मसिना-मसिना सेता रेसाहरूको वृद्धि हुन्छ । हिउँ पग्लिएपछि ढुसीबाट संक्रमित जमिनमुनि रहेको पुतलीको लार्भाको टाउकोबाट खैरो रङ्गको १ इन्च जति लामो  स्ट्रोमा (Stroma) बाहिर निस्कन्छ । जसलाई जमिनमा नाङ्गो आखाँले सजिलै देख्न सकिन्छ । जमिनमुनिको लार्भा र जमिनबाहिर निस्किएको ढुसीको स्ट्रोमा (Stroma) को संयुक्त रूपलाई नै बहुमूल्य जडीबुटी "यार्सागुम्बा" (आधा किरा, आधा वनस्पति) भनिन्छ ।

**फैलावटः** यार्सागुम्बा भुटान, दक्षिण पश्चिमी चीन (तिब्बत गान्सु छिंगहाई, सिचुवान र युनान प्रान्तहरू), उत्तरी भारत (हिमाञ्चल प्रदेश सिक्किम र उत्तराखण्ड) मा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको मध्यदेखि पश्चिमसम्म ३,५०० मी.देखि माथिको उचाईमा उत्तरी भेगका जिल्लाका उच्च नाङ्गा पहाड, भिरालो घाँसे मैदानहरूमा पाइन्छ ।




**उपयोगिताः** यस प्रजातिको पुरै भाग विभिन्न घरायसी र आयुर्वेदिक औषधीका लागि प्रयोग गर्नुका साथै यसको व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । यार्सागुम्बा शक्तिवर्धक, श्वासप्रश्वास प्रणाली, मूत्र प्रणाली, रक्तसंचार प्रणाली, ढाड र घुँडा दुखेकोमा साथै कलेजो, मुटु सम्बन्धी रोगहरूको उपचारका लागि प्रयोग गरिन्छ ।

**संकलन समयः** जेठ-भदौ महिनासम्ममा स्ट्रोमा (Stroma) सहितको किरा (लार्भा) लाई यार्सागुम्बा बालीको रुपमा संकलन गर्न उपयुक्त हुन्छ ।

**उत्पादन र बजारः** हालसम्म यार्सागुम्बाको उत्पादन प्राकृतिक वासस्थानबाट मात्र भएको पाइन्छ । नेपालका दार्चुला, बझाङ, बाजुरा, जाजरकोट, दैलेख, डोल्पा, मुगु, हुम्ला, जुम्ला, गोरखा, म्याग्दी, रसुवा लगायतका जिल्लाका हिमाली क्षेत्रबाट यसको संकलन भएको पाइन्छ भने कुल संकलनको करिब ५०% हिस्सा डोल्पा जिल्लाले मात्र ओगटेको देखिन्छ । भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार यार्सागुम्बा आ.व. २०८०/८१ सम्म हरेक वर्ष बढेको देखिन्छ । आ.व. २०८१/८२ मा भने आ.व. २०८०/८१ भन्दा दुई गुणाले घटेको देखिन्छ । नेपालबाट औसतमा लगभग २५ करोड रुपैयाँ बराबरको ४७० किलो प्रति वर्ष यार्सागुम्बा निर्यात भएको देखिन्छ । हाल यार्सागुम्बाको बजार मूल्य प्रति किलो रु. २० लाख रहेको देखिन्छ ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले यार्सागुम्बालाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम यस बिरुवाको राजश्व दस्तुर प्रतिकिलो रु. ३,१००० तोकिएको छ ।

# १९. रिट्ठा

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Sapindus mukorossi* Gaertn. |
| स्थानीय नाम | : | रिट्ठो, रिट्ठा |
| नेपाली नाम | : | रिट्ठा |
| अंग्रेजी नाम | : | Soap Nut |
| व्यापारिक नाम | : | रिट्ठा, Soap Berry, Soap Nut, Wash Nut |
| वैज्ञानिक परिवार | : | Sapindaceae |




**रिट्ठाको बोट**




**रिट्ठाको फल**

**परिचय:** रिट्ठा रुख वर्गको पतझड वनस्पति हो । यसका पातहरू ५-१० पत्रकको जोडामा रहेका हुन्छन् । पत्रकहरू करिब ५-१० से.मी.सम्म लामो र २-४ से.मी.सम्म चौडा, भालाकार, किनारा सिधा र सानो भेट्नो भएका हुन्छन् । फूल झुप्पामा फुल्ने, सानो बैजनी रङ्गको हुन्छ । फल २-२.५ से.मी. व्यास भएको बाहिरी भाग गिलो, नरम वा चाउरी परेको हुन्छ । वासस्थान अनुसार फूलहरू वैशाखदेखि असारमा फुल्छन् भने कार्तिकदेखि माघसम्ममा फल पाक्दछन् । फल काँचोमा हरियो हुन्छ भने पाँकेपछि खैरो रङ्गका देखिन्छन् ।




**फैलावट:** रिट्ठा पश्चिम हिमालय, पूर्व हिमालय, असम-म्यानमार, पूर्वी एसिया र दक्षिण-पूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,००० मी.देखि १,४०० मी.सम्मको उचाईमा रिपोर्ट भएको पाइए तापनि नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी जिल्लाहरूमा यसको उपलब्धता

राम्रो रहेको पाइन्छ। खुला पारिलो र प्रशस्त घाम लाग्ने पाखाहरू रिट्ठाका लागि उपयुक्त स्थान मानिन्छ।

**उपयोगिताः** रिट्ठाको मुख्य उपयोगी भाग फल हो। स्थानीयहरूले रिट्ठाको फलको बोक्रालाई घाउ खटिराहरू सफा गर्नका लागि प्रयोग गर्नुका साथै साबुन र स्याम्पुको विकल्पको रुपमा पनि प्रयोग गरेको पाइन्छ। आयुर्वेदिक प्रणाली अनुसार यसको फलको बोक्रा छाला सम्बन्धी रोगको औषधीको रुपमा प्रयोग गरिन्छ। यसको फल विभिन्न घरेलु आयुर्वेदिक तथा सौन्दर्य प्रदायक सामग्री जस्तैः साबुन, स्याम्पु उत्पादन गर्ने उद्योगहरूले प्रयोग गर्नुका साथै किटनाशक औषधी र डिटर्जेन्ट पाउडर बनाउन समेत प्रयोग गरिन्छ। यसको फल विदेश निर्यात हुँदै आएको छ।

**संकलन समयः** रिट्ठाको फल मंसिरदेखि माघसम्म संकलन गर्न उपयुक्त हुन्छ । बिरुवा लगाएको ५ देखि ६ बर्षमा उत्पादन लिन सकिन्छ।

**उत्पादन र बजारः** रिट्ठाको फलको उत्पादन वनक्षेत्र भन्दा निजी जग्गाबाट बढी भएको पाइन्छ। सुदूर-पश्चिम र कर्णाली प्रदेशका पहाडी जिल्लाहरूबाट बर्सेनि सयौँ टन रिट्ठा निर्यात भएको देखिन्छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार Soapnut को नाममा नेपालबाट औसतमा रु. ११ करोड बराबरको १,४०० टन प्रति वर्ष रिट्ठाको निर्यात भएको देखिन्छ। हाल रिट्ठाको बजार मूल्य रु. ५५ रहेको देखिन्छ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले रिट्ठालाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ। त्यसैगरी वन नियमावली, २०७९ को अनुसूची ४८ बमोजिम निजी वन वा निजी जग्गामा उत्पादन भएका रिट्ठालाई कृषि उपज सरह संकलन बिक्री र ओसारपसार गर्न सकिने जडीबुटी प्रजाति अन्तर्गत सूचीकृत गरिएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम रिट्ठाको फलको राजश्व दस्तुर प्रतिकिलो रु. ३ तोकिएको छ।

## २०. सतुवा

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Paris polyphylla* Sm. |
| स्थानीय नाम | : | सतुवा, सत्वा, धुम्वामेन्दो, नाताधाय, तीनतले बाँको |
| नेपाली नाम | : | सतुवा |
| अंग्रेजी नाम | : | Love Apple, Himalayan Spider Plant |
| व्यापारिक नाम | : | सतुवा, लडुवा |
| वानस्पतिक परिवार | : | Melanthiaceae |



सतुवाको बिरुवा



सतुवाको काण्ड

**परिचयः** सतुवा परम्परादेखि जडीबुटीको रुपमा प्रयोग गरिने बहुवर्षीय शाकीय प्रकृतिको प्रजाति हो। यो ३०-६० से.मी.सम्म अग्लो हुन्छ। यसको काण्ड तेर्सो (Horizontal) भएर जमिनमुनि फैलिएको हुन्छ। काण्डको बाहिरी भाग खैरो हुन्छ भने भित्री भाग सेतो र हल्का पहेँलो हुन्छ। काण्ड खण्ड-खण्ड परेको हुन्छ। डाँठ हाँगा नभएको, सीधा हुन्छ। डाँठको गाँठाबाट ४-९ वटासम्म पातहरू डाँठको वरिपरि गोलो पारेर निस्किएका हुन्छन्। पातको बीचबाट फूल फुल्ने डाँठ निस्केको हुन्छ। डाँठमा एउटा मात्र माकुरा जस्तै देखिने फूल फुल्छ। फल गोलो २-३.५ से.मी.सम्म व्यास भएका हुन्छन्। पाकेका फल भित्र रातो चिप्लो गुदी भएका ३-१०० वटासम्म सेता बीउहरू हुन्छन्। हावापानी अनुसार फूल चैत्र-असारसम्म फुल्छ भने फल भदौ-कार्तिक सम्म पाक्दछ।




**फैलावटः** सतुवा पश्चिम हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिण-पूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,८०० मी.देखि ३,५०० मी.सम्मको उचाईमा उत्तरतिर फर्केको सेपिलो र ओसिलो

क्षेत्रका जंगलमा पाइन्छ । प्राङ्गारिक मल प्रशस्त भएको कालो खुकुलो माटो र कटुस लालीगुराँसको जंगलमा हुर्केको पाइन्छ । ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, ओखलढुंगा, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, गोरखा, मनाङ, कास्की, मकवानपुर लगायतका जिल्लाहरूमा सतुवा पाइन्छ ।

**उपयोगिताः** सतुवाको काण्ड विभिन्न घरायसी र आयुर्वेदिक औषधीका लागि प्रयोग गर्नुका साथै यसको व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । सतुवा विभिन्न रोगहरूमा उपयोग हुने गरेको पाइन्छ । जुका, चुर्ना मार्न, खोकीमा, घाँटी, पेट र जीउ दुखेकोमा, आउँ लाग्दा, घाउमा, सर्पले टोकेकोमा, ज्वरो आउँदा, वान्ता रोक्न, हड्डी भाँचिएमा, खाना पचाउनका साथै गाइवस्तुलाई आउँ लाग्दा औषधीको रुपमा प्रयोग गरेको पाइन्छ ।

**संकलन समयः** कार्तिक-मंसिर महिनामा फल पाकेर बीउ झरी सक्ने हुनाले यस समयमा संकलन गर्नका लागि उपयुक्त हुन्छ । सतुवाको बिरुवा लगाएको ३ देखि ५ वर्षमा संकलनयोग्य हुन्छ ।

**उत्पादन र बजारः** सतुवाको उत्पादन प्राकृतिक वासस्थानका साथै थोरै मात्रामा खेतीबाट पनि भएको पाइन्छ । नेपालका विभिन्न पहाडी जिल्लाहरू जस्तैः इलाम, मनाङ, संखुवासभा, रसुवा, गोरखा, कास्की, भोजपुर, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक आदि जिल्लाहरूका पहाडी क्षेत्रमा खेतीबाट उत्पादन भएको पाइन्छ । सतुवा अन्तर्राष्ट्रिय बजारमा माग रहेको महत्वपूर्ण जडीबुटी हो । भन्सार विभागको ९ वर्ष (२०७३/०७४-०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार यसको निर्यातमा उतार चढाव देखिन्छ । आ.व. २०७३/०७४ देखि आ.व. २०७५/०७६ सम्म हरेक वर्ष वृद्धि भएको देखिन्छ तर त्यसपछिको आ.व.हरूमा भने धेरै नै उतार चढाव देखिन्छ । आ.व. २०८०/०८१ बाट यसको निर्यात निकै न्यून परिमाणमा रहेको देखिन्छ । नेपालबाट औसतमा लगभग ३.५ करोड रुपैयाँ बराबरको ५० टन प्रति वर्ष निर्यात भएको देखिन्छ । हाल यसको बजार मूल्य प्रति किलो रु. १००० रहेको देखिन्छ ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले सतुवालाई आर्थिक विकासका लागि र खेती प्रविधि अनुसन्धानका लागि प्राथमिकतामा राखेको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम सतुवाको काण्डको राजश्व दस्तुर प्रतिकिलो रु. ५० तोकिएको छ ।

## २१. सातगाँठे/जिन्सेंग

वैज्ञानिक नाम : *Panax pseudoginseng* Wall.
स्थानीय नाम : सातगाँठे, मँगन
नेपाली नाम : सातगाँठे
अंग्रेजी नाम : Himalayan ginseng, Nepali ginseng, Pseudoginseng
व्यापारिक नाम : हिमालयन जिन्सेंग, सातगाँठे
वैज्ञानिक परिवार : Araliaceae



जिन्सेंगको बिरुवा



जिन्सेंगको काण्ड सहितको बिरुवा



जिन्सेंगको सुकेको काण्ड

**परिचयः** सातगाँठे/जिन्सेंग एक शाकीय प्रकृतिको ५० से.मी.सम्म अग्लो हुने बहुवर्षीय वनस्पति हो। यसका जरा खैरा रङ्गका र धेरै गाँठा-गाँठा परेका हुनाले यसलाई सातगाँठे भनिन्छ। यसका संयुक्त पातहरू लामो भेट्नु भएका, हत्केला आकारका, ५-७ वटासम्म पत्रक (leaflet) भएका हुन्छन्। बिरुवाको टुप्पोमा हल्का-पहेंला-हरिया फूलहरू झुप्पामा फुलेका हुन्छन्। फूलहरू असारदेखि भदौसम्म फुल्दछन् भने फल असोजदेखि कार्तिकसम्म पाक्दछ।

**फैलावटः** सातगाँठे चीनको तिब्बती पठार, भुटान, असम-म्यानमारमा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा २,१०० मी. देखि ४,२०० मी. सम्मको उचाईमा रिपोर्ट भएको पाइएको छ। यो प्रजाति पश्चिम नेपालमा भन्दा मध्य र पूर्व नेपालमा बढी मात्रामा पाइन्छ।



**उपयोगिता:** सातगाँठे/जिन्सेंगको जरा मुख्यतया शक्तिवर्धक, रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन र मानसिक तनाव कम गर्न प्रयोग गरिन्छ। यसको जरा केही स्वदेशी आयुर्वेदिक उद्योगहरूले औषधी बनाउन प्रयोग गर्नुका साथै विदेश निर्यात हुँदै आएको छ।

**संकलन समय:** सातगाँठे/जिन्सेंगको फल मंसिरसम्म पाकेर झर्छ र त्यसपछि यसका जरा संकलन गर्न उपयुक्त हुन्छ। बिरुवा उम्रेको ६ देखि ७ वर्षमा उत्पादन लिन सकिन्छ।

**उत्पादन र बजार:** सातगाँठे/जिन्सेंगको उत्पादन हालसम्म वनक्षेत्रबाट मात्र भएको पाइन्छ। नेपालका सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, इलाम, दोलखा, रसुवा आदि पहाडी जिल्लाहरूका वनबाट यसको जरा संकलन गरेको पाइन्छ। यी जिल्लाहरूबाट बर्सेनि सयौं टन सातगाँठे/जिन्सेंग निर्यात भएको देखिन्छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार नेपालबाट औसतमा १.५ करोड रुपैयाँ बराबरको सातगाँठे/जिन्सेंगको जरा ४३ टन प्रति वर्ष निर्यात गरेको देखिन्छ। हाल यसको जराको बजार मूल्य रु. १,००० देखि रु. ३,००० सम्म रहेको देखिन्छ।



स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले यस वनस्पतिलाई हालसम्म कुनै पनि संरक्षण सूचीमा राखेको छैन्। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम सातगाँठेको जराको राजश्व दस्तुर प्रतिकिलो रु. ५० तोकिएको छ।

## २२. सुगन्धकोकिला

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Cinnamomum glanduliferum* (Wall.) Meisn. |
| स्थानीय नाम | : | मलायागिरी, मालागिरी |
| नेपाली नाम | : | सुगन्धकोकिला, मालागिरी, मालागेडी |
| अंग्रेजी नाम | : | Nepali sassafras |
| व्यापारिक नाम | : | सुगन्धकोकिला, मालागिरी, Cinnamon Berry |
| वैज्ञानिक परिवार | : | Lauraceae |



सुगन्धकोकिलाको सुगन्धित तेल



सुगन्धकोकिलाको रुख



सुगन्धकोकिलाको फल



सुगन्धकोकिलाको मार्क

**परिचयः** नेपालमा दुईवटा प्रजाति (*Cinnamomum glanduliferum* र *Cinnamomum tenuipile*) लाई सुगन्धकोकिला नाम दिइएको पाइन्छ। *Cinnamomum glanduliferum* १५-२५ मि.सम्म अग्लो र बढीमा २ मिटरसम्म मोटाई हुने सदावहार रुख हो। यसका पातहरू करिब १०-१५ से.मी.सम्म लम्बाई र ७-१० से.मी.सम्म चौडाई भएका अन्डवृत्ताकार वा भालाकारका हुन्छन्। हाँगाको टुप्पो-टुप्पोमा स-साना सेता वा फिक्का पहेँला फूलहरू जेठ असारमा फुल्छन् भने कार्तिक मंसिरमा फल पाक्दछन्। पाकेका फल जामुन जस्ता काला देखिन्छन्। फलको बोक्रा बाक्लो र सुगन्धित हुन्छ।

**फैलावटः** सुगन्धकोकिला पूर्व हिमालय, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक अवस्थामा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा ७०० मी.देखि २,६०० मी.सम्मको उचाईका सेपिला स्थान र खोला खोल्सीमा रिपोर्ट भएको पाइए तापनि यो

प्रजाति लुम्बिनी र कर्णाली प्रदेशका विशेष गरी दाङ, रोल्पा र सल्यान जिल्लामा प्रशस्त मात्रामा पाइन्छ ।




**उपयोगिताः** सुगन्धकोकिलाको फलको बोक्रा, काठ र काठको बोक्रा मुख्य उपयोगी भागहरू हुन् । फलको बोक्राबाट सुगन्धित तेल निकालिन्छ । सुगन्धित तेल विभिन्न प्रकारका सुगन्धित सामग्रीहरू, सौन्दर्य प्रसाधनका सामानहरू जस्तैः क्रिम, सुगन्धित साबुन, अत्तर आदि बनाउन प्रयोग गरिन्छ । तेल निकालेर बाँकी रहेको छोक्रा सिन्केधूप बनाउन प्रयोग गरिन्छ । आयुर्वेदिय चिकित्सा पद्धतिमा पनि यसको सुगन्धित तेल, काठ र बोक्रा औषधीको रुपमा प्रयोग गरिन्छ । यसको सुगन्धित तेल र छोक्रा (marc) विदेश निर्यात हुन्छ । यसको काठ हलो, जुवा तथा फर्निचर आदि निर्माणका लागि अत्यन्तै उपयोगी र मूल्यवान् मानिन्छ ।

**संकलन समयः** सुगन्धकोकिलाको फल मंसिरमा कालो रङ्गको भएपछि तेलको मात्रा बढी हुने भएकोले उक्त समयमा संकलन गर्न उपयुक्त हुन्छ । बिरुवा लगाएको ५ देखि ७ वर्षमा उत्पादन लिन सकिन्छ ।

**उत्पादन र बजारः** सुगन्धकोकिलाको उत्पादन जंगलबाट र थोरै मात्रामा निजी जमिनबाट पनि भएको पाइन्छ । दाङ, रोल्पा, सल्यान जिल्लाहरू सुगन्धकोकिला उत्पादनका पकेट क्षेत्र मानिन्छन् । यी जिल्लाहरूबाट बर्सेनि सयौं टन सुगन्धकोकिला निर्यात भएको देखिन्छ । भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार सुगन्धकोकिलाको फलको बोक्राको तेल निकाले पछिको छोक्रा (marc) नेपालबाट औसतमा ७५ लाख रुपैयाँ बराबरको ५४ टन छोक्रा प्रति वर्ष निर्यात गरेको देखिन्छ । हाल सुगन्धकोकिलाको फलको बजार मूल्य रु. ४५० रहेको देखिन्छ ।




स्रोतः भन्सार विभाग

**संरक्षणको अवस्थाः** नेपाल सरकारले सुगन्धकोकिलालाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ । वन ऐन, २०७६ को दफा ७७ बमोजिम प्रशोधन नगरी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ । नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम सुगन्धकोकिलाको फलको राजश्व दस्तुर प्रतिकिलो रु. १५ तोकिएको छ ।

## २३. सुगन्धवाल

वैज्ञानिक नाम : *Valeriana jatamansi* Jones ex Roxb.
स्थानीय नाम : समायो, सिमजडी, कानपाते
नेपाली नाम : सुगन्धवाल, नक्कली जटामसी
अंग्रेजी नाम : Valerian
व्यापारिक नाम : सुगन्धवाल
वानस्पतिक परिवार : Caprifoliaceae



सुगन्धवालको बिरुवा



काण्ड सहितको सुगन्धवालको बिरुवा



सुगन्धवालको ताजा काण्ड



सुगन्धवालको तेल

**परिचयः** सुगन्धवाल करिब ४५-५० से.मी.सम्म अग्लो हुने बहुबर्षीय शाकीय प्रकृतिको वनस्पति हो । यसको जरा र जमिनमुनिको काण्ड वास्नादार हुन्छ । तेर्सो (horizontal) भएर जमिनमुनि रहने काण्ड ४.५ से.मी. लामो र २ से.मी.सम्म मोटो हुन्छ । जसबाट मसिना जराहरू निस्केका हुन्छन् । जमिनमुनिको काण्डबाट डाँठहरू पलाएको हुन्छ । फेदतिरको पात लामो भेट्नो भएको मुटु आकारको र किनारा दाँती परेको हुन्छ । यसका फूलहरू साना र सेता हुन्छन् भने रौंहरूले ढाकिएका फलहरू खैरा, मसिना, २.४ मी.मी. लामा र १ मी.मी. चौडा हुन्छन् । हावापानी अनुसार फूल फाल्गुन-वैशाखसम्म फुल्छ भने फल वैशाख-जेठसम्म लाग्दछ ।




**फैलावटः** सुगन्धवाल पश्चिम हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, पूर्वी एसिया, दक्षिण-पूर्वी एसिया र दक्षिण-पश्चिम एसियामा प्राकृतिक रुपमा पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,५०० मी.देखि ३,३०० मी.सम्मको उचाईमा उत्तरतिर फर्केको सेपिलो र ओसिलो क्षेत्रका पाखाहरूमा पाइन्छ । यो मयल,

लालीगुराँस, काफल, अंगेरी, उत्तिस भएको मिश्रित वन भएको क्षेत्रमा प्राकृतिक अवस्थामा पाइन्छ। नेपालका दार्चुला, हुम्ला, बझाङ, बाजुरा, मुगु, जुम्ला, जाजरकोट, मनाङ, बागलुङ, म्याग्दी, लमजुङ, गोरखा, कास्की, नुवाकोट, धादिङ, मकवानपुर, काभ्रेपलाञ्चोक, रसुवा, दोलखा, सिन्धुपाल्चोक, खोटाङ, संखुवासभा, तेह्रथुम, ताप्लेजुङ, पाँचथर, इलाम लगायतका ५५ जिल्लाका पहाडी क्षेत्रबाट सुगन्धवाल रिपोर्ट भएको छ।

**उपयोगिता:** सुगन्धवाल जरा र जमिनमुनिको काण्ड मुख्य उपयोगी भागहरू हुन् । यसको जरा र काण्ड प्रशोधन गरी निकालिएको सुगन्धित तेललाई अत्तर, स्याम्पु र सुगन्धित साबुन जस्ता सौन्दर्य प्रसाधनका सामग्रीहरू बनाउन प्रयोग गरिन्छ भने छोक्रा (marc) लाई सिन्केधूप बनाउनमा उपयोग गरिन्छ। आयुर्वेदिय चिकित्सा पद्धतिमा यसको पुरै बिरुवा र जरा हैजा, पेट दुखेको, मुर्छा परेको, ग्याष्ट्रिक, मानसिक रोग, उच्च रक्तचाप, छारे रोग, टाउको दुखेको, आँखा पाकेको निको पार्न औषधीको रुपमा प्रयोग गरिन्छ। सुगन्धित तेल र छोक्रा (marc) विदेश निर्यात गरिन्छ।

**संकलन समय:** कार्तिक-मंसिर महिनामा फेदका पातहरू सुक्दछन् र परिपक्व बीउ पनि झरिसक्दछन्। त्यसपछि जमिनमुनिको काण्ड संकलन गर्नका लागि उपयुक्त हुन्छ। खेती गरिएका बिरुवाबाट दुई वर्षपछि उत्पादन लिन सकिन्छ।

**उत्पादन र बजार:** सुगन्धवालको उत्पादन वन क्षेत्रबाट मात्र भएको पाइन्छ। यो दार्चुला, बैतडी, बझाङ, मुगु, जुम्ला, बाजुरा, दैलेख, बाग्लुङ र रसुवा जिल्लाहरूमा प्रशस्त पाइन्छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२)को निर्यात तथ्याङ्क अनुसार नेपालबाट सुगन्धवालको छोक्रा (marc) औसतमा लगभग रु. ६२ लाख रुपैयाँ बराबरको ४५ टन प्रति वर्ष निर्यात भएको देखिन्छ। हाल सुगन्धवालको जमिनमुनिको काण्डको बजार मूल्य प्रति किलो रु. ७०० रहेको देखिन्छ।




स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारले सुगन्धवाललाई आर्थिक विकासका लागि प्राथमिकतामा राखेको छ। वन ऐन, २०७६ को दफा ७७ बमोजिम प्रशोधन नगरी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ। नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम सुगन्धवालको जमिनमुनिको काण्डको राजश्व दस्तुर प्रतिकिलो रु. २५ तोकिएको छ।

## २४. सेतकचिनी

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Polygonatum* spp. |
| स्थानीय नाम | : | खिरौँला, खिरौँले, सेतकचिनी, सेतोचिनी, केरुवा |
| नेपाली नाम | : | सेतकचिनी, खिरौँले, खिरौँला |
| अंग्रेजी नाम | : | Solomon’s seal |
| व्यापारिक नाम | : | सेतकचिनी |
| वानस्पतिक परिवार | : | Asparagaceae |



सेतकचिनीको बिरुवा



सेतकचिनीको काण्ड



उसिनेर सुकाएको सेतकचिनीको काण्ड

**परिचय:** स्थानीय भाषामा खिरौँला, खिरौँलो, सेतोचिनी भनिने सेतकचिनी Asparagaceae वानस्पतिक परिवार अन्तर्गतको *Polygonatum* जातिको वनस्पति हो । नेपालमा यस जाति अन्तर्गत १२ वटा प्रजातिहरू पाइन्छन् । *Polygonatum* प्रजाति शाकीय वर्गका बहुवर्षीय वनस्पति हुन् । यी वनस्पतिहरू १५ से.मी.-२ मी.सम्म अग्ला हुन्छन् र काण्ड (rhizome) गाँठा-गाँठा परेको लाम्चो आकृतिको जमिनमुनि फैलिएको हुन्छ । डाँठको आँख्लाबाट ३-८ वटासम्म पातहरू निस्केका हुन्छन् । फूलहरू सेतो-प्याजी-बैजनी-रातो रङ्का झुप्पाझुप्पामा लाग्दछन् । हावापानी अनुसार चैत्र-असारसम्म फूल फुल्छ र फल भदौ-कार्तिकसम्म परिपक्व हुन्छ ।

**फैलावट:** नेपालमा पाइने सेतकचिनीका प्रजातिहरू पश्चिम हिमालय, पूर्व हिमालय, तिब्बती पठार, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको पाइन्छ भने नेपालको पूर्वदेखि पश्चिम भेगमा १,२०० मी.देखि ५,००० मी.सम्म करिब ३४ वटा जिल्लामा मध्य-पहाडदेखि हिमाली क्षेत्रमा पाइन्छ । सुदूरपश्चिचम प्रदेशमा ३ प्रजातिका, कर्णाली प्रदेशमा ६ प्रजातिका, गण्डकी प्रदेश र बागमती प्रदेशमा १०/१० वटा प्रजातिका र कोशी



प्रदेशमा ८ प्रजातिका सेतकचिनी पाइन्छन्। जुम्ला, डोल्पा, मुगु, मुस्ताङ म्याग्दी आदि जिल्लाहरूमा सेतकचिनी बढी मात्रामा पाइन्छ।

**उपयोगिता:** नेपालमा पाइने *Polygonatum cirrhifolium* र *Polygonatum verticillatum* प्रजातिका वनस्पतिको जमिनमुनिको काण्ड विभिन्न किसिमका उपचार पद्धतिमा प्रयोग भएको पाइए तापनि, हाल सेतकचिनीका सबै प्रजातिका काण्डको बजारमा उच्च माग रहेको देखिन्छ। यसको जमिनमुनिको काण्डलाई विशेषगरी शक्तिवर्धकका साथै छालाको रोग, क्षयरोग र मिर्गौला सम्बन्धी रोगको उपचारमा औषधिको रूपमा प्रयोग गरेको पाइन्छ। सेतकचिनी (*Polygonatum* spp.) प्रजातिका कलिला मुनाहरू तरकारीको रुपमा प्रयोग गरिन्छ।

**संकलन समय:** कार्तिक-मंसिर महिनामा फल पाकेर बीउ झरी सक्ने हुनाले जमिनमुनिको काण्ड यस समयमा संकलन गर्नका लागि उपयुक्त हुन्छ।

**उत्पादन र बजार:** सेतकचिनीको उत्पादन प्राकृतिक वासस्थानबाट मात्र भएको पाइन्छ। नेपालका बझाङ, डोटी, बैतडी, डडेल्धुरा, बाजुरा, जुम्ला, डोल्पा, मनाङ, म्याग्दी, मुगु, संखुवासभा, रसुवा, गोरखा, कास्की, रामेछाप, दोलखा लगायतका जिल्लाका पहाडी क्षेत्रहरूमा उत्पादन भएको पाइन्छ। केही वर्षयता अन्तर्राष्ट्रिय बजारमा सेतकचिनीको उच्च माग रहेको देखिन्छ। भन्सार विभागको ९ वर्ष (२०७३/०७४-२०८१/०८२) को निर्यात तथ्याङ्क अनुसार सेतकचिनी आ.व. २०७५/७६ मा सबैभन्दा बढी परिमाण (करिब २,००० टन) र सबैभन्दा कम आ.व. २०८१/८२ मा (करिब २२ टन) परिमाण निर्यात भएको देखिन्छ। आ.व. २०७९/८० बाट अघिल्लो वर्षको तुलनामा निर्यात परिमाण घट्दै गइरहेको देखिन्छ। नेपालबाट औसतमा लगभग २५ करोड रुपैयाँ बराबरको १,००० टन प्रति वर्ष सेतकचिनी निर्यात भएको देखिन्छ। हाल सेतकचिनीको बजार मूल्य प्रति किलो रु. ३०० देखि ५०० सम्म रहेको देखिन्छ।



स्रोत: भन्सार विभाग

**संरक्षणको अवस्था:** नेपाल सरकारद्वारा वन नियमावली, २०७९ बमोजिम सेतकचिनीको जराको राजश्व दस्तुर प्रतिकिलो रु. २५/- तोकिएको छ।

# २५. हर्रो

| | | |
|---|---|---|
| वैज्ञानिक नाम | : | *Terminalia chebula* Retz. |
| स्थानीय नाम | : | हर्रो, हराई |
| नेपाली नाम | : | हर्रो |
| अंग्रेजी नाम | : | Chebulic myrobalan, Black myrobalan |
| व्यापारिक नाम | : | हर्रो, हर्रा |
| वैज्ञानिक परिवार | : | Combretaceae |


© R.K.Bhandari

हर्रोको रुख




हर्रोको फलको बोक्रा




हर्रोको फल

**परिचय:** हर्रो २५ मिटरसम्म अग्लो हुने रुख वर्गको पतझड वनस्पति हो । यसको बोक्रा तलदेखि माथिसम्म सीधा चिरा चिरा परेको कालो/खैरो रङ्गको हुन्छ । यसका पातहरू करिब ७-२० से.मी.सम्म लामा र ४-८ से.मी.सम्म चौडा, अण्डाकार, किनारा सिधा र सानो भेट्नो भएका हुन्छन् । फूल सानो सेतो वा हल्का पहेँलो रङ्गका हुन्छन् र हाँगाको टुप्पोमा लहरेदार डाँठमा वरिपरि मिलेर रहेका हुन्छन् । फलहरू ४ से.मी.सम्म लामा, अण्डाकारका तर सुकिसकेपछि अलि चाउरी परेका र पाँचवटा रेखाहरू स्पष्ट देखिन्छन् । फूलहरू चैत्र-वैशाखमा फुल्छन् भने फल माघसम्ममा पाक्दछन् । फल काँचोमा हरियो हुन्छ र पाकेपछि गाढा पहेँलो रङ्गका देखिन्छन् ।



**फैलावटः** हर्रो पश्चिमी हिमालय, पूर्वी हिमालय, असम-म्यानमार, दक्षिण एसिया, पूर्वी एसिया र दक्षिणपूर्वी एसियामा प्राकृतिक रुपमा फैलिएको छ भने नेपालको पूर्वदेखि पश्चिमसम्म तराईदेखि १,५०० मी. सम्मको उचाईमा रिपोर्ट भएको पाइन्छ ।

**उपयोगिताः** हर्रोको फल विभिन्न आयुर्वेदिक र घरायसी औषधीको रुपमा प्रयोग गरेको पाइन्छ भने फल व्यापारिक प्रयोजनका लागि उपयोग गरिन्छ । हर्रोको फल त्रिफलाको एउटा अवयव हो । फलको धूलो कब्जियत सफा गर्नमा उपयोगी मानिन्छ । पकाएको फलको रस गिजाबाट रगत आउने र गिजा सम्बन्धी अन्य रोगमा प्रयोग गरिनुका साथै भुटेको वा पोलेको फल खोकी वा कफ निको गर्नमा प्रयोग गरिन्छ । यसको फलमा पाइने tannin लाई छाला उद्योगहरूले छाला प्रशोधन गर्न, लामो समयसम्म खप्ने बनाउनका साथै रङ्गमा चमक ल्याउन प्रयोग गरेको पाइन्छ ।

**संकलन समयः** यसको वासस्थान अनुसार आश्विन महिनादेखि पौस महिनासम्म फल संकलन गरिन्छ । बिरुवा रोपेको करिब १० वर्षमा फलको उत्पादन लिन सकिन्छ ।

